विश्वशान्तिमार्गप्रदर्शिका एवं वीराङ्गना

अध्यक्ष उमा

(एक काल्पनिक उपन्यास)

पूर्णप्रसाद ब्राह्मण

২.৩ কি

[illegible]

১৩৪ [illegible]

৩০।৩।১৯৯৬

विश्वशान्तिमार्गप्रदर्शिका एवं. वीराङ्गना

अध्यक्ष उमा

(एक काल्पनिक उपन्यास)

पूर्णप्रसाद ब्राह्मण

र्णप्रसाद ब्राह्मण
४ मार्ग

दप्रिन्टर्स, त्यौडटोल, काठमाडौं

समर्पण

शक्ति, बुद्धि तिमी नै हौ, दिइथ्यौ जुन चिन्तन
जगदम्बा ! त्यही तिम्रो पाउमा गर्छु अर्पण !
तिम्रै सन्तान जुध्दै छन्, विश्वमा यो अशान्ति छ
आमा! लौ शान्तिको निति गर, जे गर्नुपर्दछ!

— *लेखक*

भूमिका

मलाई गर्व छ–" विश्वशान्ति, राष्ट्रिय समृद्धि तथा महिला आदर्शरक्षा यी तीन लक्ष्यको निमित्त जीवनभर आफूलाई उत्सर्ग गरेर शोचनीय तर ऐतिहासिक जीवित मृत्यु प्राप्त गरेकी मेरो उपन्यासकी नायिका उमाजस्ती विश्वशान्तिप्रिया वीराङ्गनालाई, "यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत्क्वचित्" भनेर गर्व गर्ने र त्यत्रो महाभारत लेख्ने वेदव्यासले पनि विश्वसमक्ष उभ्याउन सकेका थिएनन्। मैले उभ्याएं ।

यस उपन्यासको उमा द्रौपदी जस्तो यज्ञवेदीबाट उत्पन्न भएकी होइनन् । उनी साधारण निम्नमध्यवित्त परिवारमा जन्मेकी हुन्। द्रौपदीलाई जस्तो कुनै पनि अलौकिक घटना जोडेर कसैले उनलाई विशिष्ट तुल्याउनुपरेको पनि छैन ! आफ्ना निष्काम, निरीह, पवित्र त्यागपूर्ण र आदर्श सेवाकार्यहरूबाट नै उनको जीवनस्तर स्वतः विशिष्ट हुन पुगेको हो ।

न वंशको धाक, न कुनै राजनीतिक शक्तिको, न असाधारण विद्वत्ताको, न संपत्तिको ! हृदयमा कपट र स्वार्थभावना नराखेर देशसेवाको संकल्प लिएर सक्रिय पनि भइरहन सक्छभने त्यस व्यक्तिले कल्पनातीत, आशातीत ठूलठूलै काम गर्न सक्तो रहेछ भन्ने कुराको एक ज्वलन्त दृष्टान्त नै उमाको जीवन हो । उनको जीवनमा सेवाको कुनै नाटकीय प्रदर्शन थिएन, अहंभाव थिएन, न त नानाथरिका

अर्थलुब्ध विद्वान लेखक भाटहरू लगाएर आफ्नो स्तुति र प्रशंसा गराउने क्षुद्र महत्त्वाकांक्षा नै उनमा थियो । तैपनि विश्वभरि नै जस्तो ख्याति र प्रतिष्ठा अर्जन गरेर निश्छल समाजसेवाको महिमा, गरिमा र प्रभाव कस्तो हुन्छ भन्ने कुरा स्वयं उदाहरण भएर विश्व-समक्ष उभिएर उनले देखाइदिइन् । विश्वका महिलाहरूले उमाको यो आदर्श सिक्नुपर्छ । यसनिमित्ति बीस वर्षमाथिका र पचास वर्षमुनिका विश्वका समस्त महिलाहरूले उमाको यो जीवनी अर्थात् इतिहास पढ्नैपर्छ र साथै आफ्नो जीवनदर्शन स्थिर गर्नको लागि उनीहरूले यो पनि बुझ्नुपर्छ कि–उमाको मृत्युको घटना शोषण र संग्रहको पिशाच भावना बोकेको अनुदार संस्कारको समाजमा भइरहने ज्यादै अविस्मयकारी र ज्यादै स्वाभाविक घटना हो । यस्तो समाजमा निश्छल एवं अनासक्त भएर देश, समाज र विश्वको निमित्त कसैले ठोस कुनै उदात्त कार्यको प्रारंभ गर्छभने त्यसको वरिपरि सदा मृत्यु घुमेर ग्रास गर्ने मौका हेरिरहेको हुन्छ । यसमा कुनै शङ्का छैन र विश्ववन्द्य म. क्राइष्ट, विश्ववन्द्य म. गान्धीजस्ता महामानवहरू यस विचारका मूर्त दृष्टान्त हुन् । तर कुनै पनि प्रतिकारी दण्ड वा यातना दिएर– "अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च !"–यस्ता आदर्शलाई अर्थात् निष्काम क्रान्तिकारी भावनालाई मार्न, मुठार्न सकिँदैन। यस कुरालाई विश्वइतिहासले नै प्रमाणित गरिदिसकेको छ । केबल उपयुक्त र पर्याप्त प्रचारप्रसारको मात्र आवश्यकता छ । आंशिक रूपमै किन नहोस् ! यस आवश्यकताको पूर्तिको निमित्त र खास गरी निम्नाङ्कित दुई उद्देश्यको पूर्तिको निमित्त नै अन्त:करणले मलाई यो उपन्यास लेखन प्रेरित गरेको हो ।

पहिलो उद्देश्य– विश्वका महिलाहरूलाई त्याग, उत्सर्ग, प्रेम, स्नेह र वात्सल्यपूर्ण क्रियाकलापहरूद्वारा आफ्नो आदर्श र मान्यता कायम गर्न सक्ने, सीता र उर्मिला जस्ता आदर्श पत्नी बन्न सक्ने र घर घरमा सुख, शान्ति र सन्तोषको लहर फैलाउन सक्ने बन्नको लागि वैदिक संस्कृतिको आदर्शअनुसारको पवित्र

भावना र चरित्र बनाउन निर्देशन दिने,

दोस्रो उद्देश्य– बाहिर निरस्त्रीकरण र विश्वशान्तिको आकाङ्क्षा देखाइटोपल्ने, भिन्न भिन्न व्यवहारमाचाहिं सार्वभौम आर्थिक, वैचारिक, सैद्धान्तिक साम्राज्य विस्तारको कुत्सित चालबाजी गरेर शक्तिशाली संहारक शस्त्रास्त्रनिर्माणको प्रतिस्पर्धानुरूप काम गरिरहने शक्तिराष्ट्रहरूका संचालक युद्धप्रिय रक्तपिपासु अधिनायक पुरुषतत्त्वहरू र भिन्न भिन्न राष्ट्रको यच्चयावत् संपत्तिमा एकाधिकारको क्रूर पन्जा गाड्ने बाहिरचाहिं राष्ट्रको विकास र समृद्धिको निम्ति चिन्ताव्याकुल अभिनय प्रदर्शित गर्ने राष्ट्र राष्ट्रका अनुदार अर्थपिशाच प्रशासक, विधायक पुरुषतत्वहरूको दानवीय मनोवृत्ति र चरित्रको विरुद्ध करुणाका सजीव मूर्ति, विश्वमानव मात्रका स्नेहवात्सल्यमयी माता महिला जातिलाई विश्वशान्ति, राष्ट्रिय समृद्धि र महिला जातिको पुनरुत्थानको लागि पुनः आत्मस्मृतिसंपन्न, जागरूक र संघर्षशील बनाउने ।

किञ्च– "विश्वकै महिलाहरूलाई यो नयाँ चेतना दिने उद्देश्य कसरी सफल हुन सक्ला ?"– यस्तो प्रश्न धेरैले मसंग गरे। सबैलाई मैले यही जवाफ दिएं र दिंदै पनि छु ।

"उत्पत्स्यतेऽस्ति मम कोऽपि समानधर्मा
कालो ह्ययं निरवधिर्विपुला च पृथ्वी

–महाकवि भवभूति

अर्थात्– 'कालको सीमा छैन । पृथ्वी पनि ज्यादै विशाल छन्। मेरो जस्तै विचार र आकांक्षा राख्ने व्यक्ति पनि अहिल्यै पनि कहीं जन्मी, हुर्किसकेका हुन सक्छन, र भविष्यमा जन्मन पनि सक्छन्' भने जस्तै अहिले नै अथवा भविष्यमा एउटा कुनै उदार, विवेकी, विश्वशान्तिप्रिय, गुणग्राही व्यक्ति निस्केर यस उपन्यासलाई विदेशी भाषाहरूमा रूपान्तर गर्न, गराउन आवश्यक सहायता देला, ती रूपान्तरित पुस्तकहरू विश्वका धेरै राष्ट्रहरूमा पुग्लान्, त्यो देखेपछि विश्वका कुनै न कुनै संपन्ना, शक्तिशालिनी, विश्वशान्तिप्रिया उदार महिला-

हरूले यस उपन्यासको निर्देशनअनुसारको 'अन्तर्राष्ट्रिय स्वयंसेविकासङ्घ' खोल्लान्, विश्वभरका विश्वशान्तिप्रिय जाग्रत महिलाहरूले त्यसलाई सहयोग पनि देलान् र मेरो लक्ष्य भविष्यको कुनै न कुनै दिन पूरा होला। नभई सुख पनि छैन। किनभने विश्वशान्तिको निमित्त उमाको अर्थात आर्षचेतनाको मार्गसिवाय अर्को मार्ग छैन र यो मार्ग नलिने होभने छिटै नै यो विश्व शाश्वत युद्धसंघर्षको, ध्वंसको, रक्तरञ्जित बाटोमा, जस्तो अहिले जाँदै छ, तेजोका साथै अझ पनि जानेछ। त्यसैले यो मार्गबाट अवश्य पनि विश्वशान्तिको लक्ष्य पूरा भइछोड्नेछ भन्ने मलाई विश्वास छ। यही सुखद स्वप्न र आशाले मलाई भित्र आश्वस्त तुल्याइरहेको छ। यो उपन्यास नेपालीमा मात्र यति प्रकाशित हुंदा पनि मैले आफूलाई सयमा पच्चीस पैसा सफल भएको ठानिसकेको छु। किन कि पूर्वमीमांसक दार्शनिकहरूले भनेजस्तो लक्ष्यपूर्तिको परमापूर्वसिद्धिको लागि संचित हुदै जाने यो यति काम पनि एक अपूर्व नै हो, आंशिक सफलता नै हो।

यस सफलताको निमित्त श्री वैकुण्ठ प्रसाद श्रेष्ठ, व्यवस्थापक प्रसादप्रिन्टर्सलाई म कृतज्ञतापूर्ण धन्यवाद दिन्छु, साथै वहांको अभिन्न आत्मा बलरामजी, संपादक नेपालदर्पण– लाई पनि। किनकि वहांहरूको तदारुखताबाटै यो उपन्यास यसरी छापिने कोटीमा पुगेको हो। जयतु संस्कृतम्।

–लेखक

अध्यक्ष उमा

(१)

रामशाहपथबाट, बीचमा बाटो काटेर सिंहदरबारको उत्तरपट्टिको पर्खाललाई दाहिने पारेर कालिकास्थान निस्कने एउटा बाटो छ । रत्नराज्यक्याम्पसमा पढेर उमा सधैं बाँसको झ्याङ्ले शीतल प्रायः एक्लास त्यही बाटो भएर आफ्नो घर जाने गर्थिन् । उनको घर त्यहाँबाट दश-आठ मिनटको बाटो घट्टेकुलामा पर्थ्यो । यी सबै कुरा अघिदेखि थाहा पाइरहेकोले र त्यो दिन बी. ए. को मार्कसिट लिन उमा क्याम्पस-मा गएकी छिन् भन्ने कुराको पनि चर बुझेकोले चन्द्रकान्त त्यही बाँसको झ्याङ्नेर उभिएर उमाको प्रतीक्षा गरिरहेको थियो । उमा बी. ए. प्रथम श्रेणीमा उत्तीर्ण भएकी ! मार्कसिट लिएर प्रसन्नताका साथ त्यही बाटो आफ्नो घरतिर जान लागेकी थिइन् । चन्द्रकान्तलाई बाटोमा

उभिइरहेको देखेर- "कामातुराणो न भयं न लज्जा"- उमालाई घृण भयो र केही हाँसो पनि उठ्यो । नजीक आइपुगेपछि चन्द्रकान्तले एकान्तमा बाटो छेकेर भन्यो- "मैले तिमीलाई धेरै पटक अनुरोध ग उमा ! आज फेरि अन्तिम पटक अनुरोध गर्दै छु-" मलाई तिमी स्पष्टसं जवाफ देऊ-तिमी मसंग विवाह गर्छ्यौ कि गर्दिनौ ?"

उमले तीब्र आंखाले हेरेर क्षुब्ध मुखमुद्रामा भनिन्- "बाटो छोड, बेकारको काम म "

चन्द्रकान्तले भन्यो- "नरिसाऊ न, म तिमीलाई प्रेम गर्छु ।"

उमा- "म मूर्ख छैन । बुद्धि नभएको, किंकर्तव्यविमूढ व्यक्तिलाई पो रिस उठ्छ। मलाई त यस्तो उताउलो काम देख्दा घृणा मात्र लाग्छ, दुःख लाग्छ । त्यति को पढे को मानिसको यस्तो प्रवृत्ति देख्दा दया लाग्छ र भित्र हांसो उठ्छ, रिस उठ्तैन तर बुझ तिमी ! यस्ता वासना-मूलक स्वार्थी प्रेमका महत्व गाउने केटा न, केटी न, कवि न सबै पामर हुन् । आँखा चिम्लेर गहिरोसंग सोचून्- यिनको आफ्नै अन्तरात्माले यिनीहरूलाई गिज्याइरहेको हुन्छ ! म त्यस्ती चरित्रकी केटी होइन । कति पटक भनिसकें । अब फेरि कति पटक त्यही कुरालाई स्पष्ट गरिरहने ? मैले भन्नुपर्ने कुरा भनिसकेकी छु- तिमी मलाई प्रेम गर्छौ भने मेरो नैतिकता र चरित्रलाई प्रेम गरिदेऊ, ।"

चन्द्रकान्त- "के कुरा गरेको ? तिम्रै साथी मीनालाई निरञ्जनले प्रेम गर्थ्यो । उनीहरूको विवाह पनि भयो। त्यसो भए तिनीहरू पनि पामर भए त ? प्रेम गर्नु पामरको लक्षण हो ?"

उमा- "व्यक्तिगत त म कसैलाई केही भन्न चाहन्न तर त्यस्तो प्रेमलाई प्रेम भन्नु पनि पामरकै लक्षण हो। मलाई त्यो बाटो मन पर्दैन।

कुरा यत्ति हो।"

चन्द्रकान्त गत वर्ष त्रह्री रत्नराज्यलक्ष्मी क्याम्पसबाट बी.ए. पास गरिसकेको लडका हो । त्यसले अघि-अघि पनि कैयौं पटक एकान्त मौका पारेर, बाटो कुरेर यसै गरी उमालाई दिक्क पारिरहन्थ्यो तर यसभन्दा पहिले भेटमा उमाले उसलाई यसरी नै स्पष्ट भनिदिसकेकी थिइन्– "मसंग यस्ता कुरा मिल्दैन । मलाई अरु केटीहरु जस्ती उच्छृङ्खल, मर्यादाहीन, चरित्रहीन केटी सम्झन पर्दैन । मेरो पिताजीले जसलाई दिनुहुन्छ, राम्रो नराम्रो, लाटोबाठो, धनी गरीब मूर्ख बुद्धिमान् त्यो जस्तो होस् त्यसैकी सहधर्मचारिणी, अर्धाङ्गिनी भएर जीवनभर म बस्तछु । मेरो यही अठोट छ । यस कुराको निति मेरो पनि आफ्नो पनि समय नष्ट नगर्नें गर । म आफ्नो वशमा छैन । म आफ्ना सामाजिक साँस्कृतिक अनुशासन मर्यादा र परम्पराको वशमा छु । मैले नै छान्ने, रोज्ने भए धर्म सम्झेर पनि यस्तो तीव्र आग्रह र अनुरोधलाई अवश्य म ठुक्याउने थिइन । आइमाईको जातले माइती मै बसि रहने कुरा छैन । कही त जानै छ !"

यस पटक पनि त्यति भनेर चन्द्रकान्तबाट तर्केर उमा आफ्नो बाटो लागिन् । चन्द्रकान्त पनि अवाक भएर फर्कियो र आफ्नो घरतिर लाग्यो तर उसको मनमा धेरै कुरा खेल्न थाल्यो– "म कति मूर्ख मानिस ! हाम्रै क्लासको अर्जुन सिखडाले यही उमासंग एकोहोरो प्रेम र अनुरोध गर्दा-गर्दा उसको केही सीप लागेन । सबतिर जोडको हल्ला मात्र भयो । सबै साथीहरुले उसलाई गिज्याउदा मनमा तोडै परेर, लाजै लागेर पनि होला, सिखडाले क्याम्पसै छोड्यो । बरु अध्ययनलाई नै माया मान्यो । फेरि ऊ त्यत्रो करोडपतिको छोरो ! मभन्दा सय खण्ड

भरोसालाग्दो जिउडालको र रूपको ! त्यस्तासंग त नलहसिने यो केटी मसंग के देखेर लहसिन्थी ? उमा मानिस त साँच्चै अनुकरणीय चरित्र र स्वभावको आदर्श हिन्दू नारी नै हो । मेरो अनुरोधलाई स्वीकार नगरोस ! तैपनि मैंले यसका आदर्श गुणहरूको प्रशंसा त गर्नैपर्छ । प्रशंसा मात्र होइन, सच्चा मानिस बन्नु छ भने अनुकरण पनि गर्नैपर्छ यसको चरित्रको ।"

त्यसको एक-डेढ महीनापछि, कार्तिक ६ गते शनिवारको दिन थियो । उमाका पिताजी कोमलप्रसादजीले दुइ-तीन पत्र लेखेको कागत हातमा लिएर उमालाई भने–" नानी, संस्कृतमा शास्त्री, अंग्रेजीमा बी. ए. भएपछि अध्ययन पनि पुग्यो नै भन्नुपर्छ । संस्कृतमा शास्त्री गर्न नलागेकी भए यता एम्.ए. हुन्थिस् । भैगयो ती कुरा । अब तेरो विवाहको समय भयो । धेरैतिरबाट माग्न आइरहेका छन् । जो–जो आए तिनीहरूमध्ये आफ्नो मनले खाएकासात आठ केटाहरूको नाम, तिनीहरुको शैक्षिक योग्यता, आर्थिक स्थिति घरको चालचलन जे जति बुझेको छु, सब यही कागतमाटि देको छु । यो हेरेर जसलाई तँ रोज्छेस्, म त्यसैलाई दिन्छु । यो हेरेर, रोजेर आफ्नो निर्णय दे ।"

यति भनेर कोमलप्रसादजीले उमाको हातमा त्यो कागत दिन लागेका थिए, उमाले त्यो नलिएर घोसे मुन्टो लगाएर भनिन्– "म रोजिदन बुवा ! तपाइले जसलाई रोजेर दिनुहुन्छ, दिनुहोस् । मेरो मंजूरी हुन्छ ।"

कोमलप्रसाद– "होइन, होइन । मैंले भनेपछि तैंले रोज्न के भयो ? बरू छान्दा तेरो बुद्धि पुगेनछ भने तैंले रोजिसकेकोलाई पनि म खोट लगाउन सक्छु, नदिन सक्छु । मेरो कुरा त छदै छ नि ! ..."

उमाले अलि गाह्रो मानेर भनिन्– "फेरि मनले रोजिसकेपछि ...

होइन, बुवाले नै रोजेर दिनुहोस् न! मेरो मंजूरी हुन्छ।"

कोमलप्रसाद– "कस्ती मानिस रहिछे। मैले छान् भनिसके पछि, एउटै कुरा गरिरहन्छे!"

उमा–"लौ, करै लगाउनुहुन्छ भने ......"

यति भनेर उमा त्यो कागत लिएर आफ्नो कोठातिर पसिन्। त्यस कागतमा केटाहरुको विवरण यस प्रकारको थियो–

(१) धर्मप्रसाद निरौला

यो केटो एम.ए.पास छ। यसका बाबु कृष्ण प्रसाद निरौलाको इतिहास यस्तो छ– उनी पहाडबाट आएर अघि कुनै राणाको घरमा भान्से भएर काम गर्नें र पढ्ने गर्थें। त्यस्तो अवस्थाबाट उन्नति गर्दै-गर्दै उनी यस व्यवस्थामा मंत्रीसम्म पनि भए तर ज्यादा भ्रष्टाचारी भएकोले जनआवाजको कदर भएर उनी पदच्युत गरिए तर पनि धन यथेष्ट छ। घरको चालचलन आधुनिक छ। ब्राह्मणपरिवारको भईकन पनि उनी त मद्यपान पनि गर्छन्। छोराचाहि के गर्छन्, थाहा छैन।

(२) मेघनाथ चापागाइ

भूतपूर्व नारायणी अञ्चलाधीश शिवप्रसाद चापागाइ, जो त्यस बखतका अञ्चलाधीशहरुमध्येमा ज्यादै भ्रष्टाचारीको रूपमा प्रख्यात थिए र पुनर्गठनमा झिकिएका थिए उनैका यी छोरा हुन्। एम.ए. पास छन्। आर्थिक स्थितिको त चर्चै गर्नुपरेन। घरको चालचलनचाहिं पुरानै छ। घरमा भक्ष्याभक्ष्यको राम्रै विवेक छ।

३) रमावल्लभ पौडेल

यस केटाका बाबु धर्मानन्द पौडेल पुराना प्रवासीका सन्तान हुन्। घर कालिङ्गपोङ्ग हो। पछि यहाँ आएर उनले धर्म र संस्कृतिको प्रचारको

वहानामा कतिपय जिल्लाइलाकाका धनी मानी धर्मानुरागीहरूलाई ठगठाग पारेर जाग्रत् दुनियांको आँखामा द्रव्यपिशाचको रूपमा परिचित भएर उत्तरोत्तर गिर्दै गए तापनि पैसाचाहिं राम्रै कमाएका छन् । काठमाडौंमा नै दुई-तीनओटा घरहरू छन् । अहिले पनि उनको वृत्ति धर्मको नाममा त्यही ठगठागकै छ । रमावल्लभ यिनैको छोरो हो । एम्. ए. पास छ ।

(४) कृष्णहरि भट्टराई

सर्वोच्च अदालतका भू.पू. न्यायाधीश दिनेश भट्टराईको छोरो । कानूनवेत्ता र ज्यादै गुपचुपनीतिका व्यक्ति भएकाले यिनको आर्थिक स्थितिको बारे भन्न सकिन्न, भन्न पनि पर्दैन । घरको चालचलनको हकमा पुरानै छ । छोरो कृष्णहरिले एम्.ए. पास गरेको छ ।

(५) घननाथ सापकोटा

यो केटो ईञ्जिनीयरिङ्ग पास गरेर भर्खरै रुड्कीबाट आएको हो । यो प्रजातन्त्र-प्रजातन्त्र भने समाजमा दर्जा बढ्छ भन्ने धारणा भएको ज्यादैधनी तस्करव्यापारी प्रेमनाथ सापकोटाको छोरो हो ।

(६) वेदनाथ तिम्सिना

यो दर्बारको भू पू. सचिव निर्मलनाथको छोरो हो । यसले पनि एम् ए. पास गरेको छ । अहिले पी.एच्.डी.पनि गर्दै छ । संपत्तिको कुरै गर्नुपरेन । घरको चालचलन सबै नाटकीय छ ।

(७) चन्द्रकान्त शर्मा

यो रत्नराज्यक्याम्पसबाट बी. ए. पास गरेको लडका हो । यसको बाबु धर्मप्रसाद अधिकारी सात साल अघिदेखिका पुराना राजनीतिक पीडित हुन् । राष्ट्रभक्त, स्पष्टवक्ता, निर्भीक, कर्मयोगी

ा भएकाले सर्वत्र निकै राम्रो ख्याति छ तर घरको आर्थिक स्थिति भने अलि- अलि मात्र होइन, ज्यादै-ज्यादै नराम्रो छ । आयस्रोत अरू केही छैन । बिराटनगरको चार बिगाहा जमीनको ात्र भर छ । त्यसैले धर्मप्रसादलाई तपस्वी जीवनका मूर्त उदाहरण म्रे हुन्छ । आफ्ना केटाकेटीहरूको अध्ययनसम्म पनि तिनले कसरी चलाए होलान् भन्नुपर्छ । चन्द्रकान्तले एम्.ए. को निति अध्ययन प्रारंभ र्ने आँट नगरेकोमा पनि शायद यस्तै मर्म केही हुनुपर्छ ।"

उमाले ती केटाहरूको विवरणको कागत लिएको करीब दुई हप्ता भयो । केही जवाफ नपाउंदा कोमलप्रसादजीले आफ्नी श्रीमतीलाई भने-- "खै, यही मार्ग महीनामा दुई-चारओटा लगन थए। काम छिनिहालूं भनेको उमाले जवाफै दिइन । एक पटक तंआइदें न ! मैंले कार्तिक ६ गते लेखेर दिएको आज अट्ठार गते रइसक्यो ।'

त्यो सुनेपछि कोमलप्रसादकी श्रीमतीले छोरीलाई भनिन्- "बुवाले सनुभएको, त्यो लेखेर दिएको कागतको जबाफ किन नदिएकी रे ? दे छटो। मैले पनि कुरा बुझेकी छु। विचार पुऱ्याएर रोज्नु नि बाबै ! त्री, अञ्चलाधीश,सचिव कस्ता- कस्ताका छोरा छन् रे। छान्न- रोज्न दएको रहेछ। आफ्नो भाग्य आफै बना अब। सबभन्दा ठूलो कुरा अहिले- ो कालमा पैसा नै रहेछ। घरेलुको हाकिम भनेर के गर्नु ? बुवाले ैसा कमाउन नसक्दा हामीलाई कति गाह्रो छ बाबै ! विहान बेलुका हातमुख जोड्न पनि धौ-धौ परेको छ। अरू कुरा त गर्नै परेन। तीज आयो ऋण, दशैं आयो ऋण, श्राद्धसम्म टार्न पनि ऋण ! अरूले कारि- दा भएर पनि कत्रा-कत्रा घर बनाएर बहालमा राखेका छन् ! आफूलाई

पनि यस्तो नपरोस् । राम्रोसंग रोज वुद्धि पु-याईकन ।"

त्यो सुनेपछि उमाले तुरुन्त नै आमाको हातमा एउटा आफ्नो चिठीसमेत त्यो विवरणको कागत दिंदै भनिन्– "लौ यो दिनुहोस ।"

ज्यादै सत्यप्रतिज्ञ र धार्मिक स्वभावकी व्यक्ति भएकी हुनाले त्यो चिठी लेख्ता उनले चन्द्रकान्तसंग भनेको वाक्य संझेकी थिइन्-"मैले नै छान्ने-रोज्ने भए धर्म संझेर पनि यस्तो तीव्र आग्रह र अनुरोधलाई अवश्य म ठुक्याइदिने थिइन ।"

उमाकी आमाले उमाको चिठीसमेतको त्यो विवरणको कागत कोमलप्रासदको हातमा लगेर दिइन् । कोमलप्रसादले छोरीको चिठी खोलेर पढे–

पूज्य पिताजी,

हजुरको आग्रहपूर्ण आज्ञाले यो छान्ने धृष्टता गरेकीहूं । राष्ट्रिय कर्तव्य-हीन, द्रव्यपिशाच मंत्री,सचिव, अञ्चलाधीश, भ्रष्ट धर्माचार्य, न्यायाधीश सबैसंग जनताको घृणा छ । ओहदामा छंदा कामविशेषले केही मानिस यिनको पछि लागेहोलान् पनि तर तिनीहरू पनि श्रद्धाले पछि लागेका थिएनन् । कुकुरतिहारको दिन कुकुरको पनि पूजा हुन्छ। त्यो त्यस्तै हो। "काकोऽपि जीवति चिराय बलिं च भुङ्क्ते"–यस्ता बदनाम तत्त्वका सन्तानसंग मेरो विवाह नहोस् । पैसा भनेको यस्तै द्रव्यपिशाच तस्करवृत्तिका मानिसहरूसंग भइरहने कुरा हो, भईरहोस् । म धनको निमित्त त्यस्ता जननिन्दित तत्वसंग सम्बन्ध जोड्नु आफ्नो चेतनाको अपमान सम्झन्छु । एक व्यक्ति तिनीहरुमध्ये व्यापारीको छोरो रहेछ ।

व्यापारीले आफ्नो परिश्रमले, पूँजीको खतडा मोलेर पैसा कमाएको हुन्छ। त्यस्तासंग नाता जोड्न नहुने होइन। तर खास-खास देश र जनताको निमित महान् संकल्प लिएर हिंडेको श्रद्धेय एक राजनीतिक पीडितको छोरो भन्दा चन्द्रकान्तप्रति मलाई श्रद्धा लाग्यो। त्यसैले बुवाको इच्छा छ र इन्कार गर्नुहुन्न भने म चन्द्रकान्तलाई रोज्दछु।

हजुरकी विनीत छोरी
उमा
मितिः- ०३८।७।१३।४"

त्यो चिठी पढिसक्नेबित्तिकै "त्यसको नाम किन राखेछु, भूलैछ !" मनमा यस्तो विचार गरेर छोरीलाई बोलाएर कोमलप्रसादजीले भने–"नानी, सबभन्दा गरीव निम्लरोलाई पो छान्न गिछस्। खै, तेरो बुद्धि ! एक पटक फेरि दोहऱ्याएर विचार गर् ! यस्ता-त्यस्तालाई छोडेर कस्तालाई रोज्न पुगेकी ? यो त भएन !"

उमाले भनिन्– "भैगयो त उसो भए।"

कोमलप्रसाद- "भैगयो भनेको के भनेको ? अर्कालाई छान् न। मैले आफ्नी छोरी भनेर होइन, लाख ओटी केटीहरुमा छाने पनि सौन्दर्य र लावण्यको दृष्टिले तँ पहिला हुन्छेस्। सौन्दर्य भनेको आइमाईको भाग्य नै हो। तैंले त्यस्ता गरीबसंग विवाह गर्नुपर्छ ? तंलाई देखेपछि को..."

उमाले बीचैमा कुरा काटेर भनिन्– "मैले घृणा गरेर छोडेका ती व्यक्ति पनि अरुजस्तै मरणशील नै छन्। केही समयपछि आफ्ना पापका सारा कमाइ यहीं छोडेर मरेर जान्छन्। तर तिनीहरुको अकीर्ति र बदनामचाहिं सात पुस्तासंम पनि जीवितै भइरहन्छ। त्यस कारण

त्यस्ता दुर्नाम तत्त्वको हातमा मलाई किन पारिदिनुहुन्छ ? जुन तेरो सौन्दर्य छ भन्नुहुन्छ, के सौन्दर्य भनेको पाप हो र त्यस्ताको हातमा पारिदिएर सजाय दिन ? हामी जाबोको जस्तो मात्र आमा पार्वतीको सौन्दर्य थियोहोला र ? वहाँले पनि त गरीब, खरानी घस्ने, मशानमा बस्ने, नाङ्गा शिवजीलाई रोज्नुभएको थियो । त्यो त आफ्नो दृष्टि र दर्शनको कुरा हो बुबा ! यो हुँदैनभने म बुबाको आज्ञाउल्लङ्घनचाहिं गर्दिन र त्योसंग विवाह गर्दिन । साथै अरूसंग पनि गर्दिन । पढेर, जागिर खाएर बूढेसकालमा बुवालाई पालेर बस्तछु, हुंदैन र बुबा !"

कोसलप्रसाद– "कस्तो डेब्रो कुरा गर्छे भन्या यो त ! तँलाई अर्को छान्न के भयो ? मैले भनेपछि ।"

उमा– "मैले डेब्रो कुरा गरेकी होइन । बुवाले मेरो कुरा राम्ररी सुनिदिनुपऱ्यो र बुझिदिनुपऱ्यो । पहिले रोज्दिन भनें, बुवाले कर लगाउनुभयो । मैले चन्द्रकान्तलाई छानें । म सनातन धर्म मान्ने हिन्दूनारीले एउटालाई छानिसक्ने, संकल्प गरिसक्ने, फेरि अर्कोलाई कसरी छानूं ? यो मानसिक व्यभिचार हुन्छ । अर्को कुरा- राजा द्युमत्सेनको आज्ञाबाट राजपुत्री सावित्रीले सत्यवान्लाई छानिन् । पछि देवर्षि नारदबाट सत्यवान्को आयु १ वर्ष मात्र भएको बुझियो र पिता द्युमत्सेनले छोरी सावित्रीलाई भने– "नानी, अर्कोलाई छान्" । तर सावित्रीले त्यो पालन गर्न, अर्थात् फेरि अर्कोलाई छान्न इन्कार गरिन् । सत्य मार्ग त्यो थियो । त्यसैले बुवा ! मलाई अर्को छान्न कर नलाउनुहोस । चन्द्रकान्तलाई नै छान्नुमा मेरो अर्को व्यावहारिक तात्पर्य पनि छ बुवा ! त्यो के भने– छोरीले जिन्दगीभरि सुख पाउली भनेर बुवाले धनी केटो छानेर विवाह गर्न लाग्नुहुन्छ । कुनै सत्याग्रही र साधुवृत्तको यशस्वी मानिस-

संग त्यस्तो पैसा हुंदैन। हुन्छ त त्यस्तै भ्रष्टाचारीसंग। अनि त्यसले कतै सामाजिक खास प्रतिष्ठा नपाएकोले र धनभन्दा अरु गौरवको कुरा ऊसंग केही नभएकोले विवाहमा आफ्ना छरछिमेकीलाई र गरीब इष्टमित्रहरुलाई देखाउन, धाक राख्न अनेक ढस्सा झिक्तछ। त्यस्तै तपाइं पनि समाजमा बेइज्जत गर्न भएन। संधीसरह त आफू पनि भइदिनैपऱ्यो भनेर अनेकतिर ऋण खोजेर ढस्सा गरेर मेरो विवाह गरिदिनुहुन्छ। विवाह सकिए पछि मचाहिं धनी घरमा पुगेर आरामसंग बस्छु। तपाइँचाहिं जिन्दगीभर ऋणको चिन्तामा पिल्सिरहनुहुन्छ। यो काम मेरो हातबाट हुँदैन। यस्ता त्यागी, देशभक्त तत्वसंग मेरो विवाह हुंदैनभने म विवाहै गर्दिन। विवाहिताको भन्दा ब्रह्मचारिणीको समाजमा खांचो पनि छ। विवाहै गर्नुपर्छ भन्ने पनि केही छैन।"

अनि कोमलप्रसाद हाँसेर भने– "लौ केही लागेन। तैंले नै जितिस्। त्यसैलाई दिन्छु। आफ्नो पुर्पुरोमा जे लेखेको छ, सबैले त्यही भोग्ने हो। धन भनेको कुरा पनि त्यस्तै छ– आज छ भोलि छैन। छैन नै भन्न पनि पर्दैन। लौ बाबु धर्मप्रसादजीलाई म खबर पठाइदिन्छु-'छिन्न आऊ भनेर।'

उमा– "बाबुचाहिंलाई बोलाउनुभन्दा छोराचाहिंलाई नै बोलाउनु-पर्छ। किनभने विवाहको पनि मेरो आफ्नो प्रक्रिया छ। त्यो प्रक्रियामा उनीहरु मंजूरी गर्दैनन्भने पनि काम हुंदैन। बुबाकै अगाडि राखेर प्रक्रियाको बारेम छलफल गर्छु।"

यी कुरा सुनेपछि कोमलप्रसादको मनमा छोरीको सिद्धान्त र दर्शन छर्लङ्ग भयो। त्यसैले विवाहको प्रक्रियाको बारे छलफल र सरसल्लाह गर्नको निमित्त चन्द्रकान्तलाई बोलाएर भेट गराईदिन समेत कोमल–प्रसादजीले मंजूरी गरे।

(२)

उमाले मुस्कुराएर केटाहरूको यथाप्राप्त विवरणको बारे सबै कुरा सुनाएर चन्द्रकान्तलाई भनिन्–''मैले आफ्नो प्रतिज्ञा पूरा गरें। अब विवाहको कुरा छिन्ने होइन त ?''

चन्द्रकान्तले भन्यो–'पछिल्लो भेटपछि त मेरो हृदयपरिवर्तन भइहाल्यो नि ! त्यो दिनदेखि त मैले तिमीलाई आदर्शको गुरु नै मानिसकें नि ! त्यस्ता क्षुद्र आकांक्षाहरु सब मैले छोडें। आफ्नो धर्म, संस्कृति, मर्यादा, परंपरामा अविचलित व्यक्तित्व बनाउन तिमीजस्तो दृढता र संकल्प हुनुपर्छ भन्ने कुरा मैले तिमीबाट सिकिसकें।''

उमा- ''त्यो ज्यादै राम्रो कुरा। मलाई खुशी लाग्यो। जीवनभर नै त्यही निष्ठा रहोस्। तर अब प्रसङ्गमा जाऔं। मैले सबै वातावरणको निर्माण गरिसकें। त्यो निष्ठाले केही छेकेको छैन। अब हाम्रो विवाहको कुरा छिन्ने होइन त ?''

चन्द्रकान्त - ''अबचाहिं यसबारे मनमा लागेको कुरा म गर्छु है ! त्यो बिचरा अर्जुन सिखडा तिमी भन्दा-भन्दै त्यसको क्याम्पसमा ज्यादै बेइज्जत भयो। पछि क्याम्पसमा आउन पनि त्यही कारणले सकेन।

अध्ययन निमियो। त्यतिसम्म भइसकेको हुनाले त्योसंग विवाह गरे हुंदैन ? ऊ ज्यादै धनी छ, तिमीलाई सुख हुन्छ। मसंग केही छैन। दुःखै दुःख हुन्छ। विचार पुऱ्याउनुपऱ्यो।"

उमाले मुसुक्क हाँसेर भनिन्- "पहिले नै त्यस्तो विवरण सुनाइसकें धनी र धनीका छोराहरूको। मैले धन खोजेकी छु र ? अरूको धनमा भन्दा आफ्नो सत्यसन्धताको संरक्षणमा मलाई आत्मसन्तोष र गर्व छ। के कुरा गरेको त्यस्तो ? कामको आवश्यकता हेरेर पैसाको महत्त्व छ, नत्र के महत्त्व छ पैसाको ?"

चन्द्रकान्त- "होइन, होइन। त्यो मात्र होइन। अर्जुन तिमीलाई साँच्चै सच्चा दिलले प्रेम पनि गर्थ्यो।"

उमाले आँखीमौं बङ्ग्याएर, प्रतीकारको भाषामा रातो मुख लगाएर भनिन्- "के हो प्रेम भनेको ? प्रेमको पवित्र शब्दलाई हामीले पनि अरू मूर्खहरूले जस्तै गलत अर्थमा प्रयोग गर्ने ? युवक र युवतिले परस्पर देखता वासनालुब्ध भएर, सौन्दर्य-आकृष्ट भएर, आकांक्षाविवश भएर, कामार्त भएर भन्ने गरेको एउटै शब्द छ- 'प्रेम।' त्यस प्रवृत्ति र भावनाका युवक युवति दुवैले आफ्नो आकांक्षा पूर्तिको निमित्त एकले अर्कोलाई यस्तै आदर्शहीन क्षणिक प्रेम गरिरहेका हुन्छन्। केही क्षणको लागि रागात्मक त्यस्तो प्रेम त रांगा, गोरु, बोका, कुकुर, बिराला, चराचुरुङ्गी सबैको हुन्छ। के महत्त्व त्यस्तो तुच्छ प्रेमको। त्यो प्रेम मलाई गरेको प्रेम होइन, मेरो सौन्दर्य र जवानीलाई गरेको प्रेम हो। यसो भनेर मैले प्रेमको महत्त्व छदै छैन भनेकी पनि होइन। भगवान्मा गरेको भक्ति प्रेम नै हो। म त्यसलाई महत्त्व दिन्छु। मान्य जनहरूमा गरेको भक्ति पनि प्रेम नै हो, त्यसको पनि म प्रशंसा गर्छु। यथार्थ

भएर गरीवहरूमा जुन भावना राखिन्छ, त्यो पनि प्रेम नै हो। त्यसलाई म झन महत्त्वको सम्झन्छु। अरू स्पष्ट भनुं भने - प्रेमको परिभाषा त विश्वबन्धु ईशामसीहका उपदेश र चरित्रबाट सिक्नुपर्छ। त्यसैले युवक युवतिले परस्पर कामान्ध भएर गरेको तुच्छ आसक्तिलाई म प्रेमको स्थान दिन उपयुक्त ठान्दिन। त्यो त स्वार्थपूर्ण एउटा मानसिक विकार हो। कतिपय तथाकथित भावुक, कामलम्पट, शृङ्गारप्रिय कविहरूले भएभरका राम्रा शब्द खर्चेर यस्तो प्रेमको वर्णन गर्ने गरेका हुन्छन्। तर त्यो प्रेम प्रेम होइन। तुच्छ दुर्वासनाको अभिव्यक्ति मात्र हो।

तथ्य के हो भने विवाह बेग्लै विधिविधान हो, प्रेम बेग्लै मानसिक सहभाव हो। सच्चा मानिसको त विबाहसंस्कारमा पनि एउटा दर्शन हुन्छ, लक्ष्य हुन्छ। त्यस कारण यी कुरा छोडौं। मैले अरू कसैसंग पनि प्रतिज्ञा गरेकी थिइनँ। एउटासंग प्रतिज्ञा गरेर अर्कोसंग पनि प्रतिज्ञा गर्नु सांस्कृतिक अपराध नै हुन्थ्यो, त्यसैले त्यो काम मैले गरिन। अरू कुरा सब ठीक छ। यहाँको पिताजीले पनि यहाँको निमित्त मेरो पिताजीसंग कुरा चलाउनुभएको रहेछ र नै त्यो विवरणमा यहाँको नाम पर्न आएको हो। त्यही कारणबाट मैले आफ्नो प्रतिज्ञा पूरा गर्न पाएकी पनि हुं। त्यसैले अब निर्णयमा पुगौं।"

चन्द्रकान्त–"ठीक छ, मैले पनि त घरमा खबर गर्नुपर्‍यो, स्थिति मिलाउनुपर्‍यो त्यसो भए !"

उमा– "अब हाम्रो निर्णयचाहिं भयो होइन त ?"

चन्द्रकान्त– "दुइटैको मंजूरी भएपछि भयो त नि !"

उमा– "अब मेरा दुइटा प्रस्ताव छन्। त्यसमा पनि हामी दुइकै

सहमति हुनुपर्‍यो।"

चन्द्रकान्त– "कस्ता प्रस्ताव हुन्, सुनूँ त।"

उमा– "पहिलो प्रस्ताव यो छ– गहनाहरुप्रति मेरो घृणा छ। सामन्तहरुले शोषणवाजी, घूसखोरी आदि गरेर आफूभन्दा तलका दीनहीन व्यक्तिहरुमा धाक जमाउन उनीहरुका स्वास्नीहरुलाई र आफूले चढ्ने गरेका हात्तीहरुलाई समेत सिंगार्न लगाइदिने गरेका सुनचाँदीका, हीरामोतीका अनेक आकार प्रकारका खन्चरहरुलाई गहना भन्ने गरिन्छ। त्यस्ता गहना आजका सभ्य सचेत महिलाहरुले लगाउन सुहाउँदैन। आदर्श गुणहरु नै महिलाहरुका गहनाहरु हुन्। त्यस्ता खन्चर गहना होइनन्। त्यस कारण मेरो निमित्त विधि पुऱ्याउन आवश्यक बीस-तीस रुपियाँका माङ्गलिक वस्तुहरु धागो, चुरा, सिन्दूर, टीकासिबाय त्यस्ता खन्चर गहनाहरु ल्याउन हुँदैन। ल्याएमा म अपमानै सम्झन्छु। मेरो एक दुइ जोर जगेडा लुगा होलान्। अन्मिदा त्यही लगाउँला। अहिलेलाई नयाँ लुगा ल्याउन पनि पर्दैन। पुरेत र घरका जहान, दिदीबहिनी, दाजुभाइसिवाय अरुलाई विवाहको निमन्त्रणा दिन पनि हुँदैन। तपाइंलाई पनि दुलाहा भनेर यताबाट केही पनि आउँदैन। तिथिको निर्णय हुनुपर्‍यो। पवित्र भावनासंग काम होस्। एउटा देवालयमा, भगवान् अग्निलाई साक्षी राखेर हामी दुइको विवाह हुनुपर्छ। यज्ञको सामानको व्यवस्था यतैबाट हुन्छ। ट्याक्सीखर्च र खानाको खर्च सिवाय अरु पारिदिन हुँदैन। श्री पूर्ण प्रसाद ब्राम्हणको 'मातृजातिको निर्यात रोक्न र उनीहरुको मानमर्यादाको संरक्षण गर्न सांस्कृतिक संघर्षको आवश्यकता' नामक पुस्तिकाको सुधारवादी दृष्टि दर्शनअनुसार नै काम हुनुपर्छ। यो हो पहिलो प्रस्ताव।

अब दोस्रो प्रस्ताव छ– हामी जस्ता प्रबुद्ध व्यक्तिहरुले विवाह-लाई पशुपंक्षीहरुले र जनसाधारणले जस्तै केवल इन्द्रियतृप्ति र भोगको साधन जुटाइदिने कर्मविशेष हो भनेर मान्न हुँदैन। हामीले त विवाह-लाई राष्ट्रिय अन्तर्राष्ट्रिय महान् दायित्ववहन गर्ने अवस्था र स्थिति-को श्रीगणेश गर्ने संस्कारविशेष हो भनेर नै सम्झनुपर्छ। त्यसैले 'दाम्पत्यजीवनको प्रारम्भ गरेपछि केवल उदरपूर्तिको निमित्त मात्र व्यर्थको जीवन बिताउने होइन, आजीवन अविच्छिन्न रुपमा संयुक्त भएर राष्ट्रिय अन्तर्राष्ट्रिय के कस्तो सेवा गर्न सकिन्छ, गरी नै रहनेछौं'– यस्तो संयुक्त संकल्प गरेर मात्र विवाह जस्तो महान् कार्य हुनुपर्छ। यी दुइटा मेरा प्रस्ताव हुन्, यसमा यहाँको के विचार छ ?"

चन्द्रकान्तले भन्यो– "यी दुइटै प्रस्तावमा मेरो पच्चीसै आना सहमति छ। दोस्रो प्रस्ताव हामी दुइसंग मात्र सम्बन्धित छ, त्यसमा हामी दुइटैको सहमति भएपछि पुगिहाल्यो। विवाहको प्रक्रियासम्बन्धी जुन पहिलो प्रस्ताव छ, मेरो पिताजी त्यसलाई पनि हृदयतः स्वीकार नै गर्नुहुन्छ। यसमा शङ्का छैन। किनभने ब्राम्हणजीको समाजसुधार-सम्बन्धी त्यस लघुपुस्तिकालाई वहाँले धेरै पटक प्रशंसा गरेर हामीसंग कुरा गरिसक्नुभएको छ। त्यही दृष्टि र दर्शनलाई कार्यान्वित गर्ने यो प्रस्तावलाई वहाँले अब समर्थन नगर्ने कुरै छैन। अप्रबुद्ध भएकाले आमाहरूबाट बाधा हुन्छ कि भन्ने कुरा हो। त्यसलाई म पनि सम्झा-उँला। तर नपढे पनि मेरी आमा त्यस्ती हुनुहुन्न।"

यति सल्लाह गरेर चन्द्रकान्त आफ्नो घरतिर लाग्यो। घरमा पुगेर उसले आफ्ना बाबुआमा सबैसंग सबै कुरा गर्‍यो। खास गरी नयाँ परि-पाटीसंग विवाह गर्ने निर्णय सुनायो। त्यो सुन्दा सबै दङ्ग पर्ने नै भए।

चन्द्रकान्तकी आमाले त भनि पनि हालिन्- "आफ्नो बाबुको त्यसरी मर्म बुझिदिने, समाजसुधारको पनि लक्ष्य राख्ने कस्ती लक्ष्मी जस्ती केटी हाम्रो घरभित्र पस्न लागी त ! पछि कस्ती हुँदै जाने हो। अहिलेको कुरा सुन्दा त अचम्मकी नै रहिछ। कुरै कुराबाट अहिले नै देखूं देखूं जस्तो लागिसक्यो मलाई त- 'कस्ती रहिछ भनेर।"

(३)

अठतीस साल, मार्ग चौबीस गते, पूर्वनिश्चित परिपाटीअनुसार विवाह सम्पन्न भएर उमाले नव वधूको रूपमा धर्मप्रसादजीको घरमा प्रवेश गरिन् । उमाको विनय, सहनशीलता, प्रिय वचन, गृहकर्मव्यग्रता, अरू कर्तव्यपरायणता र सबैसंगको औचित्यपूर्ण व्यवहार इत्यादि अमूल्य गुणहरूको कारण परिवारका सबै सदस्यहरूले उनलाई देख्ता गृहलक्ष्मी नै घरभित्र पसेको अनुभव गर्न थालेका थिए । घरमा पसेको दिनदेखि नै उमाले पनि घरका खास-खास समस्याहरू बुझ्नुका साथै नोकरद्वारा अनिवार्य गरिनुपर्ने कामहरूको सूची तयार गर्न थालेकी थिइन् । त्यो तयार गरिसकेकी हुनाले तेह्रौं दिनमा नै उमाले नोकर गोरेलाई आफ्नै तर्फबाट उसको पाकेको तलबबाहेक तीन महीनाको तलब थपिदिएर भनिन्– "अबदेखि काम गर्न मैं आएकी हुनाले गोरे ! अब तिमीले यहाँ काम गर्न परेन । यो तीन महीनाको समेत तलब लिएर अन्त काम खोज । आजको ठीक एक महीनासम्मलाई चाहिं अन्त कतै काम नपाए खान र सुत्न पनि यहीं आउनू । त्यसपछि पनि काम खोज्न नसके आफ्नै घर जानू । काम खोज्ने अवसर दिनलाई नै तिमीलाई तीन महीनाको तलब र एक महीनासम्म खाने, सुत्ने कुराको सुविधा मैंले दिएकी हुं ।"

उमाले त्यसो भनेपछि उसको पनि के ताक थियो, त्यो तीन महीनाको तलब भेट्टाएपछि गोरे खुशी भएर त्यही दिन हिँडिहाल्यो। उमाले घरको सारा काम आफै सम्हाल्न थालिन्। घरको बढाकुँरडार, लिपपोत, भान्साको काम, कपडा धुने काम यी त छँदै थिए, बेलुका सधैं देवरहरूको अध्ययन माथि हेरविचार गर्ने समेत नियमित दैनिक कार्यक्रम बनाएर त्यस अनुसार चल्ने भएकी हुनाले अब उमालाई एक मिनेट पनि फुर्सद हुँदैनथियो। उनी फुर्सद लिन चाहँदा पनि चाहन्न-थिइन्। मुख्य कुरा सासूससुरालाई, देवरहरूलाई, नन्दआमाज्यूहरूलाई कसरी सुखसुविधा पुऱ्याऊँ– उमाको ध्यान त्यसैमा केन्द्रित हुन्थ्यो। सबैलाई काम प्यारो हो। कामले गर्दा उनले चाहेजस्तै सबै रिझिएका थिए। उनका आदर्श गुणहरूको बयान कस्तूरीको सुगन्ध जस्तै घरमा मात्र सीमित थिएन, छिमेकमा परपरसम्म पनि पुगेको थियो। फुर्सदमा गोटघाट गरूँ भनेर आउने छरछिमेकका कुलीन नारीहरू धर्मप्रसादजी-की श्रीमतीलाई भन्थे- "नयाँ बुहारी भित्रिएपछि त तपाइंको घरै उज्यालो भए जस्तो लाग्छ हामीलाई।"

त्यो सुनेपछि धर्मप्रसादकी श्रीमती दङ्ग पर्थिन् र भन्थिन्– "हो, उसको जाँगर छ, घर बढारेको बढार्यै छ, पोतेको पोतेकै छ, भाँडा धोएको धोयै छ। एकछिन खालि बस्तिन। नचाहिने कुरा एक शब्द बोल्दिन। घरको काम भनेपछि मलाई एक सिन्को भाँच्न दिन्न। माइतबाट अस्ति कान्छो भाइ लिन आएका थिए। 'किन ?' भनेर सोधिरहेकी थिईं। भाइचाहिंले के भने कुन्नि, त्योचाहिं मैले सुनिन। उसले चाहिं मलाई फुर्सद छैन भनेर पठाइदिई। यति गरीकन बेलुका छोराहरूलाई पढाउँछे फेरि। बेलुका आठ बज्यो कि त केटाकेटीहरू

हाम्रो क्लास लिने वेला भयो भन्न थाल्छन् । माथि बुइगलको बीचको कोठा स्कूलको कोठा जस्तो भएको छ ।"

तर दैवको इच्छा । ऊ आफैं यत्रो सृष्टि गर्छ । सौन्दर्य, सुख र आनन्द पनि कतै-कतै, कहिले कहीं छरि पनि दिन्छ । फेरि थोरै समय-पछि त्यसलाई आफैं सिनित्त पारेर बढारि पनि दिन्छ । यो कति दुःख-लाग्दो कुरा हो कि विवाह भएको दुइ महीना तेह्रौं दिनको दिन धर्म-प्रसादजीले आफू जाने फुर्सद नपाउँदा बीरगंजसम्मको निमित्त कार्य-विशेषले छोरो चन्द्रकान्तलाई पठाएका थिए । त्यसै दिन एक बजे त्रिभुवनराजपथको अघोर भन्ने ठाउँमा पुगेर बस दुर्घटना भयो । कैयौं यात्रीहरू शख्त घायल भए । पाँच जना यात्रीहरूको चाहिं तत्काल घटना-स्थलमै मृत्यु भयो । ती पाँच जनामध्ये एक जना चन्द्रकान्त पनि थियो । यो दुःखदायक खबर घरमा आइपुग्नेबित्तिकै बादलले चन्द्रमा ढाकेको आकाशको भाग जस्तै चन्द्रकान्तको घर तत्काल अँध्यारो भयो । यस-बारे इष्टमित्र, नाताकुटुम्ब, छरछिमेकी सबैले हार्दिक समवेदना प्रकट गरे । तर अरूको समवेदनाले के गर्‍यो र ? जसलाई नपर्नु थियो वज्र परिहाल्यो, के लाग्यो !

बिचरी उमाले शास्त्रीय विधिअनुसार आफ्ना स्वामीको काज-क्रिया सम्पन्न गरिन् । वर्ष दिनभरि माइततिर कुल्चने कुरा भएन । माइतीहरूले पनि स्वयं नभेटेर बीचका इष्टमित्रहरूद्वारा उनको संचो-बिसंचोको खबर मात्र लिने गरे । वर्ष दिन पूरा भयो । आशौच फुक्यो । आशौच फुकेको भोलिपल्ट बाह्र बजे आफ्नो कान्छो देवरलाई साथमा लिएर, विधवाको भेषमा गएर उमाले माइतीहरूलाई भेटिन् । माइत पुगेको एक छिनपछि नै कान्छो देवरलाई चियासिया ख्वाएर उनले

फर्काइ पनि दिइन् । दिउँसोभरि आमाहरूसंग कुरा गरेर बसिन् । पौने चार बजेपछि उमाले आफ्नो कान्छो भाइलाई भनिन्– "मेरो त घर जाने वेला भयो बाबु ! मलाई पुऱ्याइदे ।"

सबैलाई विश्वास थियो– "घरमा जानैपर्ने त्यस्तो खण्ड पनि अब नभइरहेको, फेरि वर्ष दिनसम्म भेट नभएको न्यास्रो, दुइ चार दिन त केही गरे पनि माइतमा बस्ने गरी नै उमा आएकी होलिन् ।" तर उमा भने घर जाने तर्खरतिर लागिन् । त्यसै भएर सब जिल्ल परे । आमाचाहिँले त भनि पनि हालिन्– "दुइ चारै दिन त किन नबस्ली पो भनिठान्याथिएँ त ! साँच्चै जान लागेकी अहिले नै ?"

आमाचाहिँले त्यसो भनेपछि अरू दाजुभाइहरूले पनि बस्नको निमित्त आग्रह गरे । त्यो देखेर उमाले भनिन्– "तपाइँहरूले के जिद्दी गरेको यसरी ? तपाइँहरूले मलाई त्यही घर कुर्न पठाउनुभएको होइन र ? मैले आफ्ना सासूससुराहरूको सेवाशुश्रूषा गर्नुपर्दैन ? घरको धन्दा गरेर सासूलाई मद्दत गर्नु पर्छ । बिहानको सबै धन्दा सकेर यता हिँडेकी म । अब अहिले भान्सा पस्न पुग्नुपर्छ । देवरहरू सानै छन्, तिनीहरूको शिक्षादीक्षाको देखरेख आजकल मैले नै गरेकी छु । मैले आफ्नो निमित्त मात्र सजिलो पारेर हुन्छ र ? घरमा काम गरिरहेको नोकरलाई आफू घरभित्र पस्नेबित्तिकै निकाल्ने, आफूचाहिँ आमाले पस्केर दिएको भात खाएर आरामसंग माइतमा बसेर घरमा सासूलाई भाँडा मजाउने ! त्यसो गर्न लागे त मभन्दा कर्मचण्डाल पापिनी को होली नि संसारमा ? त्यस कारण म गइहाल्छु । अबेला भइसक्यो । फेरि-फेरि आइरहुँला ।"

त्यो सुनेपछि आमाचाहिँले हाँसेर भनिन्– "यस्ती मान्छे

रहिछ, हामीचाहिं बर्ष दिनभरि भेट्न नपाउँदा कति न्यास्रो मानिहोली भनिरहेका ! ………

उमाले भनिन्– "साँच्चै न्यास्रो लाग्थ्यो होला पनि ! तर कोठा बढाईँ जाँदा ससुराको कोठामा गोरखपुर प्रेसले हिन्दीमा अनुवाद गरेर प्रकाशित गरेका श्रीमद्भागवत, गीता र दश उपनिषद्‌का पुस्तक भेट्टाएर पढ्ने अवसर पाएँ। आमाभन्दा हजार गुना बढ्ताको आमा गीता र बुवाभन्दा हजार खण्ड बढ्ताको बुवा उपनिषद् पाएपछि त मैले कसैलाई पनि सम्झिन। बी. ए. पास भएर त मलाई केही लाभ भएन। तर संस्कृतप्रसारिणीबाट संस्कृत थालेर मैले शास्त्री पास गरेकोले मलाई दुःखको दिनमा कत्रो आश्रय मिल्यो। मलाई कत्रो सहायता भयो। तपाइंहरुले लाख खण्डको एक खण्ड पनि त्यसको अनुमान गर्न सक्नु हुन्न। साँच्चै भन्नुहुन्छभने मलाई अहिले पनि भित्र लागिरहेको छ– "कहिले घर पुगूं, घरको धन्दा सकूं र भरे बाह्र बजेसम्ममा भए पनि दश पन्ध्र मिनेट फुर्सत निकालेर, तिनै पुस्तक पल्टाएर मनमा शान्ति लिऊँ। अनि के को न्यास्रो लाग्नु मलाई !"

साढे चार हुँदै थियो, भाइलाई लिएर उमा घरतिर लागिन्। घरमा पुगेर पनि तुरुन्त नै घरको धन्दा सह्यल्न थालिन्। उमा पुग्नेबित्तिकै नन्द देवरहरू उनको वरिपरि आएर झुम्मिएर भन्न थाले– "हामी त भाउज्यू आज आउनुहुन्न कि भनेर, डराएर कुरा गरिरहेका थियौं– आमाले त भन्नु भएको थियो, बिदा मागेर नगईकन बस्तिन, आउँछे भनेर।" नआएकीभए हामी भोलि लिन जाने कुरा गरिरहेका थियौं।" उमाले भाइलाई घर फर्काइदिइन्। भाइचाहिंले यी सबै कुरा ल्याएर आफ्नो घर घट्टकुलामा भिजायो। उमाको फेरि यता चर्चा

हुन थाल्यो। घरतर्फ त सबैको मुखमा उमा-उमा यही शब्द झुण्डिएको थियो। नन्द, देवरहरूले उमालाई नै अब आमा मान्न थालिसकेका थिए। किनकि उनीहरूको भविष्यसम्मको हितको लागि उमा बढ्ता चिन्ता गर्थिन्।

एउटा विशेषता उमामा यो पनि थियो कि पतिको मृत्युबाट चिन्ता लिएको मुखमुद्रासम्म पनि कहिल्यै उनको देख्न पाइन्नथ्यो। घरतर्फ होस् वा माइतीतर्फ ! त्यो प्रसङ्ग कसैले उठायोभने उनलाई मन पर्दैनथ्यो। उनी स्पष्टसंग यही जवाफ दिन्थिन्– ''अदृष्टले गरेको कुनै हालतमा सुधार्न नसकिने हानिनोक्सानीप्रति के को चिन्ता ? अप्रिय होस्, शोचनीय होस् तर आजसम्म त्यस्तो सुधार्न सकिएको एउटै पनि दृष्टान्त कतै छ संसारमा र ? त्यसैले त्यस्तो कुरा सम्झनु र त्यसको चर्चा गर्नु दुइटै बेकार !''

उमा घरको काममा यताउता लागेको वेला, भेट्न आउने छिमेकी-हरू र अरु इष्टमित्र महिलाहरुसंग त्यस्तै बुहारीको प्रसङ्ग चल्दा उमाकी सासू भलभल रोएर भन्थिन्– ''कस्तो कर्म रहेछ मेरो, के देख्नु-परेको, त्यो उमेरको छोरो जानु, यो उमेरकी बुहारीको विवाह गरेको दुइ महीना, तेह्रौं दिनदेखि यो अवस्था देख्न पर्नु। फेरि कस्ती बुहारी भन्दा कतै नपाइसक्नु ! भित्रैदेखि भक्कानो छुटेर आउँछ।''

तिनीहरुमध्ये एउटीले सोधी– ''जहिले आउँदा पनि एक एक-ओटा काम समातिरहेकी मात्र देखिन्छिन्, खालि हात त बस्तै बस्तिनन् कि के हो ?''

उमाकी सासू– ''हर बखत त्यत्तिकै हो। काम सकिएपछिचाहिं कोठामा पसेर पढ्न थालिहाल्छे। कि केटाकेटी बोलाएर पढाउन

थाल्छे । काम भनेपछि मलाई सिन्को सार्न दिन्न । नोकर राख्न दिइन, काम गर्ने मानिस मैं आइहालें नि भनेर आउने बित्तिकैं निकालिदिएकी । त्यो पनि त्यसैं निकालेको हो र ? तीन महीनाको तलब दिईकन, एक महीनाभरि खान र सुत्न दिईकन काम खोज्न लगाएकी !"

"कति विवेक भएकी आइमाई ! साँच्चैकी बुहारी पाएकी तपाईले !"

"यो खोटो कर्मले पाएर के भयो र? बाँचिरहेको भए यस्ती बुहारी, छोरोले कति सुख पाउँथ्यो ? भनेर के भो र ?"

"हो दैवको खटन, के लाग्यो हाम्रो ! बरु यस्ती मेहनती पनि पढेकी पनि, बाजेले एकातिर जागीर खवाइदिए हुन्थ्यो नि, खालि बसिरहनु अथवा घरका यी सानातिना धन्दा गरिरहनुभन्दा त त्यो असल नि, इलम भएकालाई । हामीले खोजेर पाउँछौं र ?"

उमाकी सासूले भनिन्– "त्यतातिर त होइन, बरु उसकै ससुराले भनिरहनुभएको छ– "हाम्री बुहारीलाई त महिलासंगठनतिर लगाइदिने हो भने नेपाली आइमाईहरुलाई आदर्शको नयाँ पाठ त पढाउने थिई ।" देवरहरु पनि मलाई भनिरहन्छन्– "आमा ! भाउज्यूलाई घरका सानासाना धन्दामा अल्मल्याइरहनुभन्दा महिलासंगठनमा लगाइदिन पाए सम्पूर्ण नारीजातिकै कल्याण, राष्ट्रको कल्याण, त्यसभित्र हामी सबैको कल्याण हुन्थ्यो । तपाईंले किन अनुमति नदिएको ? माइतमा वहाँको पिताजी र दाजुभाइहरुले पनि महिलासंगठनमा पसेर काम गरे हुन्थ्यो भनिसकेका छन् रे ! अनि किन संगठनभित्र पस्ने तर्खर गर्नुहुन्न त ? भाउज्यू ! भनेर हामीले सोद्धा भाउज्यू भन्नुहुन्छ–

"म यो घरकी मान्छेलाई माइतीले खटाएर भयो र ? आफ्ना सासू-ससुराको आज्ञा पो पाउनुपर्‍यो त ?" त्यस कारण वहाँको भनाइ तपाइंले नै अनुमति दिनुपर्‍यो रे ! बुवाले त चाहेकै कुरा हो। कति पटक आफैंले भनिसक्नुभयो !"

त्यो सुनेपछि मैले उसका देवरहरुकै अगाडि उमालाई भनिसकेकी छु- "महिलासंगठनमा जानू, राम्ररी काम गर्नू। आफ्नो घरको, माइतीको सबैको इज्जत राख्नू। म त पुरानी मान्छे। अरु कुरा जान्दिन। कसैले खोट लगाउन नपाउने गरी काम गर्नू। राम्रो काम गर्छु भन्दा म किन अनुमति दिन्नथें, दिन्छु। गएर काम गर।"

अरु छिमेकी आइमाईहरुले एकै स्वरले भने- "राम्रो कुरा भइ-सकेको रहेछ। खुशी लाग्यो, हामीलाई त। बाहिर धेरै काम भएपछि भन्या उनको चिन्ता पनि कम हुन्छ।"

उमाकी सासू- "होइन, चिन्ताको त कुरै छैन। खालि अगाडि हेर्छे-गर्नुपर्ने काम के छ भनेर। त्यसको बानी त्यो छ। बितेका त्यस्ता कुरा सम्झेर, अरु आइमाई जस्तो चिन्ता लिने स्वभावकी छ र चिन्ता कम हुन्छ भन्नु ? अचम्मकी मान्छे पो छ त ! तपाइंहरूले चिनिसक्नुभएकै छैन।"

४

धर्मप्रसादजीको निवासस्थान नरदेवी भुराङखेलमा पर्थ्यो। निर्वाचनको समय थियो। त्यो भेकमा चुनाव लड्ने उत्साह र जाँगरका महिला कुनै थिएनन्। धर्मप्रसाद स्वयं राजनीतिक चरित्रका व्यक्ति भएकाले र उनका छोराहरू पनि आधुनिक वातावरणमा हुर्केका योग्य, प्रबुद्ध, युवकहरू नै भएकाले प्रचार कुशलतापूर्वक नै भयो। निर्वाचन-आयोगबाट संगठनको संविधानबमोजिम महिलासंगठनप्रारम्भिक समिति-को निर्वाचन भुराङखेलमा भयो। उमा समितिको सभापति पदको लागि छानिइन्। त्यसै गरी लगत्तै हुन लागेको महिला जिल्ला संगठनको निर्वाचनमा पनि संगठनको जिल्ला कार्यसमितिको सदस्यताको निमित्त उमा उम्मेदवार भइन्। राष्ट्रिय सभागृहको सभाकक्षमा उम्मेदवारहरूको प्रवचनको आयोजना संगठनले गरेको थियो। त्यस प्रवचनमा पनि उमाले भाग लिइन्। उमाको त्यस प्रवचनले उपस्थित सबै महिला कार्यकर्त्रीहरूलाई आकर्षित गर्‍यो। फलतः उनले सजिलैसंग त्यस निर्वाचनमा पनि विजय हासिल गरिन्। त्यसपछि तुरुन्तै महिला संगठन केन्द्रीय समितिको पनि चुनावको समय आयो। निर्वाचनसंग सम्बन्धित

महिलाहरुमा जिल्ला संगठनको चुनाव समयसंममै उमाको योग्यताको, प्रतिभाको व्यापक चर्चा भइसकेको थियो। त्यसले गर्दा प्रायः सबैजसो मतदात्री महिलाहरू उमाको पक्षधर बनिसकेका थिए। त्यसैले केन्द्रीय संगठनको सभापति पदको लागि नै उम्मेदवार हुनको निम्ति उनीहरूले उमालाई सुझाव मात्र होइन, अनुरोध पनि गरे। त्यस अनुरोधलाई स्वीकार गरेर उमा उक्त पदको लागि नै उम्मेदवार बनिन्। राष्ट्रिय सभागृहमै निर्वाचनको दुइ दिन अगाडि केन्द्रीय संगठनका उम्मेदवारहरूबाट पनि प्रवचन गराउने संगठनको कार्यक्रम थियो। त्यस प्रवचनकार्यक्रममा प्रवक्त्रीको रूपमा उमाले पनि भाग लिइन्। उमाको त्यस प्रवचनले स्पष्टतया दुइटा परिणाम निकाल्यो– "पहिलो, त्यस प्रवचनले उमालाई सबै उपस्थित महिला-हरूमा उक्त सभापति पदको लागि उपयुक्त आफ्नो अनुपम योग्यता, प्रतिभा, राष्ट्र, समाज र विश्वप्रतिको उच्च उदात्त आकांक्षा अवगत गराउने अवसर प्रदान गऱ्यो। दोस्रो, निर्वाचनमा सभापतिपदको लागि उठ्ने संकल्प गरेका महिला कार्यकर्त्रीहरूको उत्साह र साहसलाई (उमाको त्यस प्रवचनले) जरै समेत उखेलिदियो। चैत्र मासान्तको दिन निर्वाचनको तिथि थियो। केन्द्रीय संगठन सभापति पदको लागि उम्मेदवार अरू कतिपय महिलाहरूका प्रचारका प्रयासहरू, पार्टी र भोजमा खर्च भएका भौतिक साधन र सामग्रीहरू सब व्यर्थ भएर बगे आशातीत अत्यधिक मत प्राप्त गरेर सभापति पदको लागि उमा निर्वा-चित भइन्। अरू दशओटा (उपसभापति समेत गरी) सदस्य पदहरुको लागि पनि केही सेवाको पृष्ठभूमि भएका चर्चित महिला कार्यकर्त्रीहरु नै निर्वाचित भए। निर्वाचनपरिणाम घोषित भएपछि मतदात्री महिला

हरुले ज्यादै ठूलो हर्ष र आनन्दको अनुभव गरे। निर्वाचनमा विजय प्राप्त गरेपछि उमाले सर्वप्रथम युगनायक श्री ५ महाराजाधिराज सरकार र श्री ५ बडा महारानी सरकारको दर्शन भेटको लागि विन्तीपत्र चढाइन् । सरकारहरूबाट वैशाख पाँच गतेकै दिन उमालाई संयुक्त दर्शनभेट बक्सेर निगाह गरिबक्सियो । सरकारहरूको दर्शनभेटपछि उमाको उत्साह र जाँगर अरू बढेको थियो । ज्योतिषीको रायअनुसार वैशाख पन्ध्र गतेको दिन मात्र महिला संगठन केन्द्रीय कार्यालयमा उमाको बहाली गर्नुपर्ने थियो, तर त्यो दिन बहाली गर्ने भन्दा-भन्दै चन्द्रकान्तको वार्षिक श्राद्धको दिन परेकोले त्यो दिन बहाली भएन। फेरि ज्योतिषीलाई बोलाएर सोद्धा उनले भने– ''ढीलो भए पनि हुने भए एक्काईस गते साइत छ। नत्र त्योभन्दा वरचाहिं कुन दिन भनूं। भोलि बहाली गर्ने हो भने कार्य सिद्धि नै नहुने दिन परेको छ। पर्सि तिथि राम्रो, बार राम्रो, नक्षत्र राम्रो, चन्द्रमा जुरेको छ, शुक्रको उदय छ सब राम्रो, एउटै कुरा नराम्रो मृत्युयोग परेको छ।''

उमाले भनिन्– ''ज्योतिषी बाजे ! म जस्ती विधवाले बाँच्ने काम पनि छैन। जस्तै राम्रो साइत पारेर बहाली गरे पनि एक दिन मर्नै-पर्छ । निर्वाचित भएको यतिका दिन भइसक्यो, कति साइत हेरिरहूँ, कार्यसिद्धि हुनेछ भने मलाई मृत्युयोगले चाहिं बाटो छेक्तैन। मुख्य कुरा कार्यसिद्धि हुनुपर्‍यो। लौ मैले आँटें । बाजे ! मैले यहाँलाई यत्ति सोधन कष्ट दिएकी हुँ । पाल्नुहोस् त पर्सिदेखि मैले बहाली गरें। आजै खबर पठाउँछु– 'पर्सिदेखि म आउँछु' भनेर।''

ज्योतिषी बाजेले भने– ''कार्यसिद्धि त हुन्छ, हुन्छ। तैपनि पर्सिको दिनलाई छल्न पाए हुन्थ्यो।''

उमा– ''सारै गाल परिसक्यो बाजे ! कति दिन साइत भनेर बसूं ? छोडिदिनुहोस्, ती कुरा अब । मैले बहाली गर्न नगए पनि सदस्यहरू-लाई बोलाएर घरैमा संगठनको कार्यक्रम र नीतिहरूबारे दिनभरि दिनभरि जस्तो धेरै पटक मिटिङ्ग गरिसकें । प्रचार प्रसारको निमित्त ससाना दुइ तीन ओटा बुक्लेटहरु पनि तयार गरिसकें । साइत न साइत ! काम त थालि नै सकें ।''

ज्योतिषी बाजे– ''लौ त म गएँ ।''

ज्योतिषी बाजे गएपछि उमाले भाइलाई पठाएर कार्यालयमा खबर पुऱ्याइन् । अरु सदस्यहरुले पनि जहाँ-जहाँ खबर पुऱ्याउनुपर्थ्यो, पुऱ्याए ।

आज वैशाख सत्र गते एक बजे उमाको कार्यालयमा बहाली थियो । कार्यालयअगाडि क्याम्पभित्र चौरमा नवनिर्वाचित महिला संगठन केन्द्रीय समितिका अध्यक्ष र सदस्यहरुलाई साधुवाद अर्पित गर्न करीव तीन चार सय महिलाहरुको जमघट थियो । स्वागतम्-स्वागतम् ! बधाइ-बधाइ ! यो आवाजले आकाश घन्केको थियो । त्यहाँ त्यस स्वागत र बधाइको सन्दर्भमा अध्यक्ष उमा र अरु एक दुइटी सदस्य-हरुको प्रवचनको कार्यक्रम पनि थियो । त्यसैले एउटी महिला कार्यकर्त्रीले त्यस भेलाको उद्देश्य बताइसकेर केही निर्देशन दिनको लागि अध्यक्ष उमासंग अनुरोध गरेपछि उमाले आफ्नो प्रवचन प्रारम्भ गरिन् । प्रवचन पूरै दुइ घण्टाको थियो । त्यसको सारांश यो थियो–

प्रिय दिदीबहिनी हो !

स्व. राष्ट्रनायक श्री ५ महेन्द्रबाट समस्त नारीजातिको उत्थानको निमित्त हामीलाई संगठनको संवैधानिक अधिकार बक्सेको हो । यसनिमित्त

म स्व. राष्ट्रनायक मौसूफ सरकारमा हार्दिक कृतज्ञता-अर्पण गर्दछु। त्यसपछि हामीलाई निर्वाचनमा विजयी तुल्याएर काम गर्ने स्वर्ण अवसर प्रदान गर्नुभएकोमा उपस्थित, अनुपस्थित सबै मतदाता दिदीबहिनी र आमाहरुमा पनि म आफ्नो आभार व्यक्त गर्दछु। साथै यहाँहरुसंग विनम्र एवं साग्रह यो अनुरोध पनि गर्न चाहन्छु कि– यहाँहरुले हामी-हरुलाई निर्वाचनमा विजयी तुल्याएर मात्र पुगेको छैन, कार्यक्रम निर्धारित गर्न आफ्ना अमूल्य परामर्शहरु र तिनलाई कार्यान्वित गर्नको लागि परेको वेलामा हार्दिक सक्रिय सहयोग पनि दिनुपर्छ, ताकि हाम्रो कार्यकाल देश र नरेशको पर्याप्त सेवाका साथ नारी जातिको निमित्त उन्मेषक, उन्नायक र उद्धारक सिद्ध हुन सकोस्। हामीले कार्यालयमा आएर आज मात्र बहाली गर्‍यौं तापनि संगठनको ठोस कार्यक्रमनिर्धा-रणको लागि मेरो निवासस्थानमा धेरै पटक हाम्रो (कार्यसमितिको) मिटिङ्ग भइ नै सक्यो। अब निर्धारित र निर्णीत कार्यक्रमहरूलाई कार्यान्वित गर्न सक्रिय पनि हामी भइ नै रहनेछौं। यद्यपि मुद्रित पुस्तिकाकै रूपमा तपाइंहरू पाउनुहुनेछ, तथापि अहिलेसम्म निर्णीत र निर्धारित नीति र कार्यक्रमको आधारमा म यहाँहरूलाई अध्यक्षको नाताले निर्देशन दिन चाहन्छु– यसभन्दा अघि निर्वाचनको निमित्त मात्र पञ्चायत-पञ्चायतमा संगठनका प्रारम्भिक समितिहरू खुल्ने र अरू समयमा उक्त समितिहरू नरहने अथवा रहे पनि अर्को निर्वाचनको समय नआएसम्म विलकुल निष्क्रिय रहने जुन स्थिति थियो, संगठनले अबउप्रान्त सदाको निमित्त त्यस स्थितिको अन्त गरिदिने भएको छ। अबदेखि अधिराज्यका समस्त पञ्चायतहरूमा संगठनका प्रारम्भिक समितिहरू (जहाँ-जहाँ छैनन्, त्यहाँ-त्यहाँ पनि) खुल्नेछन् र उक्त

समितिहरू केन्द्रीय संगठनबाट हाल पारित नीति र कार्यक्रमअनुसार चतुः सूत्रीय निर्देशनमन्त्र र महामन्त्रको तात्पर्यबमोजिम सञ्चालित हुनेछन् । उक्त चतुः सूत्रीय निर्देशनमन्त्र र महामन्त्र यी हुन्–

(१) आत्मस्मृतिको मन्त्र ।

(२) जागरणको मन्त्र ।

(३) निर्भीक अभियानको मन्त्र ।

(४) संस्कृत-अध्ययनको महामन्त्र ।

आत्मस्मृतिको मन्त्र– सर्वप्रथम निर्देशनको मन्त्र आत्मस्मृति किन हुनुपर्‍यो ? प्रायः महिलाहरू सानो समस्या पर्दा पनि "हामी आइमाई, अबला के गर्न भन्न सक्छौं र ! अहिले लोग्नेमान्छे घरमा हुनुहुन्न !" यस्तो मनोबल हराएको आफ्नो अस्तित्व नै नभएको जस्तो गरेर कुरा गर्छन् । समाजमा यस्तो सुनिइरहेको छ । वास्तवमा हामी महिलाजातिले त "हामी साक्षात् महाकाली, महालक्ष्मी, महासरस्वतीका अंश हौं । हामीले चाहे के गर्न सक्तैनौं ?, हामी साक्षात् शक्ति हौं । हाम्रो साथ पाएरै पुरुषहरू शक्तिशाली भएका हुन् । हामीबेगर पृथक उनीहरूको शक्ति कहाँ छ ?" यस्तो भावना पो लिनुपर्थ्यो । खै तथ्यदृष्टि, खै आत्मबल महिलाजातिमा ? त्यसैले महिलाजातिमा आत्मस्मृति होस् र आत्मबल बढोस् भनेर आत्मस्मृतिलाई सबभन्दा पहिलो निर्देशनमन्त्र बनाइएको हो ।

अब दोस्रो निर्देशनमन्त्र छ जागरणको । जागरणको अर्थ हो– स्वयं जागरित हुनु र अरूलाई समेत जागरित तुल्याउनु । आत्मस्मृति र जागरणमा निकै अन्तर छ । जागरणमा आत्मस्मृति हुन्छ तर आत्मस्मृतिमा जागरण नभएको पनि पाइएको छ । अतः जागरणको पृथक्

आवश्यकता भएको हो । अतः आत्मस्मृतिका साथ आफू पनि जागरित बनुहोस्, अरूलाई पनि जागरित तुल्याउनुहोस् ! यस अर्थले जागरणलाई दोस्रो निर्देशनमन्त्र मानिएको हो ।

अब तेस्रो निर्देशनमन्त्र छ निर्भीक अभियानको । निर्भीक अभियानको अर्थ हो– प्रतिपक्ष कुसंस्कारको विरुद्ध धर्मयुद्ध । जसले हामीलाई राष्ट्र विश्व र समाजप्रति समर्पित भएर हामी के प्राप्त गर्न चाहन्छौं, त्यस लक्ष्यमा पुऱ्याउन "कुर्वन्नेवेह कर्माणि जिजीविषेत् शतं समाः" यस्तो कर्मयोग निष्ठामा लगाइदिन्छ । जहाँ चिन्ता छैन, दुःख छैन, भय छैन । किनभने परिग्रहो हि दुःखाय ! संग्रह र शोषण अर्थात् वैयक्तिक स्वार्थपरक कर्ममा नै दुःख छ । आसक्ति र फलेच्छामा नै भय, शङ्का र क्लेश हुन्छ । जहाँ फलेच्छा छैन, आसक्ति छैन, स्वार्थ छैन, गरेका कर्महरूको पनि 'पर' तत्त्वमा अर्पण गरिन्छ, त्यस किसिमको कर्मविधिमा- जसलाई कर्मयोग भनिन्छ– भय, शङ्का वा क्लेश कताबाट आउन सक्छ ? यही कर्मयोगको अस्त्र लिएर सामाजिक कुरीति, कुपरंपरा र कुसंस्कारको विरुद्ध निर्भीक अभियान गर्नुपर्छ, अनि संगठनले आफ्नो लक्ष्य प्राप्त गर्छ । यसैले तेस्रो निर्देशनको मन्त्र हो– निर्भीक अभियान । खास लक्ष्य प्राप्त गर्ने मन्त्र नै यही हो । आत्मस्मृतिमन्त्र र जागरणमन्त्र यही निर्भीक अभियानमन्त्रलाई सफल पार्ने भूमिका मात्र हुन् ।

अब चौथो निर्देशनमन्त्र होइन, निर्देशन महामन्त्र छ । त्यो महामन्त्र हो - संस्कृतअध्ययन । संस्कृतको अध्ययनलाई किन महामन्त्र भन्नुपऱ्यो ? कर्मको तारतम्य ज्यादै गहन छ, त्यसको ज्ञान कसरी गर्ने ? "किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः !" कर्मयोगको मञ्जिलमा

पुग्ने कसरी ? कर्मयोग सम्पन्न गर्नको लागि त्यो अनासक्त भावना, त्यो आत्मस्मृति, त्यो जागरण, त्यो निर्भीक अभियान कहाँबाट आउँछ ? जबसम्म "न जायते म्रियते वा कदाचित् नायं भूत्वा भविता वा न भूयः" को तात्त्विक ज्ञान हुँदैन, तबसम्म "अहमिन्द्रो न पराजिग्ये" यस किसिमको आत्मस्मृति कसरी हुन सक्छ ? जबसम्म त्यस्तो आत्मस्मृति हुँदैन, तबसम्म "वयं राष्ट्रे जागृयाम पुरोहिताः" यस किसिमको जागरण कसरी हुन सक्छ ? जबसम्म यस किसिमको जागरण हुँदैन, तबसम्म "तस्मात् युध्यस्व भारत !" यस प्रकारको कर्मयोगको धारणाबाट राजनीतिक, सामाजिक, आर्थिक कुरीति, कुपरम्परा र अन्याय अत्याचारको विरुद्ध निर्भीक अभियान कसरी हुन सक्छ ? अतः यी सबै कर्मयोग साधनाका उपकरणभूत ज्ञान र भावनाको उपलब्धिको लागि सुरभारती संस्कृत भाषाको अनिवार्य अध्ययनको निर्देशनलाई महामन्त्र मानिएको हो। मानव जातिका सर्वस्व, राष्ट्र, समाज र विश्वप्रति गरिने उच्च उदात्त सत् क्रियाकलापहरूको र तिनका प्रक्रिया-हरूको मार्गदर्शक गीता, उपनिषद्, भागवतहरूजस्ता ज्ञानरत्नका भण्डारहरू संस्कृत अध्ययनको साँचो विना खुल्तै सक्तैनन्। किञ्च– हामी नारी जातिको निमित्त त संस्कृतशिक्षाको पहिलो आवश्यकता यसनिम्ति पनि छ कि हामीले राष्ट्रका, विश्वका मानव मात्रको जीवनलाई एक इकाइको रूपमा आफ्ना सन्तानलाई समृद्ध, सुखशान्तिपूर्ण एवं महत्व-पूर्ण बनाउन रामायणका पात्रहरूको आदर्शको अनुकरण गर्नैपर्छ। किनभने सुमित्रा जस्ती आमा, राम र भरतजस्ता परस्परस्निग्ध दाजु-भाइ, आफू तपस्विनी, वनबासिनी, वियोगिनी भएर, कष्ट खपेर पनि आफ्ना पतिको मनोबल र प्रतिष्ठा बढाइदिने सीता र उर्मिलाजस्ता

पत्नी, रामजस्ता राजा वा राष्ट्राध्यक्ष भए मात्र आफ्नो घरलाई र राष्ट्र-लाई स्वर्ग बनाउन सकिन्छ। यसैले अब हामी महिला जातिले राष्ट्रभरि नै विश्वभरि नै घर-घरमा रामायणको पारायण गराएर रामायणका पात्रहरूको आदर्शको अनुकरण गराउनुपरेको छ। यति मात्र नभएर हामी समस्त महिला जातिले उपनिषद्, गीता आदि आध्यात्मिक ग्रन्थ-हरू पढेर घोषा, सूर्या, इन्द्रसेना, गोधा, सार्पराज्ञी, लोपामुद्रा, गार्गी, मैत्रेयी, शश्वतीहरू जस्ता विदुषी भएर युद्धप्रिय, नृशंस, क्रूर पुरुष जातिको सामरिक मनोवृत्ति र प्रवृत्तिमाथि आन्तरिक एवं बाह्निक अंकुश लगाएर विश्वशान्तिको भूमिकानिर्वहन गर्नुपरेको छ। अतः महिला जातिको निमित्त अनिवार्य अंग्रेजी एक विषय समेतको संस्कृत अध्ययन अपरिहार्य छ। यो बुझेर तपाईंहरूले आफ्नो राष्ट्रका केटी-हरूको निमित्त प्रचलित पाश्चात्य शिक्षाको प्राणपणले विरोध गर्नुपर्छ। संस्कृतशिक्षाको निमित्त आग्रह गर्नुपर्छ। ताकि हामी महिलाहरू सबका सब "सर्वभूतेषु चात्मानं सर्वभूतानि चात्मनि" यो भावना लिएर आत्मवादिनी ब्रह्मवादिनी बन्न सकौं र विश्वमानव मात्रमा विश्वशान्ति र विश्वकल्याणको निमित्त सर्वत्र आत्मदृष्टि राख्ने, एक अहिंसक नयाँ आस्तिक संस्कार बसाल्न सकौं।"

यी सब कुराको व्याख्या भएको 'उद्बोधन' नामक एक पुस्तिका र अर्को सानो रामायणको पुस्तिका तपाईंहरू सबैले पाउनुहुन्छ। त्यो छिट्टै प्रकाशित हुँदै छ। अर्को महीनाको पछिल्लो हप्तासम्ममा हाम्रो अरू पनि कार्यक्रम बनिसकेर प्रकाशित भइसकेको हुनेछ र अरू जिल्लाहरू र अञ्चलहरूको भ्रमण पनि प्रारम्भ हुनेछ। हाम्रा कार्यक्रम दीर्घकालिक र तात्कालिक दुइ प्रकारका हुनेछन्। तिनमध्ये तात्कालिक कार्यक्रम

रचनात्मक छ, साधनको अभावले त्यसलाई कसरी सञ्चालन गर्ने, कसरी पूरा गर्ने भन्ने चिन्ता छ। कार्यक्रम हो जिल्लाहरूमा वृद्धा-आश्रम र विधवा-आश्रम खोल्ने विषयको। पहिले जिल्ला जिल्लाहरूमा खोल्न नसके पनि अञ्चल-अञ्चलमा चाहिं खोल्न सक्नुपर्ने हो। किनभने सन्तानहीन कति वृद्धाहरू अशक्त एवं निराश्रय भएर, दुःख भोगेर मृत्युलाई डाकि-रहेका होलान्! तिनीहरूको स्याहार गर्नु छ र कति साध्वी बिधवाहरू विवश भएर, आत्मग्लानि दबाएर दुःखका साथ अनेक प्रपञ्चमा फँसि-रहेका होलान्। तिनीहरूलाई आत्मसम्मान राखेर बाँचनको लागि कुटीर-उद्योगको साधन जुटाइदिनुपरेको छ। ताकि समाजमा पनि बोझ नभईकन, स्वतन्त्रता र मर्यादाका साथ यी बाँच्न सकून्। यी सबै कुरा-भन्दा त पहिले हामी महिला जातिका सरकारसंग दशओटा मांग छन्। सके आजै नसके भोलिको दिन लेखेर सङ्गठनको तर्फबाट पठाइहालौं। यो काम बाँकी राख्तै नराखौं। यी मांग पूरा नहुने होभने महिला जातिको प्रतिष्ठा भन्ने कुरा केही रहनेछैन। ती मांगहरू यी हुन्—

(१) ती अश्लील गीतहरू कटाएर मात्र रेडियो नेपालले गीतको कार्यक्रम प्रसारित गर्ने गरोस्। जुन गीतहरू सुन्दा बाबुआमाको अगाडि छोराछोरीहरूले र सासूससुराहरूको अगाडि बुहारीहरूले सर्माउनुपर्छ। संगै बसेर सुन्न सकिंदैन। यस्ता अश्लील गीतहरूले कुलीन नारीहरूको प्रतिष्ठामा आघात पुऱ्याएको छ र हिन्दूराज्य नेपालको सांस्कृतिक गौरव-माथि आँच पुऱ्याएको छ।

(२) देशका भावी कर्णधार, वीर जातिका सन्तान समस्त नव युवकहरूमा कामवासना उद्दीप्त पारिदिएर उनीहरूको वर्चस्वी राष्ट्रिय संस्कारलाई निर्बल र धमिलो तुल्याइदिने कामरागरञ्जित साहित्यहरू

माथि कडा प्रतिबन्ध लगाइयोस् र अब उप्रान्त त्यस्तो गन्दा साहित्यका लेखक, प्रकाशक, सम्पादक सबैलाई कडा दण्ड दिने कानूनी व्यवस्था गरियोस् ।

(३) परिवारनियोजनको घृणाजनक अश्लील प्रक्रियाको प्रचार हिन्दूराज्योचित नभएकोले त्यसलाई रेडियो कार्यक्रममा स्थान नदिइयोस् । किनभने कामवासनालाई घटाइदिने, दबाइदिने आध्यात्मिक वा यौगिक प्रक्रियाहरू छोडेर खुलेआम परिवारनियोजनका असाँस्कृतिक प्रक्रिया र घृणाजनक उपकरणहरूको रेडियोद्वारा गरिने उद्‌बोधनबाट गुरु र मान्य जनहरूको अगाडि शिष्य, पुत्र र सती साध्वी नारीहरूलाई हरेक दिन जुन लज्जा, संकोच र मर्मको स्थितिमा पुग्नुपरेको छ, यस परिपाटीलाई सङ्गठनले यसनिम्ति विरोध गर्दछ कि– यो परिपाटी स्वतन्त्र, सार्वभौमसत्तासम्पन्न हिन्दूराज्य नेपालको परम्परागत सामाजिक परिपाटीको प्रतिकूल छ । जब कि हामीले आफ्नो हिन्दूराज्यलाई सर्वाङ्गनिर्दोष तुल्याउनुपर्ने छ ।

(४) विदेशमा लगेर केटीहरू बेच्ने व्यक्तिहरू र तिनका सहयोगी, सहायक र मतियार सबैलाई आजीवन कारावासको सजाय दिइयोस् ।

(५) विदेशी भेषमा हिँड्ने र मादक वस्तु खाएर मत्त भएर हिँड्ने व्यक्ति सबैलाई पक्रेर एक वर्षको कारावासको सजाय दिने व्यवस्था होस् ।

(६) भिडियो, ब्ल्यू पिक्चर आदि झिकाउन, देखाउन, बेच्न, राख्न मनाही गरियोस् र आयात भइसकेकालाई सरकारबाट जफ्त गरियोस् ।

नेपालका नवयुवक र नव युवतीहरूमा खास गरी विश्वविद्यालय र क्याम्पसका छात्रछात्रीहरूमा जुन आत्मघाती दुर्व्यसनहरूको अभिवृद्धि

भइरहेको छ र उनीहरूको जीवन बर्वाद हुँदै छ, त्यसको निदान नै भिडियो र ब्ल्यु पिक्चरहरूको प्रचारप्रसार हो।

(७) कुनै पनि विदेशीको वा विदेशको प्रभुत्व र प्रभाव भएको गैह्र सरकारी कार्यालयमा नेपाली केटीहरूलाई काममा नियुक्त गर्न शख्त मनाही गरियोस्।

(८) जिल्ला-जिल्लाहरूमा अनिवार्य अंग्रेजी गरेर नारीजातिलाई संस्कृतमूलक शिक्षा मात्र दिनको लागि नारी संस्कृतविद्यालयहरू खोलियून्।

(९) प्रत्येक ग्रामपञ्चायतमा घरेलु कुटीर-उद्योगहरूको स्थापना होस्। ताकि सबै निराश्रय एवं निर्धन महिलाहरू काम पाएर स्वावलम्बिनी हुन सकून्।

(१०) पुस्तौंदेखि कुलतमा लागेका सुदूर पश्चिमका देउकी बहिनीहरूलाई रोजगारी दिएर, मनोवैज्ञानिक परिवर्तन गराएर उनीहरूको जीवनमा सुधार ल्याइयोस्।"

महिलासङ्गठनका यी मांगहरूबाट समझदार, चरित्रवती, कुलीन महिलाहरूमा मात्र होइन, चेतनशील, व्यवस्थावादी, राष्ट्रभक्त पुरुषहरूमा समेत निकै प्रभाव परेको थियो। चैत्रमासान्तमा निर्वाचन सम्पन्न भइसकेको हो तापनि "उद्‌बोधन" र "रामायण" छापिन ढीला भएकोले ज्येष्ठ २५ गते मात्र उमाले अञ्चल र जिल्लाहरूको भ्रमण प्रारम्भ गर्न सकिन्। भ्रमणको निमित्त उमाका साथमा जानेहरूमा उमाकी विधवा आमाज्यू, माहिलो देवर, माहिलो भाइ र महिलासङ्गठन केन्द्रीय कार्यसमितिका सदस्या विमला आचार्य र शान्ता दुवेदी थिए। उमाले विकट दुर्गम जिल्लाहरू पर्ने भएकोले कर्णाली अञ्चलको

भ्रमणलाई प्राथमिकता दिइन् । उमाले जुन अञ्चलको भ्रमण गर्दा पनि जिल्लामहिलासङ्गठनहरूका अध्यक्षहरू र कतिपय सदस्याहरूलाई यो दिन अञ्चल सदरमुकाममा आइपुग्नू भन्ने सूचना दिने गर्थिन् । अनि ती सबैको उपस्थितिमा अञ्चलसदरमुकाममा विशाल आमसभाको आयोजना हुन्थ्यो । सर्वत्र सरकारसंग सङ्गठनले गरेका नव सूत्रीय मांगहरू, आत्मस्मृति आदि निर्देशन मन्त्रहरू र महामन्त्रको व्याख्या गरेर उमाले जनतासमक्ष सङ्गठनको विशाल कार्यक्रममाथि प्रकाश पार्ने गर्थिन् । अध्यक्ष उमाको दिन प्रतिदिन ख्याति र व्यक्तित्व बढ्दै गएको थियो । उमाको प्रवचन भनेपछि महिलाहरूका अतिरिक्त सचेत पुरुषहरूको पनि ठूलै संख्याले श्रोताको रूपमा आमसभामा भाग लिन्थ्यो । भ्रमणको सिलसिलामा अध्यक्ष उमाको सारा जिल्लासङ्गठनहरूलाई निम्नानुसारको जोडदार निर्देशन हुने गर्थ्यो–

(१) प्रत्येक पञ्चायतमा सङ्गठनको प्रारम्भिक समिति नखुलेको भए खुल्नुपर्छ र सक्रिय पनि हुनुपर्छ ।

(२) प्रत्येक पञ्चायतमा महीनाको एक पटक समितिको तर्फबाट आमसभा हुनैपर्छ र 'उद्बोधन र रामायणको' व्याख्या जनतासमक्ष हुनैपर्छ । ताकि आत्मस्मृति, जागरण, निर्भीक अभियानका निर्देशन-मन्त्रहरूको र संस्कृतअध्ययनको निर्देशन-महामन्त्रको मकसदलाई स्थानीय महिलाहरूले राम्ररी सम्झन सकून् र साथै रामायणका आदर्श परिवार-बाट गृह र राष्ट्रको स्वर्गीय शान्तिसमृद्धिको लागि चरित्रनिर्माण गर्न सिकून् ।

(३) जिल्लासङ्गठनले आफ्नो आयस्रोतबाट ''उद्बोधन र रामायण'' को पुस्तिका छपाएर परल मुल्यमा यसरी बिक्रीवितरण गर्नुपर्छ

कि पञ्चायतपिच्छेका सम्पूर्ण महिलाहरूको हात हातमा पुग्न सकोस् ।

(४) प्रत्येक पञ्चायतका निराश्रय, दीन हीन महिलाहरूको निमित्त कुटीर उद्योगको सञ्चालन गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायसंग म. प्रा. समितिले सम्बन्ध गरोस् । त्यस कार्यलाई सफल पार्न केन्द्रले पनि सहयोग गर्नेछ ।"

उमाले जति अञ्चलको भ्रमण गर्ने हो, ती सबैमा यही अनुसारको कार्यक्रम-सञ्चालन गर्ने निर्णय थियो । पहिलो वर्ष वर्षासमय आइहालेको हुनाले अरू अञ्चलको भ्रमण हुन सकेन । कर्णाली अञ्चलको मात्र भ्रमण हुन सक्यो । वर्षाभरि भ्रमणको कार्यक्रम स्थगित नै भयो । जब आश्विन लाग्यो उमाले भ्रमणप्रारम्भ गरिन् । त्यस हिउँदमा चार पाँच अञ्चलको, जेष्ठसम्ममा फेरि तीन अञ्चलको र तीभित्र पर्ने धेरै जिल्लाको उमाले भ्रमण गरिन् । ती ती जिल्लाका जिल्लासङ्गठनहरूमा निर्देशन पुग्यो । यसै गरी भ्रमण गर्दै, आत्मस्मृति र जागरण दिँदै अधिराज्यकै महिलाहरूमा सङ्गठनले तीन वर्षभित्रमा यति क्रान्तिकारी चेतना र उन्मेष ल्याइदियो कि सच्चा नेतृत्वले कस्तो काम गर्दो रहेछ भन्ने कुराको बोध जनताले पायो । पञ्चायतपिच्छे अधिराज्यभरि नै महिला प्रारम्भिक समितिहरूको सक्रियतापूर्ण चहलपहलहरू देखा पर्न थाले ।

निर्वाचनको केही महीनापछि नै अधिराज्यका महिलाहरू कसैलाई वैध-उपायबाट समाधान गर्न सकिने र व्यवस्थापक दृष्टिले निराकरण गर्नुपर्ने कुनै पीरमर्का परेको छ भने महिलासङ्गठनले त्यसनिम्ति मार्ग-निर्देश गर्नेछ, पीरमर्का पर्नेले केन्द्रीय महिलासङ्गठनकार्यालयमा निवेदन दिनू भन्ने केन्द्रीय महिलासङ्गठनको सूचना गो. प. द्वारा प्रकाशित भएको थियो । त्यसले गर्दा साना ठूला मामिलाहरूलाई लिएर केन्द्रीय सङ्गठन

कार्यालयमा समय-समयमा महिलाहरूका निवेदनहरू परिरहन्थे। साढे तीन वर्षभित्रमा करीव सत्र अठ्ठार ओटा मामिलामा सङ्गठनले महिलाहरूलाई मार्गनिर्देश गर्‍यो। दश पन्ध्र मामिलाहरूमा सङ्गठनले ठाउँ ठाउँमा सिफारिश गरिदियो। आठओटा प्रतिनिधिमण्डलमा भाग लिएर महिलाहितको लागि वारिसी गर्‍यो। पाँच छओटा मामिलाहरूरा घटनास्थलमै पुगेर, मध्यस्थता गरेर झगडियाहरूका बीच सम्झौता गराइदियो। यस्तो अविच्छिन्न सेवाकार्यक्रमबाट महिलासङ्गठनले अधिराज्यभरि नै आफ्नो निकै नै ख्याति र कीर्तिमान कायम गर्‍यो।

आश्विन तीन गतेको दिन थियो। त्यो दिन पाटन हरिसिद्धि घर हुने देवकुमारी सिखडाको निवेदनउपर छलफल हुने सूचना भएअनुसार उक्त देवकुमारी सिखडा पनि महिलासङ्गठनकेन्द्रीयकार्यालयमा उपस्थित भएकी थिईं। अध्यक्ष उमाको आज्ञा लिएर कार्यसमितिकी सदस्या विमला आचार्यले निवेदन बाँचेर बैठकलाई सुनाउन थालिन्–

श्री अध्यक्ष, के. महिलासङ्गठन

केन्द्रीय कार्यालय, काठमाडौं।

महोदय,

मेरो घर पाटन हरिसिद्धि हो। म गोपीनाथ सिखडाकी श्रीमती हुँ। सोह्र वर्षको उमेरमा मेरो विवाह भएको थियो। म अहिले तीस वर्षकी भएँ। मेरा श्रीमान्‌ले घरमा अर्की श्रीमती ल्याएर मलाई ज्यादै अवहेलना गरेको हुनाले घरमा बस्न, टिक्न नसकेर म अहिले आफ्नो माइतीघर बनेपामा आएर बसेकी छु। दश वर्षकी मेरी छोरी मसंगै थिई। म नभएको बेला पारेर मेरा श्रीमान्‌ले उक्त छोरीलाई लिएर गएछन्। अहिले म एक्लै छु। माइतमा पनि आफ्ना बाबु-

आमा परलोक भइसके। दाजु-भाउज्यू मात्र भएकाले मेरो कुनै आदर छैन। मैले एक घरो लगाउन र एक गास खानसम्म पनि पाइन। सारै दुःख पाएँ। मैले धेरै पटक आफ्ना श्रीमानूसंग गएर एउटा व्यवस्था गरिदिनुहोस् भनें। केही वास्ता गर्नुभएन। अड्डाअदालत गरेर आफ्नो अंश लिन म सक्तिन, मददगार कोही छैन। यसैले म यस सङ्गठनमा आफ्नो श्रीमानूको अन्याय र अत्याचारको विरुद्ध उजुर गर्न आएकी छु। सङ्गठनद्वारा मेरा श्रीमानूलाई बोलाएर, कागत गराएर निजबाट मेरो अंश दिलाइपाऊँ। जो आदेश।

निवेदिका–

देवकुमारी सिखडा

निवेदन सुनिसकेपछि अध्यक्ष उमाले निवेदिका देवकुमारीकै समक्ष अरू सदस्याहरूलाई सोधिन्– "यसमा के गर्नुपर्ने देखनुभयो तपाईँहरूले ?"।

सदस्याहरूमध्ये शान्ता सुवेदीले भनिन्– "यिनको श्रीमानूलाई यहीं कार्यालयमा झिकाएर सम्झाउने, नसम्झिए यिनलाई कि अञ्चलाधीशकार्यालयमा, कि अदालतमा जाऊ भनिदिने। यिनले अञ्चलाधीशकार्यालयतर्फ उजुरी गर्न गएमा, वेहोरा बुझ्दा उचित लाग्योभने सिफारिश पनि गरिदिने। यस्तो केसमा संधै यसै गर्ने गरिएको थियो।"

अरू सदस्याहरूले पनि शान्ता सुवेदीकै रायलाई समर्थन गरे। त्यसपछि अध्यक्ष उमाले देवकुमारीतिर फर्केर भनिन्– "तिम्रो निवेदन पढ्यौं। त्यत्तिबाट तिम्रो घरको सबै कुरा हामी बुझ्न सक्तैनौं। मिसिलै नबुझी के निर्णय गरौं। के भएर तिमी र तिम्रा श्रीमानूका बीच यसरी मनमुटाव भयो ?"

देवकुमारीले फहरिएर भनी– ''अध्यक्षज्यू ! लेख्ने मान्छेले पनि राम्रो पार्न श्रीमान् भनेर लेखिदिएको, यहाँहरूले पनि कस्तो न छ भनेर श्रीमान् भन्नुभएको ! मेरो लोग्ने भनाउँदो लवस्तरो के को श्रीमान् भन्न सुहाउँदो छ र ? कहीं नभएको खिच्चू छ। अन्यायी अत्याचारी मुखै देखे पनि पाप लाग्ने मान्छे छ। अध्यक्षज्यू, त्यसले न्यायइन्साफको काम गरिदिएको भए मैले यस्तो उजुरी गरेर किन हिड्नुपर्थ्यो ? घरमा अर्की रण्डी ल्याएर राखेको छ। न त्यसलाई निकाल्छ। न मलाई अंश दिन्छ। गएर भन्योभने घरमा आएर बस् भन्छ। मरेका सात पुस्ता आएर बिन्ती गरे पनि त्यो राँडी रण्डी बसुन्जेल म त्यो घरभित्र पस्तिन। हजुरहरूले मेरो लोग्ने भनाउँदाको टुप्पी समातेर मेरो अंश दिलाइदिनुपर्छ। अब त्यो घरमा पस्न र त्यससंग बस्न मलाई पटक्क मन छैन।''

त्यो सुनेपछि उमाले देवकुमारी सिखडालाई भनिन्– ''आज आइतबार भयो। अर्को हप्ताको मङ्गलबारतिर आऊ। के गर्न उचित पर्छ, सङ्गठनले के गर्न सक्छ, त्यो दिन निर्णय दिउँला।''

उमाले बिदा दिएपछि देवकुमारी त्यहाँबाट हिंडी। त्यो गइसके-पछि उमाले अरू सदस्याहरूलाई भनिन्– ''यस्ता दुर्मुखा आइमाईको निमित्त, हुन त कुरा बुझ्न बाँकी नै छ हामीले सिफारिश गर्दै हिंड्यौं–भने सङ्गठनकै बदनाम हुन्छ। यो आइमाई कत्ति ठीक छैन। हाम्रो अगाडि त कत्ति ममता नराखीकन आफ्नो लोग्नेलाई लोग्नेभनाउँदो भन्छे, लबस्तरो भन्छे, तंतं र मम गर्छे, सौतालाई राँडी र रण्डी भन्छे। यस्ती कर्कश प्रकृतिकी आइमाईबाट लोग्ने रिझिने त कुरै भएन। अझ मुख मात्र यस्तो नभएर यसको काम पनि उस्तै हुनुपर्छ। जसले

गर्दा बिचरो लोग्नेले अर्की ल्याउन बाध्य हुनुपऱ्योहो। उसकै मुखले भनी– लोग्नेले उसलाई घरबाट निकालेको होइन रहेछ त ? लोग्नेले त्यसो भन्दा भन्दै किन यो घरमा नगएकी ? काम गरे, मदद गरे, अर्थात् लोग्नेको मनोवृत्तानुसारिणी भए कुनै लोग्ने नरिझिने हुन्छ ? कचिङ्गल बढाएर घरलाई संधै नरक बनाउनु र आफू पनि संधै गाँस-बासहीन भएर भौंतारिदै हिंड्नुको सट्टा घरमै बसेर लोग्नेको सेवा-शुश्रूषा गर्नु, सौतालाई पनि बहिनी भनेर, स्नेह गरेर हरेक काममा सगाउनु गरे त के लोग्ने, के सौता ! सबै रिझिइहाल्थे नि ? घरै स्वर्ग भइहाल्थ्यो नि ? यस सम्बन्धमा महाकवि कालिदासको नाटक अभिज्ञानशाकुन्तलमा एउटा श्लोक छ । महर्षि कण्वले छोरी शकुन्तलालाई घर पठाउन लाग्दा दिएको उपदेश हो । सबै गृहस्थले आफ्ना छोरी घर पठाउँदा, करोड रूपियाँको दाइजोभन्दा मूल्यवान् सम्झेर यो उपदेश दिएर पठाउनुपर्ने हो। कस्तो दिव्य उपदेश छ त्यो ? त्यसअनुसार हिंड्ने होभने कुनै महिलाले पनि घरायसी दुःख पाउन्न । यही दुर्मुखाले पनि, अझै त्यस उपदेशअनुसार चलीभने घरमा पाउनुपर्ने आफ्नो औगात अनुसारको सुखशान्ति पाउन थालिहाल्छे । यसमा शङ्का छैन । साँच्चि भनूंभने घर घरमा राखनको लागि महिलासङ्गठनले एउटा क्यालेन्डर नै बनाएर महिला जातिको कल्याणको निमित्त वितरण गरिदिए हुन्छ– माथि श्लोक र त्यसको अनुवाद, तल महीना, गते, तिथि, बार हालेर ।"

सबै सदस्याहरूले हँसिलो चेहरामा तंछाड मछाड जस्तो गरेर भने– "उसो भए त्यो श्लोक त पहिले हामीले पनि सुन्नुपऱ्यो, जान्नुपऱ्यो ।"

उमा– 'लौ सुन्नुहोस्–

शुश्रूषस्व गुरून्, कुरु प्रियसखीवृत्ति सपत्नीजने
भर्तुर्विप्रकृताऽपि रोषणतया मास्म प्रतीपं गम;
भूयिष्ठं भव दक्षिणा परिजने भाग्येष्वनुत्सेकिनी
यान्त्येवं गृहिणीपदं युवतयो, वामाः कुलस्याधयः!

अर्थात्– आफ्ना मान्य जन सासू, ससुरा र पतिहरूको सेवाशुश्रूषा गर्नू। सौता छभने अथवा हुन आईछभने त्यससंग आफ्नी परम प्यारी सङ्गिनीसंग गर्ने व्यवहार गर्नू। पतिले हेला गरेभने पनि फकिएर कहिल्यै पनि पतिको मनोवृत्तिको प्रतिकूल भएर नचल्नू नबोल्नू। आफ्ना (परिवारका साना सदस्य र) नोकरचाकरहरूमाथि संधै स्नेहपरायण हुनू र आफ्नो केही उन्नतिप्रगति भयोभने त्यसलाई लिएर कसैसंग पनि घमण्ड नगर्नू। यस्तो शील स्वभावका स्त्रीहरू मात्र सच्चा गृहिणी बन्न सक्छन्, यसको विपरीत चल्ने स्त्रीहरूचाहिं वंशकै निमित्त चिन्ताजनक भइरहुन्छन्।"

उपदेश यही हो। यो उपदेश कति सत्य रहेछ। प्रमाणको रूपमा हेर्नुहोस्– त्यो आइमाई आफैं त्यसै चिन्तित भएर हिंडेकी छ। अरूलाई पनि चिन्तित पारेकी छ। जहाँ कर्तव्यपरायणता छैन, त्यहाँ चिन्तै चिन्ता सिवाय अरू के हुन सक्छ? यो उपदेश तपाईंहरूलाई कस्तो लाग्यो?"।

सबै सदस्याहरूले एकै मुखले भने– "ओहो, ज्यादै राम्रो, ज्यादै गहकिलो, फेरि जुनसुकै राष्ट्रलाई पनि मिल्ने उपदेश रहेछ!

उमा– "यस्ता पूर्वीय संस्कृतिका प्रिय सन्देशहरू पाश्चात्य जगत्का महिलाहरूलाई सुनाउने ज्यादै इच्छा थियो। विश्वशान्तिको निमित्त अन्तर्राष्ट्रिय स्वयंसेविकासंघ नै खोलेर विश्वभरिकै महिलाहरू-

लाई सङ्गठित तुल्याएर सक्रिय तुल्याउने इच्छा पनि थियो । श्री ५ महाराजाधिराज सरकार र श्री ५ बडा महारानी सरकारको दर्शन-भेटमा आफ्नो यस्तै इच्छाको कुरा बिन्ती गरेकी पनि थिएँ । "काम गर्न सक्छ्यौभने गर न, त्यो त राम्रै कुरा हो नि" भनेर हुकुम भएको इजाजत बक्सेको पनि हो। आफैले केही गर्न सकेकी छैन । अञ्चल-अञ्चलमा वृद्धाआश्रम र विधवाआश्रम नखोलिसकेसम्म टाढा विश्वका कुरा कता गर्नु ? कि साधन भए पनि उता पनि काम शुरू गरौं न त भन्नु थियो, त्यो पनि छैन। नत्र हाम्रा पूर्वीय संस्कृतिबाट निर्दिष्ट नारी-कर्तव्यसम्बन्धी यस्ता भावनाहरू विश्वमा पुऱ्याउनपाए कत्रो कल्याण हुन्थ्यो !" ।

विमला आचार्य- "अध्यक्षज्यूले भन्नुभए जस्तै महाकवि कालिदासको यो उपदेश त क्यालेन्डर नै बनाएर महिलाहरूको निमित्त घरघरै टाँस्नु-पर्ने, विश्वमै प्रचारप्रसार पुऱ्याउनुपर्ने उपदेश रहेछ। अझ त्यस्तो अन्त-राष्ट्रिय स्वयंसेविकासंघ नै खोलेर विश्वमा पुग्न सक्ने काम गर्न सके त जुनी नै फेरेजस्तो भइहाल्थ्यो नि !"

उमा- खास कुरा के छ भने- यो उपदेशअनुसार जुन स्त्री चल्छे, त्यसका कोही पनि शत्रु हुँदैनन्, जसबाट चिन्ता परोस् । यसको ठीक विपरीत चल्ने देवकुमारी जस्ताका सबै शत्रु हुन्छन् । त्यसैले उसलाई सबैतिरबाट चिन्तै चिन्ता भइरहन्छ । त्यसका कुरा सुन्दैमा त्यसप्रति हामीलाई पनि घृणा उठिसक्यो । यसको अर्थ त्यसका हामी पनि प्रति-कूल अर्थात् शत्रु भइसक्यौं । अब हामीबाट पनि उसलाई चिन्तै थपिन्छ ।"

सबैले हाँसेर भने- 'हो' ।

अनि उमाले सचिव अहगा श्रेष्ठतिर फर्केर भनिन्– "त्यसको मात्रै कुरा सुनेर कतै सिफारिश गर्न हुँदैन । त्यसैले लोग्नेचाहिँलाई बोलाएर दोहोरो कुरा सुन्नुपर्छ । त्यसनिम्ति केही सोधपुछ गर्नुपरेकोले उपस्थित हुनुहोला भनेर उपस्थितिको लागि हप्ता दिनको म्याद दिएर, त्यसको लोग्नेलाई पत्र लेखेर झिकाउनुहोस् । सबै कुरा बुझ्नुपर्छ । यस्ता आइमाईको वारिसी गर्दा कतै सङ्गठनकै बदनाम नहोस् !"

अनि त्यो अर्को निवेदन थियो नि, भगवती भन्नेको । उसले मेरै घरमा आएर मलाई निवेदन दिएकी थिई । त्यो निवेदन मैले तपाइँकै हातमा दिएको थिएँ । खै, त्यो झिक्नुहोस् त । मैले घरैमा त्यो निवेदन सर्सर्ती हेर्दा त्यसलाई निकै मर्का परेको, अन्याय परेको जस्तो लागेको छ । मलाई सासूससुराले भुत्ल्याउँछन् । जिउमा मट्टीतेल हालेर, आगो सल्काएर मार्छौं भनेका छन् इत्यादि इत्यादि चित्तै दुख्ने गरी त्यसमा लेखिएको छ ।"

सचिव– "त्यो ससुरो र सासूबुहारीको घरायसी झगडा हो । यस्ता मुद्दा हेर्न थाल्ने होभने त सङ्गठनले अरू काम गर्ने फुर्सद नै पाउँदैन । यस्ता झगडा घरघरै छन् अध्यक्षज्यू ! हेरेर साध्यै छैन । त्यसैले मैले त्यस निवेदनलाई फाइलै गरिदिएको छु ।"

उमाले भनिन् - "होइन, होइन । हाम्रो जस्तो रूढिवादी समाजमा त्यस्तो अन्याय भइरहन्छ । यो ज्यादै स्वाभाविक कुरा छ र ज्यादै हृदयविदारक, ज्यादै विचारणीय । खास झगडाको बीज त्यहाँ के रहेछ भने, मलाई एक जनाले त्यसबारे तथ्य कुरा बताइदिसकेको छ । सासू-ससुरा श्रेष्ठ जातका रहेछन् । छोरोचाहिँले तल्लो जात,– मानन्धर जस्तो लाग्छ– की केटीलाई प्रेमविवाह गरेर घरमा ल्याएछ । केटी सबै

वर्षकी छ। जात नमिलेकोले बाबुआमाले कति मन पराएनन्। उनीहरूले त्यो केटीलाई अनेक यातना दिएर टिक्न, बस्न नदिन आँटेका छन्। त्यो केटीलाई कस्तो सङ्कट परेको छ भने माइततिर पनि उसकी आफ्नी आमा मरिसकेकी रहिछ, सौतेनी आमाले यसै नसहिरहेकी, त्यसमाथि पनि माइतीको सम्मतिविरुद्ध यो केटोसंग प्रेम गरेर हिंडेकी हुनाले माइततिर जाँदा पनि यसलाई प्रश्रय छँदै छैन। सासूससुराले त्यसरी भुतल्याउँदा कुट्ता कसरी बसिरह्यौ त भनेर मैले सोध्दा, कति चित्त दुख्ने गरी त्यसले भनी भने– "जति कुटे पनि, जति भोकै राखे पनि, घर नछोड्। नत्र तेरो सदाको निमित्त घर बिग्रन्छ भनेर छिमेकीहरूले मलाई माया गरेर उपदेश गरेका छन्। त्यसै भएर सहनसम्म सहेर बसिरहेकी छु।"

यसरी मैले आफैं भेटेर त्यसको कुरा सुनेको छु। कुरा सुन्दा त्यो बनाएर बोल्ने स्वभावकी मानिस होली जस्ती पनि छैन। जे भनेकी छ, साँच्चै मर्कं परेर भनेकी छ भन्ने बुझिन्छ। यसरी जाति, वर्ण, लिङ्गको, दारिद्रय र सम्पन्नताको कारणले कसैको अधिकारमा खलल पर्न, न्यायइन्साफमा विपरीत प्रतिक्रिया पर्नचाहिं हामीले दिन हुँदैन। खास गरी महिलासङ्गठनले विचार गर्नुपर्ने कुरा यिनै र यस्तै हुन्। भन्नुहोस् त ! बिचरी त्यो केटीको के दोष ? केटोले फकाएर ल्यायो, ऊ आई। एक किसिमले सत्र वर्षकी केटीलाई अबोध नै भने हुन्छ।"

यति कुरा भइसकेपछि त्यो दिन कार्यविशेषले उमा कार्यालयबाट निस्किन्। भोलिपल्ट त्यस कुराको प्रसङ्ग नै उठेन। तेस्रो दिन बिहीबारको साप्ताहिक पत्र 'जाग्रत् नेपाल' ले पहिलो पेजमा नै ठूलो प्वाइन्टको अक्षरमा "ससुरोले बुहारी मार्‍यो" शीर्षक दिएर एउटा हृदयविदारक

समाचार प्रकाशित गऱ्यो। जसको सारांश यो थियो– ''बानेश्वर बस्ने रामलाल श्रेष्ठले, छोरो विराटनगर गएको बेला पारी, छोरोले प्रेम-विवाह गरेर ल्याएकी, तल्लो जातकी हुँदा आफूलाई मन नपरेकी बुहारी भगवतीको जिउमा राति मट्टीतेल खन्याएर, आगो सल्काइदिएर माऱ्यो। त्यस ससुरोले उक्त बुहारीलाई मट्टीतेल खन्याएर आगो सल्काइदिएर त्यसै गरी मार्ने धम्की धेरै पटक दिएको थियो रे भन्ने कुराको चर्चा नजीकका छरछिमेकमा अहिले भइरहेको छ। पुलिसले यस कुराको सुराक पाएर रामलाल श्रेष्ठको घर घेरेर, लास निकालेर जाँच पडतालको निमित्त वीरहस्पिटलमा बुझाइदिएको छ र ससुरो रामलाल श्रेष्ठलाई पक्रेर हिरासतमा थुनेको छ।''

यो समाचार पढ्नेबित्तिकै उमाको हृदयमा त्यस मर्ने केटीप्रति सहानुभूति र हत्यारो ससुरोप्रति घृणा र द्वेषको भावना उम्लेर आयो। त्यो दिन त्यसै बित्यो। शुक्रबारको दिन उमाले सङ्गठनको कार्यालयमा समाजको संकीर्ण रूढिवादी धारणाको निन्दा गर्दै त्यस घटनाप्रति चिन्ता व्यक्त गरेर आफ्ना सदस्याहरूलाई भनिन्- ''मैले त अस्ति भनेकै थिएँ नि !– यो नराम्रो कुरा छ भनेर। नभन्दै त्यस्तै भयो। सानो अन्याय भयो यो ?''

यता यो मामिलामा अब के होला भनेर पर्यवेक्षकहरूमा उत्कण्ठा हुँदा हुँदै शुक्रबार पनि बित्यो। शनिबारको दिन तीन चार बजेको समयमा चेतना भन्ने दैनिक पत्रिकाले यसबारे नयाँ समाचार दियो– ''भगवतीको लासजाँच हुँदा हस्पिटलले हृद्‌गति बन्द भएर मृत्यु भएको हो भनेर रिपोर्ट दिने भएको छ। आइतबार लाश जलाइने, यो काण्डको टुङ्गो लाग्ने र निज मर्ने भगवतीको ससुरो रामलाल श्रेष्ठ पनि त्यही

दिन हिरासतबाट छुट्ने कुरा निश्चित छ" भनेर हाम्रो एक विश्वस्त सूत्रले बताएको छ।"

यो समाचार पढेपछिचाहिँ उमाका अन्याय, अत्याचारविरोधी विद्रोही भावनाहरूका वैशिष्टचहरूले उनलाई घच्घच्याउन थाले। उनीमा त्यस अत्याचारी हत्याराप्रतिका प्रतिक्रियाका भावनाहरू, यहाँका पुलिस र डाक्टरहरूका अनैतिक भ्रष्ट क्रियाकलापहरूप्रतिका विद्रोहका भावनाहरू स्वतः उम्लन थाले। उनी सधैं भन्थिन्– 'महिला भनेका महाकालीका अंश हुन्!। महिला जाति अपार शक्तिको स्रोत हो। महिलाहरूले सङ्कल्प गरेभने यो विश्वमा के गर्न सक्तैनन् ?" नभन्दै आज उनीमा मानों साक्षात् महाकालीले नै प्रवेश गरेकी छन्। उनी आज आफूलाई परम शक्तिशालिनी ठान्दछिन् र सान्दर्भिक अन्याय अत्याचारको विरुद्ध केही गर्न चाहन्छिन्!

उमाले शनिबार बेलुका नै कतै फोन गरेर, कतै मानिसै दौडाएर, भोलिपल्ट आइतबार बिहान सात बजे महिलासङ्गठन केन्द्रीय समितिका सबै सदस्याहरूलाई सङ्गठनको कार्यालयमा उपस्थित हुने सूचना दिइसकेकी थिइन्। सूचनाअनुसार नै भोलिपल्ट ठीक समयमा सबै सदस्याहरू कार्यालयमा जुटे। त्यो दिन उमा साँच्चै शुम्भविमर्दिनी उमा (चण्डी) नै बनेकी थिइन्। क्रोधले बलेजस्तो उनको मुख लाल थियो, आँखा पनि लाल थिए आगाका फिलिङ्गा झार्लान् जस्तो! त्यो दिन त कपाल पनि प्याङलाङ्ग! लेखेको चार पत्र कागत हातमा लिएर उनले चर्को कमाण्ड गर्ने भङ्गीमा भनिन्– "बहिनी हो! आज तपाइँहरूले महिलासङ्गठनको अस्तित्व, महत्त्व र प्रतिष्ठा जोगाउनुपरेको छ। महिलामाथि परेको अन्याय अत्याचारको विरुद्ध संघर्ष गर्नुपरेको

छ । तपाईंहरूले अब बोल्ने, छलफल गर्ने बेला छैन । सिर्फ अध्यक्षको आज्ञापालन गर्दै, काम गरिहाल्ने बेला आएको छ। सुन्नुहोस् यो पर्चा हो ।

"राजधानीका सचेत दाजुभाइ, दिदीबहिनी हो !

क्रूर हत्यारो ससुरोबाट एक निरपराध (बुहारी) केटीको हृदयविदारक ढङ्गबाट हत्या भएकोमा हस्पिटल, पुलिस सबतिर त्यही हत्याराको पहुँच पुगेको हुनाले यस केसलाई झिसमिस तुल्याइँदै छ। आज हस्पिटलबाट लाश निकालेर जलाउन लगिँदै छ। हामीले त्यस लाशलाई अस्पतालबाट निकाल्नुअघि धेरै इन्साफ माग्नु छ। ताकि अपराधी उम्कन नपाओस् । भविष्यमा फेरि यसरी निरपराध महिलाहरूमाथि अन्याय अत्याचार हुन नपाओस् । यसनिमित्त दाजुभाइ दिदीबहिनी हो, तपाईंहरू सबै मिलेर महिलासङ्गठनलाई सहयोग दिनुहोस् । इन्साफ नभएसम्म लाशलाई बाहिर निकाल्न नदिनको लागि महिलासङ्गठन केन्द्रीय समितिकी अध्यक्ष उमा शर्मा, सदस्या चित्रला आचार्य, शान्ता सुवेदी र इन्दिरा अर्जेलहरूले वीरहस्पिटलको ढोकामा मार्गावरोध (पिकेटिङ्ग) गरिरहनुभएको छ । आउनुहोस्, यस धर्मयुद्धमा भाग लिनुहोस् । सङ्गठनलाई मद्दत दिनुहोस् ।

प्रार्थी

महिलासङ्गठन केन्द्रीय समिति

लौ पर्चा यही हो, सुनिहाल्नुभयो । यो चार प्रति छ । यसलाई सुनीता र ललिताले एउटा प्रेसमा, मञ्जु र अञ्जनाले अर्को प्रेसमा गएर छपाउनुहोस् । दुइ चार घण्टाभित्रैमा काठमाडौंभरि प्रचार पुऱ्याइसक्नुपरेकोले दुइटा प्रेसबाट छाप्नुपरेको हो। दुइटीमध्ये एउटीले

प्रेसमा बसेर छपाउन ताकिता गर्नुहोस्, अर्कोले छापिएको जति बाहिर लगेर वितरण गर्नुहोस् । सबभन्दा पहिले एक मुठा पर्चा लिएर पद्म-कन्याक्याम्पसका प्रबुद्ध छात्रीहरूलाई बाँडिदिनुहोस् र सहयोगको लागि उनीहरूसंग अपील गर्नुहोस् । ठूलो मद्दत मिल्छ । दुइ रूपमा जसको अगाडि पर्चा छापिन्छ, त्यसैले क्याम्पसमा जानू ।

यति भनेर सय सयका दशओटा नोट झिकेर विमलाको हातमा दिँदै उमाले फेरि भनिन्– लौ यो हजार रूपियाँ छ, पैसा त छपाउनकै निम्ति चाहियो, खानकै निम्ति चाहियो, कता के खाने हो ? रोटी किनेर, प्रेसैमा बसेर खाने ? कि प्रेसमा छाप्न दिएर आफू टयाक्सी लिएर घरमा गएर खाएर आउने ? त्यो पनि हुन्छ । लौ जे गर्ने हो, काम चाहिं नबिग्रोस् । छिटो होस् । विमला, शान्ता, इन्दिरा-चाहिं मसंग हिँडिहाल्नुहोस् । तपाईंहरूले पर्चा छापेर बाँड्नुअगाडि नै हामी हस्पिटलमा धर्ना दिन थालिसकेका हुन्छौं ।"

उमाले यसरी निर्देशन दिंदा दिंदै बीचैमा मीना बस्नेतले भनिन्– "सबै हामी आयौं । झन् सचिव अरुणा श्रेष्ठ नै आइपुगिनन् ।"

उमाले भनिन्– "चुप लाग्नुहोस् । अपराधी ससुरो हाम्रो सचिवको मामा रहेछ साक्षात् । त्यसैले त अस्ति कारबाही नै नगर्ने, यस्तो घरायसी झगडामा सङ्गठनले हात हालेर साध्यै छैन भनेर जिक्र गरि-रहेकी रहिछन् । मलाई यस्तो नाता रहेछ भन्ने पछिबाट थाहा भयो । त्यसैले यो केसमा मैले उनलाई बोलाउन, काम गराउन नै आँटिन ।"

यति कुरा हुँदा हुँदै उमाको भाइ र देवर आइपुगे । उमाले तत्परताका साथ सोधिन्– "ठीक भयो त ?

'सब ठीक भयो"

छ। महाकाली, महासरस्वती र महालक्ष्मीका अंश मेरा प्रिय दिदीबहिनी हो! एक दिन त हामीले मर्नैपर्छ। आज मरिन्छ कि भनेर नडराउनुहोस्। हिन्दूराज्यमा, राजतन्त्रव्यवस्थामा यस्तो अन्याय हुनै सक्तैन। हुनै हुँदैन। तपाईँहरूले संघर्ष नछोड्नुहोला। संघर्ष कायम भइरह्यो-भने राजारानीको कानमा यो समाचार पुग्छ। अनि अवश्य इन्साफ पाइन्छ। अब हाम्रो ठाउँमा बसेर सुनीता, ललिता र मञ्जुले काम गर्नू। रात परोस्, पानी परोस्, गोली चलोस्, लाठी चलोस् कुनै हालतमा पनि संघर्ष नछोड्नू।"

त्यस्तो भीडलाई हटाएर जान जीपलाई निकै मुश्किल पऱ्यो। त्यसैले यो कुरा उमाले पाँच छपटक दोहऱ्याएर भीडलाई सुनाउन सकिन्। अनि जीप महाकाल भएर सेन्ट्रल जेलतिर लाग्यो। तर "हाम्रो हातमा लाश दे, हत्यारालाई फाँसी दे!" यो नाराले हरवखत आकाश गुँजिरहेको थियो। त्यस्तो प्रत्यक्ष अन्याय परेको घटना भएकोले सरकारले हस्पिटलअगाडि गोली चलाइहाल्नु पनि उचित ठानेन। तर यस्तो अभूतपूर्व सत्याग्रह थियो त्यो!— तीन दिनसम्म पालो पालो गरेर भीडले न हस्पिटलको ढोकामा धर्ना दिन छोड्यो, न त सडकमा बसेर गगनभेदी नारा दिन नै छोड्यो। अन्याय र अत्याचारमाथि प्रतिक्रिया गर्न चाहने जनताको जोषलाई, न त्यति जाडो, न त्यति गर्मी! आश्विन महीनाले पनि राम्रोसंग सहयोग गरेको थियो। पुष माघको ठण्डी अथवा श्रावण भाद्रको वर्षा भए तीन दिन तीन रातसम्म हस्पिटल अगाडिको सडक कुर्न जनताको भीडलाई गाह्रो पर्थ्यो!

जेलमा पुगेपछि "सङ्गठनलाई लाश सुम्पियोस्, हत्यारालाई फाँसी दिइयोस्, झूठो रिपोर्ट दिने डाक्टर र अन्याय अत्याचारको

ढाकछोप गर्ने पुलिस अधिकृतहरू सबैलाई कडा सजाय दिइयोस्"– यी तीनौटा मांग राखेर अध्यक्ष उमाले आमरण अनशन प्रारम्भ गरिन् । अनशनमा साथ दिन खोज्ने अरू आफ्ना साथीहरूलाई उमाले जेल-भित्र यस प्रकार निर्देशन दिएको हुनाले अरूले अनशन गरेका थिएनन्– "मेरो मृत्युपछि तपाईंहरूमध्ये एक जनाले मैले जस्तै गरेर आमरण अनशन प्रारम्भ गर्नू । त्यसको पनि मृत्यु भयो-भने फेरि अर्कोले आमरण अनशन प्रारम्भ गर्नू । यो क्रमसंग संघर्षलाई लम्ब्याउनु पनि पर्छ र निरन्तरता प्रदान पनि गर्नुपर्छ ।" यो खबरलाई राजधानीका सारा पत्रपत्रिकाहरूले प्रकाशित गरे । उता जति पक्रिएर थुनिँदै गए पनि हस्पिटलको ढोकामा धर्ना बस्ने क्रान्तिकारी महिला-हरूको ताँती घट्तैन थियो । जनताको त्यो जाग्रत् स्थितिमा, शक्तिका स्रोत महिलाजातिको कारुण्य समुद्रको ज्वारभाटा सीमा नाघेर उर्लेको अवस्थामा पुलिसले लाश निकालेर जलाउन लाने साहस गर्न कत्ति पनि सकेन । बुधबार दिनको दुइ बजेको समय थियो । चार जना महिला पुलिसहरू लिएर गृहप्रशासनका एक जना ठूला अफिसर जेलभित्र गए, उमालाई भेटे र एकान्तमा उनले उमालाई भने– "अध्यक्षज्यू, हजुरले यस्तो आग्रह लिइरहन भएन । सरकारले सही कुरा पत्ता लगाइसकेको छ । अब जे हुनु भइसक्यो । कसलाई सजाय दिएर के हुने ? सरकारको काम शान्तिसुरक्षा कायम गर्नु हो । अहिलेको स्थितिमा सरकारले काम गर्दा अलि कडा पाइलो नै चाल्नुपर्ने हुन्छ, त्यसबाट झन् नराम्रो हुँदै जान्छ । त्यसो नहोस् भनेर हजुरलाई अनुरोध गर्न म आफैं आएको हुँ । यो अशान्तिलाई कायम रहन दिनुभएन ।"

उमा– "यो अशान्ति मैले मच्चाएको कि डाक्टर र पुलिसहरूले

मच्चाएका महाशय ! के कुरा गर्नु भएको ? निष्पक्ष न्यायोचित काम गरिदिएको भए यो स्थिति हुन पाउँथ्यो ?"

"ओ हजुर ! जे भयो, भयो । मैले अघि नै निवेदन गरिसकें नि– 'सरकारले सब कुरा बुझिसकेको छ ।' जजसले नराम्रो काम गरेका छन्, त्यसको परिणाम तिनीहरूले भोग्नैपर्छ । सरकार चुप लागेर बस्तैन । पछि त्यो कुरा हजुरलाई स्पष्ट हुन्छ । तर अहिलेलाई ज्यादै नराम्रो भयो । रातदिन अस्पताल वरिपरिको त्यो अशान्ति र भीडलाई हटाउनु-पर्‍यो । त्यसलाई कायम रहन दिन भएन । दुइ लाख टक्याउँछु, हजुर घरमा गएर स्वास्थ्य उपचार गरिबक्सियोस् । यो अनशनले त शरीर-लाई खराब गर्छ हजुर ! यस्तो गरिरहन हुँदैन !"

"म अहिले गलेकी छु । धेरै बोल्न सक्तिन । म आफ्नो राष्ट्र र जनताप्रति ईमान्दार, निष्कलङ्क, सेविका भएर बाँच्न चाहन्छु । तपाईंको अनुरोध मलाई कत्ति पनि लाग्दैन । जे गर्नुपर्छ, गर्नुहोस् ।"

धेरैबेरको प्रयासपछि पनि असफल भएपछि महिला पुलिसहरू-सहित ती अफिसर फर्किए । बाहिर जनतामा जोश र आवेश झन् झन् बढेको थियो । राजधानीका सडक सडकमा, गल्ली-गल्लीमा, पार्क-पार्कमा, घर-घरमा, पसल-पसलमा एउटै कुरा थियो– 'ठूलो अन्याय भयो ।' के महिला, के पुरुष सबैको मुखमा यही थियो - "अध्यक्ष उमा सफल होऊन्, नत्र यो राज्यमा बस्नै भएन ।"

धेरैको भनाइ थियो– "ठूलो खलबल भयो । वरिपरिको कुराले मात्र अब दर्बार झुक्किदैन । सहि कुरा पुग्छ । इन्साफ हुन्छ ।"

त्यो दिन, त्यो रात पनि बित्यो । सङ्गठनको नेतृत्वमा जाग्रत् महिलाहरूले अस्पतालको ढोकामा धर्ना दिन छोडेनन् । खास गरी पञ्च

कन्याक्याम्पसका जागरित छात्रीहरूले आफ्नो विद्याको, जागरणको, चेतनाको, यौवनस्थ उत्साह र साहसको सदुपयोग गरेर अन्याय अत्याचारको विरुद्ध त्यस संघर्षमा ठूलो मद्दत दिए। अस्पतालको ढोकामा धर्ना दिनेहरूमा अन्ठानब्बे प्रतिशत पद्मकन्याक्याम्पसका छात्रीहरू नै थिए। पाँचौं दिन, बिहिबारको बिहानदेखि वातावरण बदलियो। किनकि त्यस दिनकै गोरखापत्रबाट "अपराधीलाई कारागार" शीर्षक यो समाचार प्रसारित गरियो, जसलाई उत्सुकता र हर्षोल्लासका साथ सारा जनताले दोहऱ्याई दोहऱ्याईकन पढे– समाचार यस प्रकार थियो— "काठमाडौं, आश्विन ५ गते। बानेश्वर घर हुने रामलाल श्रेष्ठले आफ्नी बुहारी भगवतीलाई शरीरमा मट्टीतेल खन्याई आगो लगाई माऱ्यो भन्ने उजुरी पर्न आउँदा पुलिसले मरेको लाशलाई पोष्टमार्टनको निमित्त हस्पिटललाई सुम्पेर अभियुक्त रामलाल श्रेष्ठलाई बुझबुझारथको लागि हिरासतमा थुनेको थियो। अब हस्पिटलले पनि निज भगवतीलाई मट्टीतेल खन्याएर, जिउमा आगो सल्काइदिएर नै मारेको ठहऱ्यायो र निज अभियुक्त रामलाल श्रेष्ठलाई पनि पुलिसले यस निर्मम हत्याको कारणी अपराधी ठहऱ्याएर भद्रगोल जेल चलान गऱ्यो। महिला-सङ्गठनको मांगबमोजिम मृतकको लाश सङ्गठनका प्रतिनिधिहरूको नै जिम्मामा दिइयो।"

यो समाचार बाहिर प्रसारित हुने बित्तिकै जनतामा हर्ष र आनन्दको लहर फैलियो। महिलासङ्गठनका कार्यकर्त्रीहरू र पद्म कन्याक्याम्पसका छात्रीहरूको संयुक्त आयोजनामा त्यही दिनको दिउँसो दुइ बजे बसन्तपुरमा भेला भएर मांग पूरा भएको सुखद उपलक्ष्यमा विशाल जुलूस लिएर नगरपरिक्रमा गर्ने कार्यक्रम बन्यो र त्यसलाई पर्चाद्वारा व्यापक

प्रचार गरियो । उता दश बजे अड्डा खोल्नेबित्तिकै पुलिसहरूले उमा-हरूलाई जेलबाट झिकेर आ-आफ्नो घर पुऱ्याइदिए । निर्धारित कार्यक्रमअनुसार दुइ बजे वसन्तपुरबाट अभूतपूर्व भव्य विशाल जुलूस निस्केर नगरपरिक्रमा गऱ्यो । जुलूसमा नारा यी थिए–

(१) हिन्दूराज्य अमर होस् ।

(२) राजतन्त्र अमर होस् ।

(३) नेपाल महिलासङ्गठन जिन्दाबाद ।

(४) हत्यारालाई फाँसी हुनैपर्छ ।

नारामा "अध्यक्ष उमा शर्मा जिन्दाबाद !" भन्ने पनि थियो, तर सङ्गठनका कार्यकर्ताहरूले उमाकहाँ कार्यक्रमको बारे सम्मति माग्न जाँदा त्यो नारालाई उनी आफैंले काटिदिएकी रहिछन्– अझ त्यो नारालाई काट्ता उनले परिहास गरेर भनेकी पनि रहिछन् - "यो त हाम्रा देशका कतिपय स्वयंघोषित राजनीतिक नेताहरूले पैसाले किनेका आफ्ना कार्यकर्ताहरूद्वारा बेला-बेलामा आफ्नो नाम राखेर जिन्दाबाद ! भन्न लगाउने र त्यसद्वारा समाजमा आफूलाई ठूलो देखाउने नक्कली परम्परा बसाले जस्तै हास्यास्पद हुन्छ । त्यस्तो छोटो काम मलाई कत्ति पनि मन पर्दैन ।"

(६)

जेलबाट निस्केको पाँचौं दिन उमा घरमा पल्टिरहेकी थिइन् । शरीरमा ग्लानि थियो । कविराज आनन्दकुमारजीलाई बोलाएको रहेछ । वहाँले नारी छामेर भन्नुभयो– "अब दुइ चार दिन उठ्ने जुर्मुराउने काम नगरिबक्सियोस् । खाना मैले निवेदन गरेअनुसार ज्यूनार होस् । कमजोरी हटाउन महसंग ज्यूनार हुने अलिकति औषधि टक्र्याउँछु । अनि दुइ चार दिनमा नै हजुर अघिजस्तै होइबक्सन्छ, केही छैन । रोग छैन, खालि कमजोरी मात्र हो । बरु यहाँ धेरै मानिस भेट्न आउनुहुन्छ, कुराचाहिं अरुद्वारा नै हुनुपर्ला । विश्राम त राम्रै बरिबक्सनुपर्छ ।"

कविराज आनन्द कुमारजी गएपछि देवर गोपालले भने– "अमेरिकन राजदूतले ठीक दुइ बजे आइपुग्छु भनेकी थिइन्, पाँच मिनट बाँकी छ, अब.........

गोपालले यति भनिसकेको मात्र थियो, घरमुन्तिर मोटरको हर्न बजि पनि हाल्यो । अमेरिकन राजदूत आएकी रहिछन् ।* गोपालले

* त्यो ताक नेपालमा अमेरिकन राजदूत महिला नै थिइन् ।

तल पुगेर बाटो देखाउँदै उमाको कोठाभित्र ल्यायो । उमाले उठेर नमस्कार गर्न लागेकी थिइन्। राजदूतले अगाडि बढेर, हात मिलाएर उठ्न दिइनन् र भनिन्- "जेलबाट तपाईं छुटेकै दिन आउँथें। तपाईंलाई अनशनले गालेको होला । किन भेटेर दुःख दिऊँ भनेर आइन । महिलासङ्गठनको ठूलो प्रतिष्ठा तपाईंले राख्नुभयो । माग पूरा गर्न सक्नुभएकोमा तपाईंलाई बधाइ छ। हाम्रो अमेरिकनहरूमा तपाईंको धेरै धेरै चर्चा भइरहन्छ ।"

उमाले केही भन्न लागेकी थिइन्, बीचैमा रोकेर राजदूतले भनिन्- "स्वास्थ्य ठीक गर्नुहोस् । हप्ता दश दिनपछि एम्ब्यासीमै म यहाँलाई बोलाउँछु । अनि धेरै कुरा गरौंला । अहिले बोल्दा तपाईंलाई तकलीफ हुन्छ । चूप लागेर बस्नुहोस् । अहिले म गइ पनि हाल्छु ।"

यति भनेर एउटा बन्द खाम उमाको हातमा राखिदिएर अमेरिकन राजदूत हिंड्न लागेकी थिइन्, श्यामले दिन ल्याएको चियाकप उसको हातबाट लिएर अमेरिकन राजदूतको हातमा दिंदै गोपालले भन्यो- "कृपया यो एक कप चिया लिनुहोस् ।"

"ओहो ! किन, किन ? धन्यवाद, धन्यवाद !" भन्दै अमेरिकन राजदूत चियाकप समातेर सोफामा बसिन् र चिया खाँदै उमाका कोठाका भित्ताका तस्वीरहरू एक एक गरेर हेर्न थालिन् राजा-रानीका, देवीका ! साथै दक्षिणपट्टिको भित्तामा मालासमेत लगाइ-दिराखेको नौजवानको एउटा ठूलो तस्वीर थियो, फेरि त्यसैको मुन्तिर, पूजा गरिराखेको, माला लगाइदिएको, डेढ हात अग्लो कदको सङ्गमर्मरको प्रतिमा पनि थियो । ती दुइटैलाई राजदूतले निकै बेर

नियालेर हेरिन् र गोपालतिर फर्केर सोधिन्– "त्यो फोटो, त्यो प्रतिमा कसको हो ?"

गोपालले भन्यो– "वहाँ अध्यक्षज्यूका पति, मेरा दाज्यु चन्द्रकान्तको ।"

त्यो सुनेपछि राजदूतले उमातिर फर्केर भनिन्– "धन्यवाद, धन्यवाद ! कति राम्रो आदर्श ! सिक्ने कुरा धेरै छ !"।

यति कुरा भनिसक्ता उनको चिया पनि सकिएको थियो। यसैले उनी उठिन् र फेरि छुट्टिने बेलामा उनले उमालाई भनिन्– "दश पन्ध्र दिनपछि म भेट्छु । अहिले जान्छु ।"

यसो भनेर उमासंग फेरि हात मिलाएर राजदूत तल ओर्लिन्। गोपालले तल मोटरसम्म पुऱ्याइदियो र फर्कियो । फर्किएपछि उमाले गोपाललाई भनिन्– "फोन गरेर सचिव अरुणा श्रेष्ठलाई बोलाउनुहोस् बाबु !"।

गोपालले अरुणालाई बोलाए । अरुणा के परेछ भनेर ट्याक्सी लिएर आइपुगिन्। अनि उमाले गोपाललाई भनिन्– "त्यो अमेरिकन राजदूतले दिएको खाम मैले खोलेकै छैन। सचिवज्यूको हातमा दिनुहोस् त।"

गोपालले सचिवको हातमा त्यो खाम दिएपछि उनले सोधिन्– "के हो अध्यक्षज्यू ! यो ?"

उमा– "अमेरिकन राजदूत मलाई हेर्न आएकी थिइन्। स्वास्थ्य उपचारको निम्ति भनेर त्यो दिएर गईन् । त्यसमा केही पैसा हुनुपर्छ, खोल्नुहोस् त !"

सचिवले खाम खोलिन् र हेरिन् । हजार हजारका दशओटा नेपाली नोट रहेछन् । त्यो देखेपछि उनले उमालाई भनिन्– "दश

हजार रुपियाँ स्वास्थ्यउपचारको निम्ति दिएकी रहिछन् अध्यक्षज्यू !"।

उमा– "ए !, त्यसो भए यो लगेर बैंकमा, सङ्गठनको खातामा जम्मा गरिदिनुहोस् ।"

सचिव– "यो त भएन अध्यक्षज्यू ! हजुरलाई व्यक्तिगत स्वास्थ्यउपचारको निम्ति भनेर दिएको रकमलाई सङ्गठनको खातामा कसरी जम्मा गर्ने ?"

उमा– "मलाई अब के को स्वास्थ्यउपचार । एक डेढसय रुपियाँ भए अब जति पनि पुग्छ । सङ्गठनले नगरेको भए यत्रो काम म एउटीले गरेर गरिन्थ्यो र ? ठूलो काम हुन सकेको हुनाले नै मलाई यति पैसा दिन ल्याएकी हुन् । त्यस कारण यो पैसा सङ्गठनकै हो । लगेर जम्मा गर्नुहोस् ।"

सचिव– "भैगयो, म कार्यसमितिको मिटिङ्गमा राखिदिन्छु ।"

उमा– "लौ, जे गर्नुहोस्। लैजानुहोस् र एउटा कुरा नबिर्सनुहोस्, सके आजै, नसके भोलिसम्ममा भए पनि हुन्छ, "अध्यक्ष उमा शर्माको स्वास्थ्यउपचारको लागि श्री महामहिम अमेरिकनराजदूतज्यूले १० हजार रू. को आर्थिक सहायता गर्नुभएकोमा महिलासङ्गठन के. का. समिति वहाँप्रति कृतज्ञता व्यक्त गर्नुका साथै धन्यवाद समर्पित गर्दछ" भनेर सङ्गठनको पायडमा टाइप गरेर, सङ्गठनको स्टाम्प लगाईकन अमेरिकन राजदूतावासमा पुऱ्याउन पठाउनुहोस् र पियनलाई एम्ब्यासीले बुझेको भर्पाइ लिएर आउनू भन्नुहोस् । अनि अध्यक्षको आदेशबमोजिम उक्त १० हजार रू. सङ्गठनको खातामा जम्मा गरियो भनेर अखबारहरूलाई समाचारप्रसारणको निम्ति पठाइदिनुहोस् ।"

सचिव– "हवस्, अध्यक्षज्यू !

सचिव बिदा भएर गएपछि उमाले देवरलाई भनिन्– "गोपाल बाबु ! जजसले मांग पूर्ति गर्न सकेको उपलक्ष्यमा बधाइका पत्र पठाएका छन्, तिनीहरूलाई छानेर पहिले दुइ खण्ड बनाउनुहोस् । विदेशी कूटनीतिक तत्त्व, पत्रकारहरू, विशिष्ट नेतृस्थानीय व्यक्तिहरु, विद्वान् अध्यापक, प्राध्यापकहरूलाई पहिलो खण्डमा सूचीस्थ गरेर तिनीहरूलाई लिखित रूपमा धन्यवाद दिनुहोस् र कार्यालयमा पोष्ट गरिदिनू भनेर पठाइदिनुहोस् । अरूलाई त्यसो गरेर साध्य हुँदैन, अखबारबाट सामूहिक रूपमा धन्यवाद दिनुहोस् । कतिवटा बधाइ आएका होलान् ?" ।

"गनेको छैन, तर पाँच छ सय पुगिसकेको हुनुपर्छ"– गोपालले भन्यो ।

उमा– "ठीक छ, त्यसै, गर्नुहोस् । खाका एउटै बनाएर टाइप गर्नुहोस् । अनि जजसलाई पठाउने हो, पछिबाट नाम लेख्नुहोस् ।"

यसरी सबै पत्रहरू छाप्नुपर्‍यो । फोनबाट पूछताछ गर्नेहरूलाई जवाफ दिनुपर्‍यो । घरमा शिष्टाचारभेट गर्न आउनेलाई त्यस्तै समुचित शिष्ट व्यवहार गर्नुपर्‍यो । एवं रीतले भाउज्यू उमाको सम्बन्धमा आइपरेका कामहरू गर्दा गोपाललाई कत्ति फुर्सत थिएन। आज सात आठ दिनपछि बल्ल अलि हलो भयो । अब उमा पनि आफ्नो कार्यालयमा जान थालिन् ।

उमा कार्यालयमा पुगेकै दिन कार्यालय-परिचारिकाले एउटा पत्र-खण्ड (स्लिप) ल्याएर दिई र फर्किई । त्यो कोठाबाट निस्केपछि उमाले भनिन्– "यो गोपीनाथ सिखडा भन्नेलाई हामीले बोलाएको

हो । किन कुराउनु ? डाकेर, सोधपूछ गरेर पठाइदिहालौं । अनि अरू आफ्नो काम गरिरहौंला ।"

अरू सदस्याहरूले पनि यस कुराको समर्थन गरे । घण्टी दिएर गोपीनाथलाई भित्र बोलाइयो । सबैलाई नमस्कार गरेर गोपीनाथ अध्यक्षको आज्ञाले अगाडिको सेचमा गएर बस्यो ।

उमाले भनिन्– "तपाईंको नाम गोपीनाथ होइन त ?"

'हो'

"देवकुमारी भन्ने तपाईंकै श्रीमती हुन् ?"

"हो"

"उनले तपाईंसंग अंश भराइदिन यहाँ निवेदन दिएकी छन् । तपाईंहरूको के कुरामा चित्त फाटेको हो भनेर बुझ्न यस कार्यालयले तपाईंलाई झिकाएको हो ।"

'खै, घरमा बसेर खाइदिए त हुन्थ्यो, जेनतेन खेतीले पनि धान्थ्यो । अंश दिन त म के दिऊँ र ? केही छैन । जति भन्दा पनि घरमा बस्तिन ।"

"तपाईंले अर्की श्रीमती ल्याउनुभएको हुनाले ऊ घरमा बस्न नसकेकी रे नि त ?"

"त्यसो त सर्जमीन बुझे थाहा हुन्छ । उसले घर छोडेको तेस्रो वर्षमा, म त किसान मान्छे, घर नचलेर, कसले गाई चराउने, कसले खेती हेर्ने, कसले घर हेर्ने ? यस्तो भएर मैले अर्को घरवार गरेको । पहिले घरैमा हुँदा हुँदै पनि तीन वर्ष भइसकेको थियो, त्यसले मसंग सम्बन्धविच्छेद जस्तो गरिसकेकी । तैपनि अरूले देख्ता घरमै बसेकी छ भनेर म चूप लाग्थें । ऊजस्तै आफू पनि

पुरुषहरूसरह नै महिलाहरूको पनि अधिकार हुनुपर्छ भन्ने विश्वकै महिलाहरूमा जुन धारणा छ, तपाईँ पनि त्यही धारणा राख्नुहुन्छ ?

उत्तर– पुरुषहरूले गर्ने गरेका सबै उच्छृङ्खल कार्यहरू– यौनस्वातन्त्र्य, व्यभिचार, धूम्रपान, मद्यपान, युद्ध, कलह आदि– गर्ने अधिकार महिलाहरूले पनि पाउनुपर्छ भन्ने कुरामा मेरो ज्यादै मतभेद छ। किनभने पुरुष जातिको भन्दा महिला जातिको ठूलो महत्त्व छ। हाम्रो संस्कृत भाषामा स्त्रीहरूलाई महिला भन्ने गरेको त्यही कारणले हो।* त्यस्तो महिला जातिले पनि पुरुषहरूसरह उक्त तिनै तिनै उच्छृङ्खल कार्य गर्न थाल्ने हो भने अर्थात् महिला जाति पनि त्यसै गरी शीलभ्रष्ट, चरित्रभ्रष्ट हुँदै जाने हो भने यो विश्व अब धेरै समय रहँदा पनि रहँदैन। पूजनीय मातृजाति महिलाहरूको निमित्त म त्यस्ता अशास्त्रीय, शिष्टगर्हित, असांस्कृतिक अधिकारहरू माग्न चाहन्न। केवल पुरुषप्रधान वर्तमान समाजबाट महिला जातिमाथि भइरहेका परम्परागत अन्यायको विरुद्धचाहिँ विश्वकै महिलाहरूको प्रतिनिधित्व गरेर आवाज उठाउन चाहन्छु।

प्रश्न– ती परम्परागत अन्यायहरू के के हुन्, स्पष्ट गरिदिनुहुन्छ कि ?

उत्तर– (क) प्राचीन कालमा नारीहरू वेदाध्ययन गर्थे, ब्रह्मवादिनी हुन्थे, वैदिक सूक्तहरूको दर्शन (निर्माण) गर्ने सामर्थ्य समेत राख्थे। पुरुषतन्त्र समाजले महिला जातिलाई अहिले वेदाध्ययनको निमित्त अपात्र घोषित गरेर आध्यात्मिक शैक्षिक अधिकार खोसिदिएको छ। जसले गर्दा महिला जातिमा ज्ञान, आत्मस्मृति, जागरण सबै हरायो। त्यसैले उनीहरूले घरघरमा दासीको रूपमा बस्नुपरेको छ र आफू कुन शोचनीय अवस्थामा छौं भन्नेसम्म पनि स्वयं उनीहरूमा चेतना छैन।

---

* 'मह पूजायाम्' धातुबाट महिला बनेको हो।

(ख) महिला जाति कस्तो हो भन्ने कुरालाई ऋग्वेदले महिलाहरू नै घरहरू हुन् भनेको छ– 'जायेदस्तम् ।' यही आधारमा महाभारतले पनि भनेको छ– 'गृहिणी गृहमुच्यते ।' हाम्रो धर्मको सर्वस्वभण्डार वेदले छोरीलाई छोरोभन्दा फरक देखेको छैन। यसैको आशय लिएर हाम्रो हिन्दू संस्कृतिले दशओटा छोरा हुनु र एउटी छोरी हुनु एकै हो भनेर छोराकोभन्दा दश खण्ड बढ्ता महत्त्व छोरीलाई दिएको छ– 'दशपुत्रसमा कन्या ।' हाम्रो हिन्दूजातिले गरेजस्तो महिला जातिको कदर विश्वका अरू देश, समाज र संस्कृतिहरूले गरेको पाइँदैन। ऋग्वेदको सूर्यासूक्त पढ्नुहोस्– महिला जातिको महिमाको बारे त्यसमा जुन उत्तम चिन्तन छ, त्यो स्तरको चिन्तन अरू कुनै विश्व-साहित्यमा पाइँदैन ।" महिला जातिको यत्रो गरिमालाई ढाकछोप गरेर घरमा ससाना धन्दा गर्नकै निमित्त मात्र महिला जातिको जन्म भएको हो र घरको हाता नै महिला जातिको कर्मभूमि हो भन्ने गलत धारणा सम्पूर्ण महिला जातिको हृदयमा यस पुरुषतन्त्र समाजले हालिदिएको छ। यस धारणालाई मेटिदिनुपरेको छ, ताकि महिलाहरू पुनः विशाल कर्मक्षेत्रमा उत्रेर मीरावाई, सहजोवाई, मुक्तावाईहरूसरह भक्तिसिद्धान्त-प्रचारिका बन्न, झाँसीकी रानी, पद्मावतीहरूसरह वीर राष्ट्रसेविका बन्न, मैडमक्यूरी र फ्लोरेन्स नाइटिङगेलहरूसरह विश्वसेविका बन्न र मां शारदा र कस्तूरबाजस्ता पतिको मनोबल र आत्मबल बढाउने आदर्श नारी बन्न सकून् । किञ्च– "सहस्रं तु पितृन् माता गौरवेणाऽतिरिच्यते" भनेर धर्मशास्त्र र नीतिशास्त्रले ज्ञान र प्रबोधद्वारा काखदेखि नै बच्चा-हरूलाई प्रशिक्षित तुल्याउने अवसर, योग्यता, क्षमता आमाहरूमा भएकोले नै गौरवको दृष्टिले बाबुकोभन्दा धेरै माथिको स्तरमा आमा-

लाई राखिदिएको हो । पुरुष जातिले यतिसम्म पनि विवेक राखिदिएको छैन ।

(ग) 'पिता रक्षति कौमारे भर्ता रक्षति यौवने
पुत्रो रक्षति वार्धक्ये न स्त्री स्वातन्त्र्य मर्हति'— यसरी पुरुषजातिले आफूभन्दा सबल (साक्षात् त्रिशक्तिका अंश भएकाले) महिलाजातिलाई 'अबला' भन्ने नामकरण समेत गरेर "महिला जातिले पुरुष जातिबाट सदा सुरक्षितै भएर बस्नुपर्छ, स्वरक्षित भएर बस्नु मर्यादाविरुद्ध कुरा हुन्छ । त्यसरी पुरुषजातिबाट सुरक्षित भएर नबसे उनीहरूको नाश-विनाश पनि भइहाल्छ" भन्ने अर्को गलत धारणा पनि महिला जातिको हृदयमा हालिदिएको छ । महिलाहरूमा यो धारणा, यो संस्कार हालिदिनु उनीहरूको मनोबल, आत्मबल खतम गरिदिनु हो । यो भयङ्कर अन्याय हो । त्यसैले म भन्छु– अबउप्रान्त महिला जातिले अरूबाट सुरक्षित बन्ने होइन, स्वरक्षित बन्नुपर्छ भनेर त्यस अन्यायपूर्ण धारणाको विरुद्ध महिला जातिले राष्ट्रभर, विश्वभर आवाज उठाउनुपर्छ । ताकि महिला जातिले वीरमाता, वीरपत्नी बनेर गर्व लिनुको बदला स्वयं वीराङ्गना बनेर गर्व लिन जानून् र पाऊन् । त्यस्तो वीर मनोवृत्ति उनीहरूको बन्न सकोस् ।

(घ) हाम्रो हिन्दूसंस्कृतिले महिला जातिलाई मातापिताको घरमा देवी, पतिको घरमा लक्ष्मी, छोराहरूको बीचमा जगदम्बाको रूपमा (प्रत्येक स्थानमा) मान्यता दिएको छ। हाम्रो संस्कृतिले पुरुष जातिलाई आफ्नी पत्नीलाई बाहेक अरू सारा स्त्रीहरूलाई आमा, बहिनी अथवा छोरीको रूपमा हेर्ने शिक्षा दिएको छ। यसरी हिन्दूसंस्कृतिबाट उच्च आदरणीय स्थान प्राप्त गरेको हाम्रो महिला जातिलाई वासनाको दास-

नीच पुरुषतन्त्र समाजले मोहावृत वासनाको मूर्तिको रूपमा प्रदर्शित गरिरहेको छ र भोगी विलासी सामन्त वर्गको बौद्धिक मनोरञ्जन-सामग्रीको आयोजकका दास कुनै कुनै साहित्यिक वर्गले त झन् नाङ्गो बना एर हाम्री महिला जातिको अङ्गप्रत्यङ्गको र शृङ्गारसौन्दर्यको वर्णन गरेर राष्ट्रका भावी कर्णधार युवावर्गको मनमस्तिष्कमा कामवासनाका कुसंस्कारहरू भरिदिने अराष्ट्रिय अपराधका साथै हाम्री (महिला) हरूको गौरव र महिमालाई अट्टहासका साथ कुल्चिरहेको छ। कसैले हाम्री नव युवतीहरूलाई अश्लील फिल्म र भिडियोमा नाङ्गै नचाएर, कसैले बार, होटेल र लजहरूमा प्रदर्शित गरेर र अनैतिक कार्यमा प्रयोग गरेर व्यक्तिगत अपार धन कमाउने साधनको रूपमा प्रयोग गरिरहेका छन् । एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याएर उमेर हेरीकन, शरीरको सौन्दर्य र डीलडौल हेरीकन भेडा-बाख्रा झैं गरेर हाम्री पुरुष जातिबाट मोलिन्छौं बेचिन्छौं। यात्रा, उत्सव, सार्वजनिक मेलाहरूमा सुन्दरी र युवती हाम्रा दिदीबहिनीहरूले लाज जोगाएर दर्शकको रुपमा भाग लिन गाह्रो हुन्छ । तिनीहरूलाई देखेर कोही सिठ्ठी बजाउँछन्, कोही नभएको साइनो लगाएर बोलाउँछन् र यस्तै यस्ता घृणित काम गरेर वासनाको दास पुरुष जातिले एकतिर पूज्य हाम्री मातृजातिलाई हैरान पारेको छभने अर्कोतिर आफ्नो क्षुद्र, तुच्छ, कामलम्पट मनोवृत्तिको खुलेआम विज्ञापन गरिरहेको छ ! तर निरन्तर यही दुःखद प्रक्रिया चलिरहँदा पनि वासनाको दास पुरुषजातिको उक्त अशिष्ट, अमर्यादित क्रियाकलापको अवरोधको लागि प्रशासनले आजसम्म कहीं, कहिल्यै, कसैलाई सजाय वा नसीहत दिएर नजीर खडा गरेको चाल पाइएको छैन । किनकि शासन प्रशासन सबै पुरुषतन्त्र नै

छ । विश्वका पुरुष मात्रको महिलाप्रति एउटै दृष्टि छ । बाटामा चिमुपर्दैन । सुन्दरी, युवति देखेपछि लज्जाजनक किसिमबाट पुरुषले एक टक लगाएर हेर्नैपर्छ । त्यस्तो घृणित भावना लिएर गरेको कामलाई पुरुष मात्रले किन कसो भनेर कहिल्यै आपत्ति गर्दैन । किनकि पुरुष जातिको निमित्त त्यो कुरा साधारण र स्वाभाविक छ ।

(ङ) पुरुषतन्त्र समाजले आफ्नो वासनातृप्ति गर्नु छभने हामी महिलाहरूलाई 'कामिनी, कान्ता, रमणी' भनेर, ज्यादा फुस्ल्याएर घरकी दासी महादासी बनाउनु छभने 'अर्धाङ्गिनी, गृहलक्ष्मी' भनेर, अझ धेरै फुस्ल्याएर राख्नु छभने 'साक्षात् देवी' नै भनेर शोषण गरिरहेको छ । वास्तवमा यी सब भङ्गीहरू कृत्रिम नै हुन् । यथार्थमा भनूंभने पुरुषजाति हामी महिलाहरूप्रति ज्यादै कृतघ्न छ । जिन्दगीभर हामीलाई दासी बनाउँछ, मुख चाट्छ, तर भित्र विश्वास गर्दैन । स्पष्टतया नै भन्छ– "विश्वासो नैव कर्तव्य: स्त्रीषु राजकुलेषु च ।

प्रश्न– यी सब अन्यायहरूको प्रतिरोध तपाईं कसरी गर्नुहुन्छ ?

उत्तर– राम्रो शिक्षा भयो भने महिलाहरूमा आत्मस्मृति हुन्छ, जागरण हुन्छ, कर्तव्यबोध हुन्छ । कर्तव्यपरायण र अन्याय अत्याचारको विरुद्ध निर्भीक अभियान गर्ने व्यक्तिउपर कसैले अन्याय गर्न सक्तैन । अन्याय स्वत: हटेर जान्छ ।

प्रश्न– कर्तव्यबोध भनुभयो । महिला जातिको कर्तव्यको विषयमा पनि केही प्रकाश पारिदिनुहुन्छ कि ?

उत्तर– महिला जातिको कर्तव्यको विषयमा विस्तृत रूपमा नै भने हो भने एउटा बृहत् पुस्तक नै तयार हुन्छ । तैपनि गृह, राष्ट्र र विश्वको

निमित्त अलग अलग तीन स्तर छुट्याएर संक्षिप्त रूपमा म महिलाहरूको कर्तव्यको विभाजन गर्दछु-

(१) पहिलो गृहस्तरको महिलाकर्तव्यः-

(क) सर्वप्रथम घरको सरसफाइ गर।

(ख) मैलो झुत्रोको प्रदर्शन नगर।

(ग) मान्यजनहरूप्रति सम्मानप्रदर्शन गर।

(घ) अतिथिसत्कार गर्न नभूल।

(ङ) आफ्ना नोकरचाकर र आफूमुन्तिरका नन्द, देवर आदिमा (छन्भने) मीठो, प्यारो, हितको बोली र व्यवहारले स्नेह-प्रदर्शन गर।

(च) घरमा राग, द्वेष, कलहको वातावरणसर्जन हुन नदेऊ।

(छ) पतिलाई मन नपर्ने काम नगर। पतिको काम- (सार्वजनिक वा निर्दोष भईकन गृहहितार्थ छभने) मा सक्तो सहयोग गर।

(ज) पतिका प्रियजन (छभने सौतासमेत) र प्रिय सार्वजनिक क्रियाकलापलाई निन्दा, घृणा र आक्रमण नगर।

(झ) "स्वसुखं नास्ति नारीणाम् तासां भर्तुः सुखम् सुखम्"- यस भावनानुसार वैयक्तिक सुखसुविधाको पर्वाह नगरेर पतिको, परिवारको सुखसुविधाको ख्याल गर। त्यसैमा आफ्नो सुख सम्झ।

(ञ) छरछिमेकीसंग संधै स्नेहसौहार्दपूर्ण व्यवहार गर।

(ट) सर्वत्र शुद्धता, स्वच्छता, सौहार्द र मेलमिलापको वातावरण सिर्जेर आफ्नो घरलाई स्वर्ग तुल्याउनका निमित्त रामायण-

का पात्रहरूको आदर्शको पालन गर र अरूलाई पनि सिकाऊ ।

(२) दोस्रो सामाजिक स्तर र राष्ट्रिय स्तरको महिलाकर्तव्यः—

(क) नारीहरूका सामाजिक समस्याहरूको समाधानको लागि कदम बढाऊ ।

(ख) नारीजातिको लागि अहितकर सामाजिक कुरीति र कुप्रथाहरूको विरुद्ध संघर्ष गर ।

(ग) नारी आदर्श र गौरवलाई बल र पुष्टि दिने साहित्य र क्रियाकलापको विस्तारको लागि जागरुकता र सक्रियता बर्तिय ।

(घ) राष्ट्रका विकासकार्यमा यथाशक्ति, यथासम्भव सहयोग गर ।

(ङ) राष्ट्रभर घर घरका महिलाहरूमा जगज्जननी सीता र ऊर्मिलाको आदर्श स्थापित गर्न सर्वत्र रामायणको चर्चा, परिचर्चा बढाउने, समाजमा रामलीलाको नाटकप्रदर्शन गर्ने, तिथिपर्वमा मर्यादा-पुरुषोत्तम रामको भजनकीर्तन गर्ने वातावरणको सर्जन गर र गर्न लगाऊ ।

(३) विश्वस्तरको महिलाकर्तव्यः—

सबै महिलाहरूमा विश्वशान्ति स्थापित गर्ने लक्ष्य हुनैपर्छ । त्यस निम्ति अन्तर्राष्ट्रिय स्वयंसेविकासंघ खोलेर मुस्तेजीका साथ काम हुनुपर्छ । यसको लागि योजना र कार्यक्रम जस्तो र जत्रो चाहिन्छ त्यो मैले तयार गरिसकेकी पनि छु।

प्रश्न– अन्तर्राष्ट्रिय स्तरमा काम गर्ने इच्छा पनि तपाईंको रहेछ, योजना पनि तयार छ भने किन कार्यप्रारम्भ नगरिहालेको त ? कि

सङ्गठनको नीतिले बाधा गर्छ ?

उत्तर– होइन । सङ्गठनको राष्ट्रिय स्तरको कामले नै फुर्सत नभएर त्यता कदम चाल्न नसकेकी हुँ । निर्वाचन सकिनेबित्तिकै श्री ५ महाराजाधिराज सरकार र श्री ५ बडामहारानी सरकारको संयुक्त दर्शनभेट पाउँदा मैले अन्तर्राष्ट्रिय स्वयंसेविकासंघको प्रसङ्गमा पनि बिन्ती गरेकी थिएँ । सङ्गठनको राष्ट्रिय स्तरको कामको अलावा फुर्सतमा अन्तर्राष्ट्रिय स्तरको उक्त काम गर्न पनि सरकारहरूबाट मलाई निगाहसाथ इजाजत बक्सिसकेको छ । काम गर्न नीतिगत कुनै बाधा छैन ।

प्रश्न- उसोभए हामीसंगै अमेरिका जाऔं । केही अरू राष्ट्रहरूमा पनि घुमाइदिन्छौं । साधन पनि जुटाइदिन्छौं । हामीसंग अहिले जान तपाईंलाई केही आपत्ति छ ?

उत्तर– लगत्तै यहाँहरूसंग जान त म सक्तिन । किनभने- आजको बाह्र पन्ध्र दिनपछि नै मेरा श्रीमान्‌को वार्षिक श्राद्ध छ । म आफैं पिण्ड दिन्छु । त्यसअघि म कतै जान्न । त्यसपछि लगत्तै जस्तो श्री ५ बडा महारानी सरकारको शुभ जन्मोत्सव पर्छ । जो हाम्रो निमित्त महान् राष्ट्रिय पर्व हो । त्यसलाई उपेक्षा गरेर जान हृदयले नै मान्दैन । त्यसपछि पनि दर्बारमा बिन्ती गर्नुपर्‍यो, बिदा पाउनुपर्‍यो, जाने भएपछि उता सङ्गठनको पनि स्थिति मिलाउनुपर्‍यो भन्दा करीब आजको डेढ महीनावर म जान सक्तिन ।

प्रश्न– उसो भए त्यसपछिलाई नै भयो । हामी जान्छौं र निमन्त्रणा, टिकट र लाग्ने अरू खर्च पठाइदिन्छौं । कति जना आउनुहुन्छ ?

उत्तर– रात काट्ने गरी कतै जानुपर्‍योभने म आफ्नो साथमा तीन

जनालाई अनिवार्यतया लिएर हिंड्ने गर्छु– (१) विधवा आमाज्यू, (२) एक जना आफ्नो माहिलो भाइ, वसन्त र (३) अर्को एक जना मेरो माहिलो देवर गोपाल। तर अमेरिकातिर जाँदा त अरू तीन जना सङ्गठनका बहिनीहरू पनि साथमा होलान्। जम्मा सात जनाको हिसाब राखनुभए हुन्छ।

पत्रकारहरू– ठीक, ठीक ! ती सबैको निमित्त……

८

अमेरिकन पत्रकारहरू फर्केपछि उमा अमेरिकातर्फ उन्मुख भएर सङ्गठनका कामकाजहरू मिलाउनथालिन्। त्यसपछि दिन गयो, रात गयो, हप्ता गयो। डेढ महीनापछि अमेरिकन महिलापत्रकारहरूको निमन्त्रणामा उमाको शिष्टमण्डल पहिलो पल्ट अमेरिका पुग्यो। तिनै महिला पत्रकारहरूबाट उमाको विषयमा अमेरिकामा सामान्य चर्चा परिचर्चा भइरहेकै थियो। त्यसैले उनै महिलापत्रकारहरूको अग्रसरतामा उमाकै प्रवचनको लागि न्यूयोर्कका दश आठ प्रसिद्ध स्थलहरूमा सभा र आमसभाहरूका आयोजनाहरू भएका थिए। सर्वप्रथम लिबर्टी स्टाचु अगाडि भएको आमसभामा अध्यक्ष उमाबाट (१) संघको घोषणापत्र र विधान, (२) उद्बोधन, (३) रामायण, (४) संघको सार्वभौम साझा कार्यक्रम यी चार पुस्तिकाहरूका वितरण र तत्संबन्धी - व्याख्या हरूका साथ अमूल्य प्रवचनहरू भए। र त्यसपछी अन्त अन्त भएका प्रवचनहरूबाट न्यूयोर्कका प्रबुद्ध महिलाहरूमा र त्यस बखत अमेरिकामा कार्यविशेषले पुगेका र भ्रमणको मात्र उद्देश्यले पुगेका विभिन्न राष्ट्रहरूका जाग्रत् महिलाहरूमा उमाका लक्ष्य र सिद्धान्तहरूको ज्यादै ठूलो प्रभाव पर्‍यो र उनीहरूले उमालाई भेटेर उनीप्रतिको आफ्नो हार्दिक श्रद्धाआस्था व्यक्त पनि गरे। फलतः अमेरिकामै छँदा सात आठओटा विभिन्न राष्ट्रहरूका श्रद्धालु

महिलाहरूबाट तत्तत् राष्ट्रहरूमा भ्रमण गर्नको निमित्त उमाको शिष्ट-मण्डलले आर्थिक सहायतासमेतका निमन्त्रणाहरू प्राप्त गर्‍यो। न्यूयोर्कमै अन्तर्राष्ट्रिय स्वयंसेविकासंघको केन्द्रीय कार्यालय स्थापित भयो। सभामा एकत्रित विशाल जनसमूहको अत्यधिक बहुमतबाट संघको अध्यक्ष पदमा उमा नै निर्वाचित पनि भइन्।

यही समयदेखि उमाको वैदेशिक भ्रमणको शुभारम्भ भयो। उनी जुन राष्ट्रमा पुग्थिन्, त्यहाँ त्यहाँका महिलाहरूबाट उनको स्नेहसौहार्द-पूर्ण भव्य स्वागत र सम्मान हुन्थ्यो। लाखौं महिलाहरू र पुरुषहरूसमेत भएर उनका ओजस्वी प्रवचनहरू श्रद्धाका साथ सुन्थे र साथै तत्परताका साथ अन्तर्राष्ट्रिय स्वयंसेविकासंघका शाखा प्रशाखाहरू खोल्नको निमित्त सक्रिय सहयोग पनि गर्दथे। एवं क्रमले उमाको सैद्धान्तिक भ्रमण र उद्बोधनबाट धेरै राष्ट्रका महिलाहरूमा आत्मस्मृति, नयाँ जागरण र नयाँ उन्मेष आयो। उनीहरूले जीवनलाई शान्त र सुन्दर बनाउने कला के हो? मानवजीवनमा महिलाको स्थान के छ? त्यसको कति महत्व छ? यी सब कुराको गहिरो ज्ञान अध्यक्ष उमाको जीवनदर्शनबाट पाए।

एवं क्रमले उमा जब कुनै राष्ट्रमा पुग्छिन्, त्यहीं अरू अरू राष्ट्रका श्रद्धालु महिलाहरूबाट निमन्त्रणाहरू आउँछन्। जब ती ती राष्ट्रहरूमा पुग्छिन्, फेरि त्यहीं अरू राष्ट्रहरूका जाग्रत् महिलाहरूको निमन्त्रणा थपिन्छन्। यसै गरी गरी उमाको पहिलो पटकको विदेशयात्रा साढे तीन महीनाको भयो। त्यो सकेर उमा नेपाल फर्किइन्। आफ्नो राष्ट्रमा आइपुग्दा कामबाट अवकाश मिल्छ कि भन्ने कुरा थिएन। आफ्नो देश-भित्र रहँदा महिलासङ्गठनकी अध्यक्ष भएर, विदेशमा पुग्दा अन्त-

राष्ट्रिय स्वयंसेविकासंघको अध्यक्ष भएर उमाले युगौं युगदेखि अज्ञान र आत्मविस्मृतिको घना अन्धकारमा गुनराह एवं गतिहीन भएको सार्वभौम महिलाजातिलाई आत्मस्मृतिको, जागरणको, निर्भीक अभियानको नयाँ ज्योति छरेर राष्ट्र, विश्वप्रतिको कर्तव्यनिर्वहन र आत्मोन्नयनको निमित्त मार्गप्रदर्शन गर्ने जुन अभियान उमाले प्रारम्भ गरिन्, त्यसबाट उनको यश र प्रसिद्धि विश्वभर फैलियो। अमेरिकास्थित अन्तर्राष्ट्रिय स्वयंसेविका-संघको केन्द्रीय कार्यालय र अरू विभिन्न राष्ट्रहरूमा सञ्चालित उक्त संघका शाखा प्रशाखाहरूबाट लखौं लखौं प्रतिका तादादमा मुद्रित भएर विभिन्न राष्ट्रहरूमा वितरण भएका संघको घोषणापत्र र विधान, उद्‌बोधन, रामायण र संघको सार्वभौम साझा कार्यक्रमका पुस्तिकाहरू का सम्बन्धमा विश्वका प्रकाण्ड विद्वान्, चिन्तक, विचारकहरूबाटो असंख्य, विवेचनात्मक समीक्षाहरू प्रकाशित हुन थाले। उमा जुन जुन राष्ट्रमा पुगेकी छैनन्, ती ती राष्ट्रहरूमा पनि उक्त पुस्तिकाहरूक प्रचारप्रसार र विद्वान्‌हरूबाट अभिव्यक्त तद्विषयक गम्भीर एवं दार्शनिक समीक्षणहरूबाट विश्वका सम्पूर्ण महिलाजगत्‌मा क्रान्तिकारी भावनात्मक आन्दोलन ल्याउने उमाको लक्ष्य, सिद्धान्त र दर्शन अपरिचित थिएन, केवल उनको मुखाकृति मात्र दिदृक्षाको विषय थियो।

यस विदेश भ्रमणपछि पनि आफ्नो राष्ट्रमा फर्के र उमा चूप लागेर बसिनन्। राष्ट्रमा, सङ्गठनका रचनात्मक कार्यहरू सम्पन्न गर्नको लागि उनी दिन र रात जोडेर प्रयास गर्न थालिन्। अनेक दौडधूप र दुःखकष्ट गर्दा चार अञ्चलमा दश दश सिटका वृद्धाश्रम र दश दश सिटका विधवाश्रम खुले। पर्यवेक्षकहरूले उनकै अगाडि गएर बधाइका साथ उक्त रचनात्मक कार्यहरूको विषयमा प्रशंसा गर्दा उमा अर्धप्रसन्न भएर

भनिन्- "अघिका महिलासङ्गठनहरूको क्रियाकलाप सम्झदा कामै भएको छैन के भनूं, भएको छ नि त भन्नलाई पनि त्यन्नो उद्देश्य राखेर काम गर्दा, प्रयास गर्दा पाँच वर्षको रचनात्मक काम के भयो त भन्दा चार अञ्चलमा दुइ दुइओटा आश्रम खुले भनेर बल्ल बल्ल भन्न पाइयो। यसलाई लिएर कति भाग खुशी हुने, कति भाग दिग्दार हुने ? यहाँहरूबाटै हिसाबकिताब होस् ! म त के भनूं ?

"त्यसो त अधिराज्यकै अशक्त वृद्धाहरू र निराश्रय विधवाहरूले आश्रय पाउने आशा गरेका छन्, यहाँ सफल भएरै जानुहुन्छ। ईश्वरले मद्दत गर्छ।"

"निर्वाचन आयो, त्यसले के भन्ने हो ?"

"हजुरको बाकस मात्र रहे पुग्छ, मुख देखाउन पर्दैन। उम्मेदवारचाहिं भइदिनुपर्छ।"

"यहाँहरूले सोझो मात्र हेर्नुहुन्छ, राजनीतिमा बाङ्गो दृष्टिले पनि हेर्नुपर्छ। मेरो कामले कसकसको पेट पोलेको छ, तिनीहरूबाट हुनसक्ने सम्भावित प्रतिक्रियातर्फ यहाँहरूले हेर्नुभएको छैन। नत्र यसो भन्नुहुन्न।"

"त्यो कुरा त ठीक हो, एकचोटि जिल्लाइलाका त घुम्नुपर्‍यो।"

"विदेशबाट फर्कंदा वर्षा लागिसकेको थियो, त्यो बेला कता घुम्न जानु ? अब दश पन्ध्र दिनमा फेरि बाहिर जानु छ, त्यताबाट फर्कूं !"

"अनि अब फेरि कता पाल्नुहुन्छ ?"

"पहिले वासिङ्गटन जान्छु, त्यसपछि पश्चिम जर्मनी यसै गरेर दुइ तीन राष्ट्र घुमेर आउँछु, निमन्त्रणा छ !"

९

अमेरिकाको प्रमुख शहरमध्येको एकतम शहर वासिङ्गटनकोअब्रा-हम्‌लिङ्कन मेमोरियल अगाडि हजारौं महिलाहरू, पुरुषहरूसमेत भेला भएका छन् । आज त्यहाँ अन्तर्राष्ट्रिय स्वयंसेविकासंघको अध्यक्ष उमाको प्रवचन छ ।

उपस्थित श्रद्धेय आमाहरू, प्रिय दिदीबहिनीहरू र दाजुभाइहरू !

यसरी सौहार्दपूर्ण निमन्त्रणा गरेर मलाई यहाँहरूसंग भेट्ने र आफ्नो मन्तव्य व्यक्त गर्ने स्वर्णअवसर दिनुभएकोमा यस सभाका आयोजिका दिदीबहिनीहरूमा सर्वप्रथम म कृतज्ञता प्रकट गर्दछु । आजको एक हप्ता अगाडि क्यानाडी सेन्टरको हलमा व्यक्त गरिसकेका कतिपय भावनाहरूलाई म फेरि यहाँ पनि दोहऱ्याउँछु– छात्रजीवनदेखि नै विश्वशान्तिको महान् तथा उच्चतम लक्ष्य लिएर यस विशाल विश्वमा भ्रमण गर्ने, विश्वका दिदीबहिनीहरूसंग यस सम्बन्धमा भेटेर विचारविनिमय गर्ने र संयुक्त रूपमाकाम गर्ने इच्छाआकांक्षाहरूले मलाई कुत्कुत्याइरहन्थे । त्यसैले विश्वशान्तिसम्बन्धी भावनाहरूका अभिव्यक्तिहरूमा र प्रयासहरूमा सधैं मेरो जिज्ञासा र उत्कण्ठा भइरहन्थ्यो । भए पनि त्यस लक्ष्यमा पुग्ने कुनै मार्ग नदेखेकोले म निराश पनि भइर-

हुन्थ्यो । तर आज करीब दुइ वर्ष जति भयो, सर्वप्रथम विश्वको सर्वसमृद्ध र उदार एक महान् देश अमेरिकाका विश्वशान्तिप्रिय पत्रकार दिदी-बहिनीहरूका सहयोगले, त्यसपछि अरू पनि राष्ट्रका उदार विश्वशान्ति-प्रिय दिदीबहिनीहरूको सहयोगले मेरो मनोबल र आत्मबललाई बढाइ-दियो । बाने सर्न नसक्ने मलाई दौडेर उक्लेर पहाड नाघ्ने सामर्थ्यशाली बनाइदियो । न्यूयोर्क जस्तो विश्वको एक महान् नगरमा अन्तर्राष्ट्रिय सेविकासंघको केन्द्रीयकार्यालय खुल्न सक्यो । विश्वशान्ति र विश्व-समृद्धिको लागि विभिन्न राष्ट्रहरुमा उक्त संघका शाखा-प्रशाखाहरु खुलेर काम भइरहेका छन् । म यस महानगर वासिङ्गटनमा पहिलो-पल्ट आइरहेकी छु । तर संघका सक्रिय शाखा प्रशाखाहरुले संघका चार प्रचार- पुस्तिकाहरु स्वयं प्रकाशित गरेर प्रचारप्र सारको लागि विभिन्न राष्ट्रहरुमा पठाउने कार्यक्रमअन्तर्गत यहाँ पनि वितरण गरिसकेको मैले बुझेकी छु । ज्यादै खुशीको कुरा हो कि यो संघको प्रगतिको, सफलताको द्योतक हो । मैले विश्वशान्तिको निमित्त विभिन्न राष्ट्रका जाग्रत् दिदीबहिनीहरूलाई जुन भावना दिन आँटेकी छु, जुन प्रेरणा दिन लागेकी छु, ती सबै कुरा तिनै चार पुस्तिकाहरुले भनिरहेका छन् तापनि यहाँ उपस्थित बहिनीहरूले मेरै मुखबाट उक्त चार पुस्तिकाहरुको विषयको महत्त्व र उपयोगिताको सम्बन्धमा केही सुन्नको लागि लिखित रुपमा अनुरोध गर्नुभएकोले गत वर्ष न्यूयोर्कमा जस्तै त्यससम्बन्धमा म केही बोल्न चाहन्छु ।

प्रिय बहिनीहो,

नं. १ को पुस्तिका 'संघको घोषणापत्र र विधान' को बारेमा विशेष मैले केही भन्नु छैन । त्यो त्यसै स्पष्ट छ । नं. २ को पुस्तिकाको नाम

हो– 'उद्बोधन'। यसमा तीन मन्त्र र एक महामन्त्रद्वारा विश्वका महिलाहरूमा आफ्नो महत्त्वपूर्ण अस्तित्व कायम राख्ने र आफ्नो आदर्श चरित्रद्वारा गृह, राष्ट्र र विश्वलाई नै शान्त, समृद्ध र सन्तुष्ट तुल्याउने विधिविशेषलाई अङ्गीकार गर्ने परामर्श दिइएको छ।

ती मन्त्रहरूमध्ये पहिलो मन्त्र छ आत्मस्मृतिको, दोस्रो मन्त्र छ जागरणको, तेस्रो मन्त्र छ निर्भीक अभियानको, चौथो महामन्त्र छ– संस्कृतअध्ययनको ! जुन निर्देशन आत्मोन्नतिको निमित्त नित्य जपनीय, अविस्मरणीय एवं पवित्र छ, त्यसलाई मन्त्रको रूपमा मान्ने हाम्रो संस्कृति छ। पहिलो आत्मस्मृतिलाई किन मन्त्र मानिएको छभने- हामी महिला जातिमा यसरी आत्मविस्मृति भयो कि 'हामी को हौं ? के गर्न सक्छौं ?' भन्ने कुराको विचारसम्म पनि हामी गर्न नसक्ने भयौं। त्यही आत्मविस्मृतिले गर्दा हाम्रो आत्मबल स्वाभिमान सबै हरायो र हामीलाई सबैले 'अबला' भन्न पनि थाले र हामी पनि आफूलाई भ्रमवश, अज्ञानवश 'अबला' नै हौं भनेर ठान्न थाल्यौं र पुरुष जातिका केवल भोग्य वस्तु बन्न थाल्यौं। वास्तव महिलाजाति दया, दाक्षिण्य, क्षमा, उदारता आदि वरिष्ठ गुणहरूको कारण पुरुष जातिभन्दा धेरै महत्त्वशाली जाति हो। हामीसंग कति सामर्थ्य छ, त्यसको सीमा नै छैन। हामी साक्षात् महालक्ष्मी, महासरस्वती र महाकालीका अंश हौं।☐ या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता'' हामी साक्षात् मूर्त शक्ति हौं। हामीले आत्मस्मृति गरेर आफ्नो अन्तर्निहित त्यो शक्तिलाई प्रकट गरेर विश्व-शान्तिको प्राप्तिको लागि प्रयोग गर्नुपरेको छ।★ ''या देवी सर्वभूतेषु

☐ देवी शक्तिको रूपले सबै प्राणीमा बसेकी छन्।

★ जो विद्वान् भईकन कर्मठ पनि छ; त्यो विद्वान् हो।

मातृरूपेण संस्थिता"- हामी मानव मात्रका पूज्य मातृजाति हौं। वात्सल्य र स्नेह हाम्रो स्वभाव हो। विश्वशान्ति स्थापित गर्न हामीले आफ्ना प्यारा सन्तान पुरुष जातिमा परस्पर हिंसाप्रतिहिंसा भएको, रक्तपात भएको हेर्न हुँदैन। त्यसैले महिलाजातिको निमित्त पहिलो निर्देशन मन्त्र हो- आत्मस्मृति।

अब दोस्रो मन्त्र हो- जागरण। आत्मस्मृति मात्र भएर पुग्दैन। विश्वशान्तिको निमित्त विश्वका महिलाहरूले स्वयं जागरित हुनुपर्छ र अरूलाई पनि जागरित तुल्याउनुपर्छ। जागरण आत्मस्मृतिको परिणति हो। जागरणले सक्रियतालाई प्रेरित गर्छ। त्यसैले यसलाई आत्मस्मृतिबाट गतार्थ नसंझी दोस्रो मन्त्रको रूपमा अपनाइएको हो।

तेस्रो मंत्र हो- निर्भीक अभियान। उपर्युक्त आत्मस्मृति र जागरण त विद्वान् सचेत पुरुषहरूमा पनि हुन्छ। तर त्यसले केही काम गर्दैन। यस्तु क्रियावान् पुरुषः स विद्वान् १- निष्क्रिय विद्वता विद्वता नै होइन। क्रियाशीलता सहितलाई नै विद्वत्ता भन्नुपर्छ। विश्वशान्ति नै स्थापित गर्नु छ भने विश्वका महिला जातिले कर्मक्षेत्रमा उत्रेर काम गर्नुपर्छ। दारिद्र्य, दैन्य, जेल, नेल कुनै कुराको पनि पर्वाह गर्न हुँदैन। सार्वभौम सामरिक हिंसक भावनाको विरुद्ध निर्भीक अभियान गर्नुपर्छ। यसैले निर्भीक अभियानलाई तेस्रो मंत्र मानिएको हो।

भोगप्रधान भौतिकवादी पाश्चात्य शिक्षाको प्रभावले आत्मस्मृति हराएका, त्यही आत्मविस्मृतिको कारण स्वाभिमान र आत्मसंमान समेत गुमाएर जडस्वरूप भइसकेका, पुरुषजातिले मनोरञ्जनार्थ लुगा र गहना

१) जो विद्वान भईकन कर्मठ पनि छ, त्यो विद्वान् हो।

लगाइदिएर, सिगारेर, पुतलीजस्तो बनाएर खेलाइएका "सुरक्षित" भनेर स्वरक्षित हुने वीर भावना र आकांक्षा नै हृदयबाट निकालिदिइसकिएका, केवल भोग्य वस्तुको रूपमा दुनियाँमा प्रदर्शित गरिएका र केवल दास बनाई थन्किएर पुरुषजातिको परंपरागत असमान दृष्टि र व्यवहारलाई स्वयं स्वीकार गरेर मान्दै आएका विश्वका महिला जातिमा "हामी महालक्ष्मी, महासरस्वती र महाकालीका अंश हौं "स्त्रिय : समस्ता: सकल जगत्सु, यस्ता आत्मस्तुतिका भावनाहरू "भूत्यै जागरणम्" अभूत्यै स्वपनम्, ○ वयं राष्ट्रे' जागृयाम पुरोहिता:' □ यस्ता जागरणका भावनाहरू, विश्वशान्ति र विश्वकल्याणजस्ता परमोच्च लक्ष्यप्राप्तिको लागि "न जायते म्रियते वा कदाचित्- आत्मा मर्दैन" "तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुह्यति–" मृत्यु भनेको बाल्य र यौवन जस्तै अवस्थान्तर मात्र हो" यस्ता आत्मबलवर्धक आत्मसमर्पणका पवित्र भावनाहरू कसरी उत्पन्न हुन सक्छन् ? अत: "यत्र विश्व भवत्येकं नीडम् मित्रस्य चक्षुषा समीक्षामहे" वसुधैव कुटुम्बकम्" यस्ता भावनाहरूको उन्मेष

विश्वमा जति महिलाहरू छन्, ती सबै देवीकै प्रतिमूर्तिहरू हुन्, देवी नै हुन् ।

जागरणमा नै कल्याण छ ।

○ अजागरित अवस्थामा कल्याण छैन ।

□ हामी आफ्नो राष्ट्रमा अगुवा बन्न जागरित बनौं ।

जुन भावनानुसार विश्वलाई एउटै गुँड (घर) मानिन्छ ।

हामी सबैलाई मित्रदृष्टिले हेरौं ।

समस्त भूमण्डल नै आफ्नो परिवार हो ।

ल्याउन, तिनलाई कार्यान्वित गर्न आवश्यक आत्मबल र मनोबल प्राप्त गर्न विश्वकै महिलाजातिलाई संस्कृतशिक्षा दिनुपर्छ । बिना संस्कृतशिक्षा विश्वशान्तिको निम्ति उपयुक्त कुनै पनि भावना पुष्ट र संस्कारगत हुन सक्दैन । त्यसैले आत्मस्मृति, जागरण र निर्भीक अभियानलाई मंत्र मान भनेर ती मंत्रहरूको जन्मदाता, प्राणदाता संस्कृतशिक्षालाई महामंत्र भनिएको हो । किनकि बिना संस्कृतशिक्षा ती मंत्रहरु न संवेद्य हुन सक्छन् , न त चरितार्थ नै ! निःशङ्क भएर म यो भविष्यवाणी गर्न सक्छु कि– ''विश्वका नारीजातिले संस्कृतवाङमयनिर्दिष्ट कर्मयोगको विधि अनुसार फलेच्छाहीन, अनासक्त भावले परस्पर एकताबद्ध भएर अहिंसा र निःशस्त्रीकरणको सिद्धान्तमा दृढनिष्ठ भएर विश्वशान्तिको निमित्त पुरुष जातिको क्रूर एवं हिंसक सार्वभौम सामरिक प्रवृत्तिको विरुद्ध असहयोग आन्दोलनको निर्भीक अभियान छेड्ने होभने सार्वभौम पुरुषप्रधान समाजको शासनसत्ता विवश भएर वीर मातृजातिको अगाडि नतमस्तक भएर झुक्नेछ र विश्वशान्तिको उदय तत्काल भइहाल्नेछ । अतः विश्वशान्तिको लक्ष्य प्राप्त गर्न सबभन्दा ठूलो पुरुषार्थ कर्मयोग हो, निष्काम धर्मयुद्ध हो, जसको यथार्थ प्रशिक्षण संस्कृत भाषाले मात्र दिन सक्छ ।

अब नं. ३ को पुस्तिका छ-'रामायण ।' यो पढेपछि आफ्ना घरहरूलाई र राष्ट्रहरुलाई कसरी सुखशान्तिपूर्ण र समृद्ध बनाउन सकिन्छ, तपाइंहरु त्यो बुझ्न सक्नुहुन्छ । अर्थात् पारिवारिक स्तरमा जबसंम सुमित्रा जस्ती आमा, रामभरत जस्ता दाजुभाइ, आफूले हजार कष्ट सहेर पनि आफ्ना पतिको मनोबल र आत्मबल बढाइदिने सीता र उर्मिला जस्ता आदर्श पत्नी हुंदैनन्, तबसंम घरलाई कसरी स्वर्ग बनाउन सकिन्छ ? त्यस्तै राष्ट्रिय स्तरमा जबसंम रामजस्ता राजा या राष्ट्राध्यक्ष हुंदैनन्,

तबसंम राष्ट्र कसरी सुखशान्तिपूर्ण र समृद्ध बन्न सक्छ? घर घरमै शान्ति नभएपछि राष्ट्रमा शान्ति कसरी हुन्छ ? राष्ट्र राष्ट्रमै शान्ति नभएपछि विश्वमा शान्ति कसरी हुन्छ ? अतः विश्वशान्तिको महान लक्ष्यलाई हृदयमा राखेर संस्कृतभाषामै पढेर होस अथवा अनुवाद नै पढेर होस, आफ्नो राष्ट्रका घरघरमा रामायणको आदर्श भावनाको प्रचारप्रसार गर्नु विश्वकै प्रबुद्ध र शिक्षाप्राप्त महिला जातिको आजको पहिलो कर्तव्य हो। यसलाई तपाइंहरुले कत्ति पनि उपेक्षा गर्न हुंदैन। संस्कृतवाङ्मयनिष्ठ विश्वभावनाहरू सार्वभौम अशान्तिका ती कारणहरू र स्रोतहरूका मूलोच्छेदक छन्।

अर्को नं. ४ को पुस्तिका छ- अन्तर्राष्ट्रिय स्वयंसेविकासङ्घको सार्वभौम साझा कार्यक्रमको। संघको यस निम्नलिखित साझा कार्यक्रमलाई विश्वशान्ति स्थापनाको लागि समर्पित विश्वका प्रबुद्ध महिलाहरूले आफ्नो राष्ट्रका गाउँ, जिल्ला, प्रान्त सर्वत्र प्रचारित प्रसारित गर्नुका साथै कार्यान्वित र संचालित पनि गर्नुपर्छ —

(१) गाउंपिच्छे संघका उपशाखाहरू खोल्ने र तिनीहरूलाई सञ्चालित गर्ने व्यवस्था मिलाइदिनुपर्छ।

(२) महीनाको १ पटक शाखाको सभा बोलाएर स्थानीय महिलाहरूलाई उक्त तीन मन्त्रको र एक महामन्त्रको उद्बोधन दिनुपर्छ।

(३) कुनै देशले अर्को देशलाई आक्रमण गर्‍योभने आक्रान्त देशका वृद्ध, रुग्णा र प्रसूता(सुत्केरी) बाहेक अन्य समस्त वयस्क महिलाहरूले आफ्ना देशका घर घरहरूमा, कार्यालय कार्यालयहरूमा र प्रसिद्ध स्थलविशेषहरूमा बसेर आमरण अनशन प्रारंभ गर्ने, विरोधी नारा दिने, जुलूस प्रदर्शन गर्ने र त्यस अभियानमा सहयोग पुर्‍याउनको लागि

अरु देशका महिलाहरूले आफ्नो देशमा रहेका त्यस आक्रामक देशका राजदूतावासमा गएर धर्ना दिने, अहिंसात्मक ढङ्गबाट जुलूस प्रदर्शन गर्ने आदि कार्यक्रम संचालन गर्नुपर्छ ।

(४) सैनिकमा भर्ती भएका महिलाहरूलाई सैनिक सेवाबाट त्याग-पत्र दिन साथ प्रेरणा गर्नुपर्छ ।

(५) आफ्ना घर र छिमेकका बालबालिकाहरूको निमित्त संक्षिप्त विश्वशान्ति पाठ्यक्रम ※ बनाएर हप्ताको दुई दिन एक एक घण्टा कक्षासंचालन गर्नुपर्छ । युद्धविरोधी आकर्षक नाटकहरू खेलाएर तिनीहरूलाई देखाउनुपर्छ । ताकि युद्ध, शस्त्रको प्रसङ्ग उठ्दैमा ती बालबालिकाहरूको मनमा तुरुन्त घृणाको भाव उत्पन्न हुन सकोस र निःशस्त्रीकरणको भावनाको प्रचार प्रसारमा उत्साह र उमङ्ग जागरित हुन सकोस् ।

(६) विश्वशान्ति, निःशस्त्रीकरण, अन्तर्राष्ट्रिय सहअस्तित्व एवं विश्वमैत्रीभावनाको प्रचार प्रसारको लागि तीन तीन महीनामा स्थानीय जनताको भेला गराएर संबोधन गर्नुपर्छ र त्यस विषयलाई बल दिन एक द्वैमासिक वा त्रैमासिक पत्रिका संचालन गर्नुपर्छ ।

(७) विश्वका सबै राष्ट्रका महिलाहरूले, आफ्नो राष्ट्रका घर घरमा एक एक ओटा विश्वशान्तिपात्र राख्नुपर्छ, राख्न लगाउनुपर्छ र प्रतिदिन त्यस पात्रमा एक मुठी अन्न वा त्यसको मूल्यबराबरको पैसा नहाली आफुले कुनै कुरा खान वा अरूलाई खुवाउन हुँदैन भन्ने नियम र परंपरालाई दृढताका साथ बसाल्नुपर्छ र बसाल्न लगाउनुपर्छ ।

※ जयपुरसंस्कृतसम्भाषणकार्यान्वयनमहासभाबाट संचालित 'पाठ्य-क्रमनध्ये विश्वशान्तिपाठ्यक्रमलाई संक्षिप्त तुल्याएर ।

(८) शाखाकार्यालयहरूले वर घरमा राखिदएका विश्वशान्तिगाल-हरूलाई ३-३ महीनामा खोलेर जम्मा भएको नगद वा जिन्सीमध्ये तीन खण्ड स्थानीय कार्यक्रमसंचालनको निमित्त राखेर एक खण्ड केन्द्रीय कार्यालय, न्यूयोर्कको निमित्त पठाउनुपर्छ ।

(९) आपना राष्ट्रका अन्तर्राष्ट्रिय स्वयंसेविकासंघका शाखाहरू-बाट केन्द्रीय कार्यालयको निमित्त चन्दा उठाएर पठाउने व्यवस्था गर्नु-पर्छ ।

(१०) अन्तर्राष्ट्रिय स्वयंसेविकासंघका कार्यकर्त्रीहरूले आफ्ना राष्ट्रका विभिन्न स्तरका शिक्षालयहरूका बाहिर भित्ताहरूमा "आक्रामक युद्धप्रिय रक्तपिपासु देश बर्बरहरूको देश हो। त्यस देशका विधायक, प्रशासक, प्रेरक वा परामर्शदाता व्यक्तिविशेषहरू यस युगका बर्बर पिशाच हुन्" – यी दुइ वाक्यलाई अनिवार्यतया लेख्नु लेखाउनु-पर्छ । ताकि शिक्षणीय छात्रहरूका मनमा यी दुइ वाक्य सदा अङ्कित भइरहन सकून् ।

(११) सबै राष्ट्रका शाखाप्रशाखाहरूले प्रतिवर्ष न्यूयोर्कमा अन्तर्राष्ट्रिय स्वयंसेविकासङ्घको केन्द्रीय कार्यालय स्थापित भएको ऐतिहासिक एवं परम पवित्र दिनमा विश्वशान्तिप्रार्थनादिवस मना-उनुपर्छ ।

(१२) शाखाका स्वयंसेविकाहरूले आफ्ना राष्ट्रका महिलाहरूलाई उपर्युक्त चार पुस्तिका परल मूल्यमा वितरण गर्नुपर्छ र त्यसबाट जम्मा हुन आएको रकमबाट पुनः तिनै पुस्तक छपाएर नयां नयां प्रबुद्ध महिलाहरूलाई वितरण गराउनुपर्छ । यो क्रमलाई अविच्छिन्न राख्नुपर्छ ।

अमेरिकाका श्रद्धेय आमाहरू र प्रिय दिदीबहिनीहरू !

हाम्रो लक्ष्य के हो भन्ने कुरा सबैले बुझिसक्नुभएकै छ। त्यसलाई कसरी प्राप्त गर्ने भन्नेतर्फ जिज्ञासा, उत्सुकता तत्परता ल्याउन प्रेरणा दिने प्रयास मात्र मैले गरेकी हुं । त्यसैले अब म आफ्नो प्रवचनको विरामतिर पुग्दै छु। किनकि यहाँहरूको धेरै समय पनि लिइसकें । मैले पनि आजै पश्चिम जर्मनीका दिदीबहिनीहरूको सौहार्दपूर्ण निमन्त्रणामा त्यसतर्फ नहिंडी भएको छैन। मैले महान् उदार र समृद्ध देश अमेरिकाको जति पटक यात्रा गरें, हरेक यात्रामा मैले यो अनुभव गरेकी छु कि अमेरिकाका आमाहरूमा सच्चा मातृत्व छ,वात्सल्य छ र दिदीबहिनीहरू-मा प्रगाढ स्नेह र सौहार्द छ । त्यसैले यहाँहरूको स्नेहपूर्ण स्मृति लिएर म आज यहाँहरूसंग मनले नमानीकन पनि कार्यविशेषवश छुट्टिदै छु । यसरी सद्भावनापूर्ण वातावरणमा आफ्नो अमूल्य समय दिएर मेरो प्रवचन सुनिदिनुभएकोमा र मलाई बोल्ने यो स्वर्ण अवसर दिनुभएकोमा समस्त उपस्थित दिदीबहिनीका साथै खास गरी आयोजिका दिदीबहिनीहरू-प्रति हार्दिक कृतज्ञता र आभार व्यक्त गर्दै यो सभा म विसर्जन गर्दछु।"

त्यसपछि असंख्य तालीका साथ सभाविसर्जन भयो । नमस्कार गर्दै, धन्यवाद दिंदै उमा सबैसंग बिदा हुन थालिन् । त्यस बखत हर्षपूर्ण स्वरमा धेरैले सोधे- "अब फेरि कहिले आउनुहुन्छ ?"

उमाले स्मितपूर्ण मुद्रामा भनिन् – "अहिले म यताबाट पश्चिम जर्मनी जान्छु, त्यसपछि त्यतैबाट बेल्जियम जान्छु। अनि यसपालि म निमन्त्रणा भए पनि अन्त कतै घुम्दिन । किनभने हाम्रो कार्यकाल सकिंदै छ । निर्वाचनलाई धेरै समय बांकी छैन। शायद अर्को हिउंदमा महासमृद्ध, सुन्दर एवं उदार महादेश यस अमेरिकाका वात्सल्यमयी

आमाहरूसंग भेट्न आशीर्वाद माग्न र प्यारा दिदीबहिनीहरूसंग विश्व-शान्तिको निमित्त कांधमा कांध मिलाएर काम गर्न आइपुगेंला । यो अवश्य हो- जहाँ पुगे पनि हृदयले चाहिं म संधै अमेरिकामै, यहांका आमाहरूसंगै, दिदीबहिनीहरूसंगै हुन्छु । यस्तो स्नेह र अनुरागलाई म कसरी बिर्सन सक्छु ?

१०

गोकर्णे औंसीको दिन थियो । आजकलको संसृष्ट प्रचलनअनुसार केही मिष्टान्न र फलफूलहरू लिएर उमा आज आफ्नो पिताजीको मुख हेर्न माइत गएकी थिईन् । त्यो दिन शनिवार परेकोले दाजुभाइ-हरू पनि सबै घरमै थिए । बाबु कोमलप्रसादजीले उमालाई भने– ''एयरपोर्टबाट आउँदा भुराङ्खेलभन्दा त यतै नजीक थियो, बेलुका यता आएकी भए भइहाल्थ्यो नि । बसन्त मात्र आइपुग्यो । यतै बसूं भनेको दिदीले मान्नुभएन, 'घरै जान्छु भन्नुभयो' भन्थ्यो'' ।

उमाले मुसुक्क हाँसेर भनिन्- ''माइतको भन्दा घरकै हक बढ्ता भयो नि । फेरि देवरलाई मात्र कता जानुहोस् भनूं'' ।

कोमलप्रसाद– ''विदेशका निमन्त्रणाहरू अरू पनि आएको आयै छन् भन्थ्यो नि बसन्त त, अब फेरि कहिले जान्छेस् त ?''

उमा– थाकेर भर्खर आइपुगें । सात आठ राष्ट्रको निमन्त्रणा छ, घरमा पनि तीनौटा नेदर्लायन्डको, जापानको, डेन्मार्कको निमन्त्रणा आइसकेको बुझेकी छु । अब सबैलाई चुनावपछि आउँछु भनेर जवाफ दिन्छु । चुनाव माघमा सकिन्छ । त्यसपछि जति देशमा घुम्न सक्छु, घुम्छु ।''

कोमलप्रसाद– ''घुम्दा प्रशस्त आम्दानी पनि त हुंदो रहेछ,

वसन्तले भन्थ्यो।''

उमा— ''यसपालि त दश लाख डलर जति जम्मा भएको हुनुपर्छ, आश्रमको खातामा। यस वर्षमा धेरै जिल्लामा वृद्धाआश्रम र विधवा-आश्रम खुल्छन्''।

कोमलप्रसाद—''यत्रो पैसाको हिसाबकिताब हुंदा भाइको विवाह गर्न सकिएन, पन्ध्र बीस हजार मदत गर्न सक्तिनस् ?''।

उमा— ''त्यस्तो कामको लागि त कुन रकमबाट मदत गरूं र बुवा! भाइको विवाह भनेर कुन विदेशीसंग हात पसारूं ? एउटा कामलाई दिएको राशि त दानलाई भ्रष्टाचार गरेर अर्को काममा खर्च गर्न म सक्तिन। त्यस्तो कामलाई त म ज्यादै कातर छु नि बुवा ! हुन त हजुरहरूकै इज्जतमा धक्का नलागोस् भनेर हो। धेरै बोली नभन्नु-होस्- यही सिद्धान्त यही आदर्शले त कतै कुनै छिद्र नपाएर मलाई कसैले आजसम्म केही गर्न सकेका छैनन्। नत्र मैले घुइरो घुइरो सुनिसकेकी छु- ''मेरो के छिद्र पाइन्छ भनेर खोजी हुंदै छ।'' किन र कसबाट भन्ने प्रश्न नगरौं। अर्काको यश, उन्नति र प्रगतिमाथि ईर्ष्या नगर्ने व्यक्ति प्राय: कमै हुन्छन्। त्यसमाथि पनि आफआफना स्तरका प्रतिपक्षी सबैका हुन्छन्। मैले अघि अघिका संगठनका सभापतिहरूले जस्तो तुच्छ, निकृष्ट, अनैतिक काम गरेर कसैलाई रिझाइन, महिला-जातिको सुखसुविधा, उन्नति, र प्रगतिको निमित्त यथाशक्य, यथासंभव काम गरें, अन्याय अत्याचारको विरुद्ध संघर्ष गरें। विजय गरें। यसबाट संगठनको प्रतिष्ठा बढ्यो । यतिबाटै पनि मसंग प्रतिस्पर्धा राख्ने व्यक्तिहरूको मनमा खड्कियो। यति मात्र नभएर मैले त अन्तर्राष्ट्रिय स्तरमा समेत उक्लेर 'विश्वशान्ति' जस्तो सर्वोच्च लक्ष्यप्राप्तिको लागि

विदेशको भ्रमण गरें, विदेशीहरूलाई आर्वाजित गरें, ठूलो ठूलो रकम ल्याएर देशमा रचनात्मक कार्यहरु गर्न थालें । मेरा प्रतिस्पर्धी तत्त्व-हरूलाई यी कुराहरूबाट झन झन असह्य भयो । तर तिनीहरूलाई असह्य भएर केही हुदैन । संविधान नाघेर मैले काम गरेकी छैन । अन्तर्राष्ट्रिय स्तरको काम पनि सरकारको निगाहबाट इजाजत पाएरै गरेकी हुं । मैले केही बिराएकी छैन । अब पनि त्यस्तो कुनै आलोचनीय, गोप्य, अरू काम गर्दिन, जसबाट अरूले छिद्र भेट्टाएर निन्दाचर्चा गर्न पाऊन् । म कत्ति पनि डराएकी छैन । हुन त म नडराउंदैमा के हुन्छ र ? विश्वमा अनासक्त भावले मानव मात्रको सेवा गर्ने महान आकांक्षा राख्ने प्राय: कुन व्यक्तिविशेष आजसम्म राष्ट्रिय, अन्तर्राष्ट्रिय दुष्ट दुरात्माह-रूबाट बच्न सक्यो र ? भैगयो,यतातिरका कुरा छोडूं । भाइको विवाह को निति पैसा छैनभने पन्ध्र हजार किन खोज्नुहुन्छ बुवा ! पांच सयले, त्यति पनि पुग्दैन भने दुई सयले टार्नुहोस । जिन्दगीमा बुवा ऋणमा डुब्नुहोला र सधैं चिन्ताले पिलिसरहनुहोला भनेर मैले आफ्नो विवाह-मा कति पैसा लगाइदिएको थिएँ, सम्झनुभएकै होला । सार्वजनिक चेत-ना जगाउने, त्याग र उत्सर्गका पुण्यकर्महरू गर्ने होभने पन्ध्र हजार त के लाख रुपियाँ पनि उठ्छ । त्यो कुरा अर्कै हो । धेरै खर्च लगाएर विवाह गर्दैमा ठूलो भइन्छ भन्ने कुरा होइन । पूर्णप्रसाद ब्राह्मणको 'मा-तृजातिको निर्यात रोक्न र उनीहरूको मानमर्यादाको संरक्षण गर्न सांस्कृतिक संघर्षको आवश्यकता" नामक बुक्लेट पढेपछि त ढस्सा देखाएर विवाह गर्ने सामन्तवादी प्रवृत्तिप्रति ज्यादै घृणा गर्न लागेकी छु म पनि । धेरै खर्च गर्न नपाएर विवाह हुदैन र बिग्रन्छ, रोकिन्छ भने बिग्रोस, मलाई त्यसको चिन्ता पनि लाग्दैन । स्पष्ट भनूंमने बुवा ! देश र समाजको

हितको निंतिचाहिं फुटेको पैसा झिक्न पनि आफू मरे जस्तो ठा आफ्ना छोराछोरीको विवाहमा भने अनेक तडकभडक देखाएर गरी निमुखा छिमेकीहरूको र इष्टमित्रहरूको अगाडि धाक राख्न खोज्ने नी प्रवृत्तिका समाजद्रोहीहरूमध्ये बुबालाई पनि गनिदेलान् भन्ने पो मला डर छ। यस्तै होला भनेर विवाह जस्तोमा एक जोर नयाँ लुगा लगाइन सुनको जात भने पछि नाकमा फुलीसंम लगाइन । मलाई यही आद मन पऱ्यो । अरूलाइ पनि यही आदर्शको परंपरा बसाल्न म आग्रह गर्छु मेरो त कुरा यस्तै छ।''

त्यो सुनेर सबै जना हांसे। आमाचाहिंले पनि हांस्तै भनिन् ''त्यत्रो अमेरिका र अरू अरू मुलुकहरूमा घुमेर आउँदा आमाला एउटा सारी पनि ल्याइदिनस त ? भन्दा ''कहां पाउने सारी किन्ने पैसा ! भन्छे, यस्तीले पन्ध्र हजार रुपियाँ दिन्छे ? व्यर्थै के मांगि हनुभएको ?

उमाका दाजु बलदेवले भने– ''कुरा बुझिदिनुपऱ्यो। उसको आफ्नै सिद्धान्त र दृष्टिकोण छ। उसंग पैसा भए पनि व्यक्तिगत वा घरायसी खर्च गर्न मिल्दैन । विदेशीहरूले कुन कामको निमित्त दिएका छन, त्यसैको निंति मात्र त्यसको प्रयोग हुनुपर्छ भन्ने उसको भनाइ हो । सर्वांशमा यो कुरा ठीक पनि छ।''

उमाले फेरि आफ्नो पिताजीलाई भनिन् – छोरी कस्ती कंजूस रहिछ भनेरचाहिं नभन्नुहोस् बुवा ! मलाई यति समर्थ तुल्याइदिएको बुवाले नै हो । आमाको बुवाको स्वास्थ्यको निंति, भाइहरूको शिक्षा-व्यवस्थाको निंति केही गारो परे भन्नुहोला । म बाटो निकाल्छु ।''

यी सबै कुरा सुनिसकेपछि उमाको कान्छो भाइ लक्ष्मणले भन्यो– ''दिदी अन्तर्राष्ट्रिय स्वयंसेविकासंघको अध्यक्ष भएपछि त दिदीकै

पछि लागे पनि हाजीनाई पुग्छ । अन्त के जागिर खानुपऱ्यो ? होइन त दिदी!''

उनाले आंखीभौं बङ्ग्याएर, चकिएर लक्ष्मणलाई भनिन्– ''पढ् पढ् पहिले राम्रोसंग । आजैदेखि जागिर खाने कुरा गर्छ । पहिले यो पढेकै भएन । अलि अलि अंग्रेजी त सिक्नैपर्छ, तर संस्कृत नपढी हुंदै हुंदैन । मैले अंग्रेजीतर्फ बि.ए. गरेको ज्ञानले विदेशमा गएर हांक्न सकेकी हुं र ? संस्कृतको त्यही शास्त्रीसंमको अध्ययनले मलाई यति उठाइदियो । विदेशीहरूलाई केही दिएर आउन पाएँ । आफ्नो राष्ट्रको, राजाको इज्जत बढाएर आएँ । अंग्रेजीमा त तीन ओटा एम्.ए. गरेर पनि तं मेरो काम गरेर आउन सक्तैनस् । समाजलाई, जीवलाई जगत्लाई चिन्न चिनाउन संस्कृतकै अध्ययन चाहिन्छ बाबै ! अनि विदेशीलाई आफ्नो नयां कुरा दिन पाइन्छ । नत्र के दिदीको पछि लाग्नु ? अरू लठ्याङ्ग्रा नेपालीहरू विदेश गएजस्तो, संस्कृत पढनु छैन, आफूलाई र आफ्नो राष्ट्रलाई चिनाउनेसंमको योग्यता छैन, आफ्नो राष्ट्रको गौरव र गरिमाको विषयमा फुट्टी ज्ञान छैन । दृष्टि, दर्शन, सभ्यता, भेष, खानपान सबै विदेशीको नकल गऱ्यो, विदेशीले उनीहरूको गौरव बढाउन लेखेको इतिहास पढ्यो, केही विशेषता नबुझेर विदेशीले आएर गरेजस्तो, आफ्नो मुलुककोचाहिं केवल प्राकृतिक दृश्यको वर्णन गऱ्यो, विकासको निति भनेर पैसा माग्यो, त्यही पनि यहां आएर लप्पन छप्पन पाऱ्यो । पेटभरि खायो बंगूर जस्तो मोटायो ! यस्तो भुत्ते नेपाली भएरचाहिं मेरो पछि लाग्न पाइन्न बाबै! आफ्नो देशको बोझ भएर पुगेन, विदेशको फेरि किन बोझ हुन पुग्ने ?''

अनि नारीको घडी हेरेर उनाले फेरि भनिन्– ''लौ चार पनि

बजिसकेछ । म त गइहाल्छु । घरसंम पुन्याइदे लक्ष्मण ।"

आमाचाहिले भनित्- "बस् न बस् । आज यहां एक रात बस्ता के भइहाल्ला त, बस् "।

उमा- "केही भइहाल्ला भन्ने कुराले होइन । विदा मागेर आइन, अनि के बसूं !"

११

साढे तीन महिनाको लामो विदेशभ्रमणपछि उमा आज संगठनको कार्यालयमा आइपुगिन् । उनलाई भेट्न कार्यसमितिका सदस्याहरूका अतिरिक्त अरू गण्य मान्य भद्र महिलाहरू समेत कार्यालयमा उपस्थित थिए। कुशल प्रश्नहरू र शिष्टाचारका केही वार्ताहरू भएपछि अरू बिदा भए। कार्यसमितिका सदस्याहरू मात्र बांकी भए। अनि सदस्या इन्दिरा अर्जेल र मीना वस्नेतहरूले उमासंग सोधे– 'यसपालिको यात्रा कस्तो भयो त अध्यक्षज्यू, सफल असफल !" ।

उमा– "तीन कुराबाट सफल भन्नैपर्‍यो ।

मीना– "कस्तो तीन कुरा अध्यक्षज्यू ! "

उमा– "पहिलो कुरा– संग लगेका सुनीता, मन्जु, ललिता र अरूलाई पनि कपालसम्म पनि नदुखीकन ल्याइपुर्‍याएं । दोस्रो कुरा– ती ती राष्ट्रहरूमा जुन जुन कुरा सुनाउन म गएकी थिएं, सुनाएं बुझाएं । अघि अघिका यात्राहरूमा जस्तै हाम्रो दृष्टि र दर्शनमा उनीहरूले चाख लिएकै अनुभव भयो। सबैतिर हाम्रो विचारको स्वागत भयो । यतै केही दिउन परेन । अन्तर्राष्ट्रिय स्व. से. स. का शाखा प्रशाखाहरू कैयौं राष्ट्रहरूमा खुलेर संघको सिद्धान्तको, लक्ष्यको प्रचारप्रसार

भइरहेको छ । तेस्रो कुरा-- संगठनको रचनात्मक पक्ष वृद्धाश्रम र विधवाश्रमको निमित्त हाम्रो संगठनको खातामा अमेरिकन डलर दश लाखभन्दा बढी नै जम्मा भइसकेको हुनुपर्छ । दश लाख मात्र हुंदा पनि नेपाली मुद्रा निकै धेरै हुन्छ । अब यसको राम्रो सदुपयोग हुने होभने ,तीन अंचलमा त खुलिसकेकै छ, बांकी अंचलहरू र केही जिल्लाहरूमा पनि वृद्धाश्रम र विधवाश्रमहरू खुल्न सक्छन् । त्यस कारण यात्रा सफलै भएको हो, मान्नैपर्छ ।''

मीना- ''दश लाख डलर भनेको सानो रकम हो ? अझ त्योभन्दा बढी नै होला'' भर्जी हुन्छ, महिलासंगठनको निमित्त ठूलो काम भयो अध्यक्षज्यू ! न भूतो न भविष्यति !,महिला संगठन त ज्यादै सफल भयो अध्यक्षज्यू, यस कामबाट !''

उमाले विषादपूर्ण मुद्रामा भनिन्- ''यस्ता कामबाट संगठन सफल भयो भन्न हुँदैन । यस्ता रचनात्मक काम,अर्थात् यस्ता आश्रम साश्रमहरू सहृदय कुनै एउटा सेठले पनि खोलिदिन्छ । यहां त नाम पनि कमाउन खोजने, भित्र भित्र व्यक्तिगत पैसै मात्र कमाउन खोजने,सेवाको दयाको भाव शून्य भएका मानिसहरूले काम गर्ने विडम्बना गरेकोले पो केही नभएको त ! जाबो दश लाख डलरको निति हामीले विदेशमा दांत डिच्याउन जानुपर्ने हो र? यहां छैनन् धनी सेठहरू ? राजनीतिक क्षेत्रका जम्मामाराहरू,व्यापारिक क्षेत्रका तस्करसम्राटहरू? भएर के गर्ने,हृदय रित्तो छ! त्यो कुरा छोडौं,संगठनको सफलताको प्रश्नलाई लिएर भन्छु- महिलाजातिको आत्मसंमान र स्वाभिमानको भावनामा धक्का दिने, कतिपय परंपरागत कुरीति र कुप्रथाहरू हटाउन सकियोभने र महिलाजातिको हितको लागि समाजमा कुनै क्रान्तिकारी भावनात्मक परिवर्तन ल्याउन सकियो-

भने बल्न संगठन सफल भयो भन्नुपर्छ । त्यति फिर, महिला संगठनको दशसूत्रीय मांग जबसम्म पूरा हुँदैन, काम गर्न भनैपर्दैन । यी मांग पूरा नहुने होभने महिला जातिको प्रतिष्ठा भन्ने कुरा केही रहनेछैन भनेर मैले उही बेलामा भनेकी होइन ? खै, आजसम्म एउटा मांग पनि पूरा भएको छैन । बिना संघर्ष पूरा होला भन्ने पनि मलाई लाग्दैन । अब त्यसनिम्ति संघर्ष अनिवार्य छ । नेपालमा महिला जातिको हितको निमित्त बलिदान हुन आंट गर्ने कुनै महिला रहेनछन् भन्ने कुराको विज्ञापन त संसारमा गर्नै भएन । यस कारण-'देहं वा पातयेयन्, कार्य वा साधयेयन्'- कि गरियो, कि मरियो ! निर्वाचन हुनेबित्तिकै मांग गरेको, अब अर्को निर्वाचनसमय आइसक्यो एउटा कुनै आश्वासन, निर्देशन, संकेत, चर्चा केही छ कतै ? श्री ५ को सरकारले यी मांगहरूको यसरी उपेक्षा गरेको जब म सम्झन्छु, यी मांगहरूको संबन्धमा संघर्ष गर्दै गर्दै मरूं, यस्तो राज्यमा बांच्न नपरोस् जस्तो मलाई लाग्छ मीना बहिनी ! हाम्रो व्यक्तिगत कुरा हो यो ? यो अधिराज्यभरिका महिला जातिको हितको, सम्मानको प्रश्न हो, संगठनको प्रतिष्ठाको प्रश्न हो । यसनिम्ति यही हप्तामा कार्यसमितिको बैठकबाट दुइ महीनाको अल्टिमेटम सरकारलाई दिने र त्यसभित्र पनि मांग पूरा नभए संघर्ष गर्ने भन्ने निर्णय गराइहाल्नुपर्यो । नत्र केको नाक लिएर अर्को निर्वाचनमा उम्मेदवार बन्नुहुन्छ ? जति अल्टिमेटम दिए पनि यो सरकारले मांग पूरा गर्दैन । संघर्ष त अनिवार्य छ, छ । क्लैब्यं मास्म गमः पार्थ !, युध्यस्व विगतज्वरः !"

विमला – " संघर्ष गर्दा पनि सरकारले मांगपूर्ति गरिदिएनभने के गर्ने अध्यक्षज्यू ! "

उमा – " त्यो सोच्ने काम हामीपछिका अरू नेपाली वीराङ्गना–हरूको । संघर्ष भनेको राष्ट्रको र बृहत् जनसमुदायको हितको निमित्त बलिदानको बाटो हो । " न्याय्यात् पथ : प्रविचलन्ति पदं न धीरा :" -- संघर्ष प्रारम्भ गरेपछि एक पाइलो पनि हट्नु हुंदैन । संघर्ष, संघर्ष भन्दैमा हामी त सांच्चै बलिदानको बाटोमा पुगिसक्यौं । अनि असफल भएको स्थितिमा सोच्ने त अरूको पो काम हुन्छ ! हामीले सोच्ने त कुरै आउँदैन !" ।

आफआफूमा यति कुरा हुंदै थियो, कार्यालयपरिचारिका भित्र पसी र उमाको हातमा एउटा पत्रखण्ड (स्लिप) दिई । " भित्र पठाइदे " -- भनेर उमाले परिचारिकालाई अह्राइन् र यता सदस्य–हरूलाई पनि भनिन् – " पत्रकारहरू आएका रहेछन्, तिनीहरूलाई पठाएपछि आफना संगठनका कुरा गरौंला " ।

यति भन्दैमा 'जाग्रत् नेपाल' र 'युगसन्देश' का दुइ जना प्रतिनिधिहरू भित्र पसे र नमस्कारको आदानप्रदान, कुशलप्रश्न आदि शिष्टाचार भइसकेपछि उनीहरूले उमासंग विदेशभ्रमणको अनुभवको संबन्धमा अन्तर्वार्ता लिन थाले । अन्तर्वार्ता यसप्रकार थियो-

प्र. – यहांको यात्रा सफल भयो भएन । भएको भए कुन रूपमा सफल भयो ?

उ. – म विभिन्न राष्ट्रका महिलाहरूलाई जुन प्रेरणा दिन गएकी थिएं, दिएर आएं । अहिले अमेरिका जस्तो महान् देशको न्यूयोर्क

शहरमा अन्तर्राष्ट्रिय स्वयंसेविकासंघको केन्द्रीय कार्यालय र अरू विभिन्न राष्ट्रहरूमा संघका शाखा उपशाखाहरू खुलेर संचालित भइरहेका समाचारहरू विदेशी समाचारपत्रहरूले दिइरहेका छन्। त्यसैले मेरो यात्रा पच्चीसै आना सफल भएको मैले संझेको छु।

प्र. – यहाँले पूर्वीय महिलाहरू र पाश्चात्य महिलाहरूमा के अन्तर पाउनुभयो ?

उ. – पूर्वीय महिलाहरू लज्जालाई मात्राभन्दा बढ्ता आभूषण मानेर बिग्रेका छन्भने, पाश्चात्य महिलाहरूचाहिं लज्जालाई शोभा र मर्यादाका रूपमा लिन मात्राभन्दा बढ्ता अस्वीकार गरेर बिग्रेका छन्। यी दुवैथरिमा मर्यादापालनको मात्रा कति हुनुपर्ने हो भन्ने कुराको ज्ञान भएन। त्यसैले दुवैथरिले महिलाको सार्थकतानिर्वहन गर्न सकेका छैनन्। अतः म भन्छु – यी दुवैथरिमा वास्तवमा कुनै अन्तर छैन। बाहिरी चालचलन र वेशभूषामा मात्र अन्तर हो।

प्र. – यहाँका राष्ट्रिय अन्तर्राष्ट्रिय दुवैथरि कार्यक्रम छन्, आफूलाई कुनचाहिंमा विशेष सफल भएको मान्नुहुन्छ ?

उ.– अन्तर्राष्ट्रिय कार्यक्रमको तुलनामा मेरो राष्ट्रिय कार्यक्रम कत्ति पनि सफल छैन। निर्वाचन संपन्न हुनासाथ संगठनले सरकारसंग दशसूत्रीय मांग गरेको, आजसम्म एउटा मांगको पनि पूर्ति भएको छैन। अहिलेको श्री ५ को सरकारले देशलाई स्वावलम्बी बनाउने, सामाजिक कुरीतिहरूको उन्मूलन गर्ने जस्ता व्यवस्थापक कार्यहरू गर्न चाहेकै छैन। यसले केवल तीनओटा काम गर्दछ– (१) येन केनप्रकारेण दैनिक प्रशासन, (२) व्यक्तिगत चिन्ता, (३) राजाको नेतृत्वको र व्यवस्थाको प्रशंसा। महिलासंगठन मात्र होइन, कुनै पनि संगठनको

महत्व र तात्पर्यको विचार यो श्री ५ को सरकारलाई छैन ।

प्र. — पूर्वीय धर्मसंस्कृतिमा आधारित आपना निर्देशनहरूबाट पाश्चात्य महिलाहरूमाथि कति प्रभाव परेको यहां ठान्नुहुन्छ ?

उ. – करेन्ट छैनभने स्विच खोल्दैमा बत्ती बल्दैन। प्राक्तन कर्मवश बीजरूपमा कसभित्र के संस्कार छ ? उन्मेष र प्रेरणाले त्यसैलाई जागरित र विकसित गरिदिने तात्विक नियम छ। दिएका संपूर्ण उन्मेष र प्रेरणाले कतै पाश्चात्य महिलाहरूमा पनि प्रभाव परेको मैले देखेकी छु, कतै पूर्वीय महिलाहरूमा पनि प्रभाव पर्दै नपरेको मैले देखेकी छु। प्रभाव पर्ने वा हृदयपरिवर्तन हुने भन्ने कुराहरू एकै हुन, ती सब प्राक्तन संस्कारमा निर्भर गर्छन्। महर्षि सुकरात र महात्मा टालसटायले हजारौंका हृदयलाई परिवर्तन गराउन सके। तर आफ्ना श्रीमतीहरूको हृदयपरिवर्तन गराउन सकेनन्।

प्र. – आजसम्म कति राष्ट्रहरूको भ्रमण गर्नुभयो ?

उ.– छब्बीस राष्ट्रको भ्रमण गरें।

प्र – अब तपाइंको तात्कालिक कार्यक्रम के छ ?

उ. – आफ्ना दशसूत्रीय मांगको पूर्तिको निमित्त संगठन अब सुस्तेजीका साथ सरकारसंग संघर्ष गर्दै छ। मेरो भनूं वा संगठनको भनूं तात्कालिक कार्यक्रम यही छ। यसको वारपार नभई हामी निर्वाचनमा भाग लिंदैनौं। यो ध्रुव सत्य छ- देहं वा पातयेयम्, कार्यं वा साधयेयम्!

यो अन्तर्वार्ता लिइसकेपछि पत्रकारहरूले विनयपूर्वक उमालाई भने – " समय नलिईकन आएर यहांको यत्रो अमूल्य समय लियौं।

यसनिमित्त क्षमाप्रार्थना गर्छौं र अब बिदा पनि हुन्छौं "।

उमा – "के को क्षमाप्रार्थना ? मेरो यतिका कुरा देशभरिका दिदीबहिनीहरूकहाँ पुऱ्याइदिनको निमित्त यत्रो कष्ट गरेर यहाँहरू पाल्नुभयो, यसनिमित्त बरु मैं यहाँहरूप्रति कृतज्ञता व्यक्त गर्दछु र साथै धन्यवाद पनि दिन्छु "।

उमाको अर्थपूर्ण वाणीबाट प्रभावित भएर धन्यवाद, धन्यवाद! भन्दै पत्रकारहरू निस्के। त्यसपछि उमाले फेरि विमलालाई भनिन् – "अब हाम्रा कुरा गरौं। मेरो आशय तपाइंले बुझ्नुभयो विमला बहिनी! त्यस संघर्षपछि पनि माँगपूर्ति भएनभने चाहिं त्यसनिमित्त चिन्ता नगर्नुहोस् – "हामीले सोच्न पर्दैन, सोच्नै पाउंदैनौं। मैले भनिसकें – "त्यो सोच्ने काम त हामीपछिका अरू नेपाली वीराङ्गनाहरूको! "

मीनाले विमलालाई रोक्दै भनिन् – 'संगठनको मांगपूर्तिको संबन्धमा संघर्ष गर्दा पनि असफल भए के गर्ने? भन्ने कुरा त्यो पछिको कुरा हो, के गर्नुपर्ला त्यो त्यसै बेला सोचौंला'। अध्यक्षज्यूसंग मेरो निवेदन त के भने – हजुरले मर्जी भएजस्तो हाम्रो दशसूत्रीय माँग पूरा नभए त अरू जति काम गरे पनि त्यो निष्प्राण नै हुन्छ। तर पचहत्तर जिल्लामा, आजसम्म सरकारले आंट्न नसकेको, वृद्धाआश्रम र विधवाआश्रम खोल्ने जस्तो बृहत्तम रचनात्मक काम गर्ने भनेर प्रचार गरिसकेपछि र कतिपय अंचलमा प्रारंभ पनि गरिसकेपछि त्यो काम पूरा गर्न साधन त जुटाइरहनैपर्‍यो। त्यही सन्दर्भमा विदेश घुमेर, कति तक्लीफ सहेर वरु लाख

उत्तर हजुरले ल्याइबक्सियो । त्यो नै ठूलो रकम हो । तर चान्सले त्यो भन्दा पनि धेरै ठूलो रकम यहीं जुट्ने भएको छ । संगठनले मुस्तेनीका साथ कामचाहिं गरिदिनुपर्छ । काम पनि एक महिलामाथि ज्यादै अन्याय परेको, संगठनले वारिसी गरिदिनैपर्ने भेहोराको छ । त्यसैनिति एउटी महिलाले हजुरसंग भेट्न खोजेकी भएर कुन बेला कार्यालयमा पाल्नुहुन्छ, समय मिलाइदिऊं भनेर बिहान हजुरको घरमा फोन गरेको, जति पटक गर्छु पूजामै भन्छन्, जति पटक गर्छु पूजामै भन्छन्, उसलाई समय दिन सकिन । आज विशेष केही काम भएर हो कि ! नत्र कति लामो पूजा हुंदोरहेछ हजुरको त ? " ।

उमा – " तपाइंहरूको भन्दा मेरो पूजा लामो हुनपरेन त ? "

मीना – " किन अध्यक्षज्यू ! सके, भ्याए हामीले पनि त लामै पूजा गरे हुन्छ नि । हजुरको मात्र लामो हुनुपर्ने मर्जी भएको कारण के हो ? बुझ्न सकिन " ।

उमाले हांस्तै भनिन्– "हाम्रो शास्त्रले स्त्रीहरूको निमित्त पतिभन्दा ठूलो कुनै पनि देवता छैनन् भनेको छ । पतिको राम्रोसंग सेवाशुश्रूषा गर्ने कर्तव्यपरायणा साध्वी स्त्रीसंग सबै देवता संधै सन्तुष्ट रहन्छन् । त्यस्ता पतिव्रता, शुश्रूषारत स्त्रीहरूले कुनै पनि धर्मकर्म, व्रतउपासना, तीर्थाटन र देवदर्शनहरू नगरे पनि कुनै प्रायश्चित्त छैन" । त्यसैले मेरो आशय हो– यहांहरूलाई त आफ्ना पतिको सेवा शुश्रूषा गरिरहनुभएकोले लामो पूजा नगरे पनि केही दोष लाग्दैन । मेरो त पतिदेव हुनुहुन्न । त्यसैले मैले लामो पूजा गर्नैपर्छ । "

मीना – " ए यो आशयले मर्जी भएको रहेछ । यस्ता शास्त्रका

कुरा त हामी के जानौं र !"

उमा – भैगयो, यी कुरा छोडौं। अघि भन्नुभएको करतो काम हो ?" ।

मीना - स्व. सेट विश्वेश्वरी प्रसाद अग्रवालकी कान्छी श्रीमती, नामचाहिं के हो, हामीले कान्छी अग्रवालनी भन्ने गरेका छौं। तिनलाई जेठी अग्रवालनीले अंश नदिएर ज्यादै अन्याय गरेकी हुनाले हजुरसंग भेट्न आएकी रहिछन् ।

उमा – " हो, यो केश कसले हो मलाई सुनाइसकेको छ। सेटजी परलोक भए। नौ दश अरबको संपत्ति छ। जेठी अग्रवालनी निःसन्तान छन्। सबै संपत्ति उनकै हातमा छ। दुइटा छोरा भएकी कान्छी अग्रवालनीलाई घरमा बसेकी नोकर्नी हो, दुइटा छोरा पनि स्व. सेठजीका होइनन्। अंशमा यिनीहरूको कुनै हक छैन भनेर जेठी अग्रवालनी एक पैसा पनि दिन्नन्। प्राण धान्नसंम पनि कान्छी अग्रवालनीजट्टिकालाई मागेर हिंड्नुपरेको छ, यही केस होइन ? "

मीना – " हजुरलाई राम्रैसंग, कसले हो, अवगत गराइदिसकेको रहेछ। अब कान्छी अग्रवालनीको भनाइ के छ भने – संगठनले मेरो अंश, पांच छ अरब जति होला, दिलाइदेओस् । हामी आमा छोरालाई एक एक कडोर अर्थात तीन कडोर देओस्। त्यसबाट केही काम गरेर हामी खान्छौं। अरू पैसा मेरो नाम रहने गरी संगठनले महिला जातिको कल्याण र उत्थानको लागि प्रयोग गरोस्। म आजै जस्तो गर्नुपर्ने हो, कागत गरिदिन्छु "।

उमा – ' यिनी अदालतमा किन गइनछन् ?

मीना – " उनका हितैषीहरूले के सल्लाह दिएछन् भने– पैसावालसंग मुद्दा गर्न केही लाग्दैन। आफनै भनेका वकीलबाट पनि झन नराम्रो धोका भएको देखिएको छ। न्याय पाउन गाह्रो छ। बरु अन्तको कामकारवाहीबाट बुझिसकिएको छ अहिलेको महिलासंगठनमा गएर अध्यक्ष उमाको शरण पर, निसाफ पाउंछ्यौ। होइनभने तिम्रो केही लाग्दैन। 'इन्साफ माग्न गोर्खा जानू' भनेका दिनहरू अब बितिसके" ।

उमा – "कस्तो अन्याय हो कि? यस्तो गरीब मुलुकमा व्यक्तिविशेषहरू यता धनी भएर बसेका छन्। अर्कोतिर निःसन्तान एउटी आइमाई दशआठ अरबकी मालिकनी भएर बस्ने, समान हक राख्ने अर्की आइमाईले चाहिं दुइटा छोरा भईकन पनि अंश नपाउने, अरु नातै नभएको, हकै नभएको भन्ने मिथ्या आरोपको समेत पात्र हुनुपर्ने, यस्तो स्पष्ट अन्याय देख्ता देख्तै पनि त्यसको निराकरण गर्न फेरी शक्ति नै लगाउनुपर्ने! कान्छी अग्रवाल्नीको नाम के हो?"

मीना – "सरस्वती अग्रवाल हो भनेजस्तो लाग्छ। हामीचाहिं कान्छी अग्रवाल्नी नै भन्ने गर्छौं" ।

उमा – लौ त, निवेदन दिइहाल्नू भन्नुहोस्। तर मैले भनेको किसिमबाट मात्र। नत्र म यो केसमा हातै हाल्दिन। अन्तबाट उनी आस गर्दिनन्भने र मेरो निर्देशनमा पनि चल्दिनन् भने पछि उनलाई झन गाह्रो पर्ला। त्यो के भने — संगठनले अन्यायको विरुद्ध काम गर्छ। तर पैसाको निमित्त, उनले दशै अरब दिए पनि काम गर्दैन। त्यस कारण पैसाको नाम कतै, कहिल्यै लिनु हुंदैन। संगठनले पैसाको लोभले, चाहे जतिसुकै राम्रो कामको निमित्त

होस् , काम गर्न थाल्योभने संगठनको पनि बदनाम हुन थाल्छ । उसंग पात्रता भन्ने कुनै कुरा रहँदैन । पछि गएर पैसा नहुनेले संगठनबाट न्यायको आशा पनि गर्नुनपर्ने हुँदै जान्छ । संगठनले उनलाई अंश दिलाइदिन सक्योभने, त्यसको दुइचार, पाँचसात महीनापछि संगठनको कुनै समारोहको दिनमा कृतज्ञतास्वरूप उनले जति दिने प्रतिज्ञा गरेकी हुन् , देलिन् । संगठनले पाउला र संगठनको तर्फबाट उनको ठूलो प्रशंसा पनि होला , अवश्य हुन्छ पनि । यो कुरालाई उनले मन्त्र जस्तै गरी संझिदिनुपर्छ, भनिदिनुहोला । निवेदन परेपछि कार्यक्रम बनाउँला यो काम संगठनकै हो । महिला जातिमा पर्न आएको र परिरहन सक्ने अन्यायको यो केस हो । पहिले निवेदन परोस् । अनि कार्यसमितिबाट यो केसमाथि संगठनले पूरापूर आफ्नो हात राख्नेछ भनेर निर्णय गराउनुपर्छ र अनि जे गर्नुपर्ने हो , गर्न थाल्नुपर्छ, गरौंला ।

अग्रवालनीको केसको विषयमा यस्तो मौखिक निर्णय गरेर उमा घर गईन् । कान्छी अग्रवालनीलाई निवेदन दिनू भन्ने खबर पनि गयो । तर के कारणले हो, उनको निवेदनचाहिं संगठनमा झट्ट परिहालेन । तर कान्छी अग्रवालनीको केसमा संगठनले वारिसी गर्ने कुरा कताबाट चुहियो , संगठनको कार्यालयबाट नयां सडक पीपलबोट , नयां सडक पीपलबोटबाट काठमाडौं उपत्यका , काठमाडौं उपत्यकाबाट काली-मेची सर्वत्र फैलियो । सबको मुखबाट एउटै उद्गार निस्कन थाल्यो — " अग्रवालका टुहुरा छोराहरूले पनि इन्साफ पाउने भए । तिनीहरूको पनि दिन फिर्ने भयो "

जिल्लाजिल्लाका अशक्त, वृद्धा , मरणासन्ना महिलाको त

पहलेदेखि पहिलेदेखिकै उद्गार गर्दै थियो - " हामीजस्ता अ
वृद्धा महिलाहरूको भाग्यविधाता उमा भन्ने निरकेपी छन् रे । कि
जिल्लामा हामीजस्ता वृद्धा र विधवाहरूको निति आश्रम खोल्दै छि
छन् रे । हाम्रो जिल्लामा कहिले आइपुग्ने हुन् ? उनी नआ
आफू त मरिसकिन्छ होला । त्यस्ती धर्मात्मा लक्ष्मीको त अनुहार
मात्रै पाए पनि धर्म लाग्थ्यो । के गर्नें र जाऊँ भने आफ्नो गोडा लाग्
उमाको संबन्धमा उसै त यस्ता उद्गार थिए । अग्रवाल्नीको कु
यो हल्लाले त उमाप्रतिको श्रद्धा आस्थालाई बढाउनसम्म झन् बढाइ
आजकल सबै नेतृवृन्द निदाएजस्तो , थाकेजस्तो , मूर्छाए
भएर कसैको पनि कुनै क्रियाशीलता बाहिर नदेखिएको बखत, त्यस्त
विक्रान्त कदमहरू , त्यो पनि एउटी महिलाको ! जुद्धसडक पीप
वरिपरि त अरू के कुराको चर्चा हुनु थियो र ? घट्कुटीप्रभातन्
घुमीफिरी उही उमाको कुरा विभिन्न भङ्गीमा ! एउटा सोध्तै
अघि अघिका महिलासंगठनका अध्यक्षका कानमा हीराका टप , न
हिराका फुली , बनारसी सारी , विदेशीको नक्कल गरेर क
झुण्ड्याउने एउटा व्याग , मोटरको सवारी , मंत्रीहरूसंगको हिम
माथि माथिका वजेटसेट र रैरकमका कुरा , लाटागाँडा महिल
माथि धाकधाक ! , घरभित्रिङ्गका नयाँ नयाँ व्यवस्था, यस्तै अ
चहलपहल थिए । अहिलेकी अध्यक्ष उमाले चाहिं भण्डिन्छ बह
बुनेको स्वदेशी सारी , ढाकाको खास्टो , छालामुत्ताकाखनिाको
निधारमा सेतो टीका , मसिना सन्तोष लिएकी छन् । हीराको त
छोडौं । सुनको नाकसंग पनि उनलाई अघि देखि नै मन पर्दैनथ्यो

त्यस्ता गहना र लुगाले होइन, सादाजीवन, सादा भेष, र उच्च विचार र कामले विश्वमा नै उनले आफूलाई चिनाइन्।

अर्कीले परिहासको भङ्गीमा भन्छ – "अहिलेको अध्यक्ष उमाले विदेशमा गएर आफूलाई साथ चिनाउन सकिन् के. दह्ता गर्न सकिन् र ? ......

यस्ता अनेक भङ्गीबाट उमाकै चर्चा, महिलासंगठनकै चर्चा, अग्रवाल्नीको मुद्दाकै चर्चा जताततै। यसको परिणाम हो – बुधवारको दिन बिहान आठ बजे एउटा नयाँ जीप आएर उमाको घरको चोकमा अडियो। नयाँ प्राइभेट जीपमा एउटी ५५ – ५६ वर्षकी महिला मोटरबाट ओर्लेर उक्लिई। नयाँ जीपमा आएकी हुनाले र मारवाडनीकै भेष र अनुहार भएकोले पनि बेखर्नेबिलिकै जेठी अग्रवाल्नी नै होलिन् भनेर लख काटिन् र उमाले भित्र बोलाइन्। परस्पर परिचय भयो, नमस्कार पनि। उमाले अग्रवाल्नीका सबै कुरा सुनिन्। अन्तमा जेठी अग्रवाल्नीले एकान्तमा उमालाई भनिन्– "उनीहरूतीन आमाछोरालाई र हजुरलाई पचास पचास लाख, त्यो दुइ करोड र संगठनलाई आठ करोड जम्मा दश करोड रुपियाँ टक्र्याउँछु। हजुरले मिलाए मिल्छ। निवेदन लिएर कारबाही चलाउनेतर्फ हजुर नलागिबक्सियोस्। होइन, निवेदन लिएर हल्लाखल्ला गर्ने होभने, आखिर हजुरले पनि अदालतमै पुर्याउने हो, त्यसरी दुःख पाउने, बेइज्जत हुने र अदालतसंग पुगेर मोलाहिजा नै गर्नुपर्ने होभने मैले यसको दश खण्डको एक खण्ड खर्च गरे पुग्छ, मलाई केही छैन। नोक्सान त्यसैलाई हुन्छ। मैले हार्नेचाहिं पर्दैन वकीलहरू छन्"।

उमा – "हुन्छ, तपाईंकी सौता आइछन्भने मिलनको निति

तपाइंको संचार म उनलाई दिउंला। यहांसम दुःख गरेर आउनुभयो ! तर न संगठनलाई, न मलाई तपाइंको एक पैसा पनि चाहिंदैन। त्यो-चाहिं कुरै नगर्नुहोला"।

"संचार मात्र दिएर भएन हजुर ! करै गरेर त्यसलाई मिलाइदिनुपर्‍यो"।

"नौ दश अरबको संपत्तिमा पचास पचास लाख लिएर मिल भनेरचाहिं म भन्न पनि सक्तिन। यस्तो कुरालाई मैले भने पनि उनी मान्दिनन् जस्तो लाग्छ।"

अग्रवाल्नी – "भैगयो, म हजुरलाई एक कडोर नै टक्रयाउंछु। बिन्ती छ - हजुरले त्यसलाई संझाइदिनुपर्‍यो"।

उमा – "मसंग यस्ता कुरा गर्दै नगर्नुहोस् अग्रवाल्नीजी !"।

अग्रवाल्नी – "त्यसमाथि थप बागबजारको एउटा बिल्डिङ्ग नै टक्रयाउँछु हजुरलाई। निगाह होस् मिलाइदिबक्सियोस्।"

उमाले हांस्तै भनिन्– "म अरूजस्तो भेंडाच्याङ्ग्रा होइन, मोलमोलाइ भइरहन। म एउटी विधवा आइमाईलाई के चाहिन्छ ? टाउको छिराउने एउटा कोठा भए मेरो निति सिंहदरबार हुन्छ। त्यस्तो बिल्डिङ्ग किन चाहियो ? त्यति मात्र होइन, तपाइंको सर्वस्व दिए पनि मलाई चाहिंदैन। संगठनलाई पनि चाहिंदैन। किनभने अन्यायको पक्ष लिएर संगठनलाई धनी बनाइरहन मलाई खांचो पनि छैन। संगठनलाई घूसखोर तुल्याएर त्यसरी दूषित तुल्याउनु कर्तव्य पनि होइन। त्यति कुरा किन ? हिजोको विदेशी समाचार सुन्नुभएन ? ज्वालामुखी फुटेर कति जना मरे ? हाम्रो यहाँ पनि स्वयम्भूनेर जमीनभित्र ज्वालामुखी छ भन्छन्, कहिले फुट्ने हो, फुट्योभने त्यसै गरी मरिन्छ। अनि मर्दा त्यो

संपत्ति संगै लान सक्नुहुन्छ ? लान सकिन भए, तपाइंलाई चाहिंदो राखिदिएर तपाईंको श्रीमान्ले नै कतिथरि कृत्य गरेर कमाएको ! त्यो संपत्ति स्वयं लगिहाल्नुहुन्थ्यो नि । त्यसैले अन्याय नगर्नुहोस् । कसलाई कति दिनुपर्छ दिनुहोस्, जानुहोस् । आज मैले पूजा गर्न पाएकी छैन । समय नलिइदिनुहोस् । अरू केही सेवा छभने भन्नुहोस्, कार्यालयैमा आउनुहोस् । यहाँसम्म किन दुःख !" ।

अग्रवालनी- भोलि अफिस पाल्नुहुन्छ ?

उमा- "भोलि बिहीवार, किन जान्नथें, जान्छु"

१२

धनको मदमा, शक्तिमा भ्रष्ट कर्मचारीहरू, सचिवहरू र मंत्रीहरू समेतलाई च्याम्पटी खेलाए झैं खेलाउन सफल भएको तस्कर व्यापारीको जहानले कहिल्यै आदर्शको यस्तो लात चाख्नुपरेको थिएन। आज उनलाई यो अचम्म लाग्यो कि–"पैसालाई माटैबराबर ठान्ने उमाजस्ता मानिस पनि यस दुनियांमा सांच्चै हुंदा रहेछन्"। उमाले कतो शिक्षा दिइन्। तर त्यो सब– पयःपानं भुजङ्गानां केवलं विषवर्धनम्"– भयो के लाग्यो! अग्रवाल्नीलाई त्यस्ता आदर्शका कुराले के प्रभाव पर्थ्यो? उल्टो क्रोधले नागिनी भएर प्रतिक्रियाको निति अनेक कुरा उनी सोच्न थालिन्!

यता सोलिपल्ट उमा कार्यविशेषले कार्यालयमा जान सकिनन्। पर्सिपल्ट बिहीवारका दिन बार बजे कार्यालयमा पुगिन्। पुगेको एकै छिनपछि कार्यालयपरिचारिका आएर खबर गरी–"सचिव (अरुणा श्रेष्ठ) बिरामी हुनुभयो, आउन सक्नुहुन्न रे।"

त्यो सुन्नेबित्तिकै उमाले सचिवलाई फोन गरिन्– "तपाईंलाई के भयो?"।

"मुटुको धडकन बढ्छ, पसिना आउँछ, रिंगटा लाग्छ— यस्तो भइराखेको छ ।"

मैले के सहयोग गर्नुपर्‍यो तपाइंलाई, अहिले म आऊं ? "

"अहिले त म डाक्टरकहाँ जाँदै छु अध्यक्षज्यू ! बरु यो दक्षिणपट्टि साँझतिर भाइको आफ्नो मोटर छ , ऊ आफैं हाँक्छ, हजुरलाई लिन म बहिनीहरू पठाउँछु । त्यहाँ अहिले हजुरसंग अरू कोही छ ? "

"कोही छैन म एक्लै छु "

"अरु कुराले होइन, औषधी गर्न नपुगेर पाँच छ सय रुपियाँ निवेदन गरूं कि भनेर, दश पन्ध्र दिनलाई मात्र "

"हुन्छ हुन्छ, म लिएर आउँछु "

सचिव— "त्यसै भएर, आफ्नाआफ्नो कुरा अरूलाई किन थाह दिनु ? मेरा बहिनीहरू नै लिन पनि जान्छन्, पुर्‍याउन पनि जान्छन्, भैहाल्छ । अरु कसैलाई साथी ल्याउनुपर्दैन । त्यो लिने बेलामा यताकालाई पनि म उठाइदिउँला "

"हुन्छ, हुन्छ "

यति भनेर उनाले फोन राखिन् । एक्कै छिनपछि का. समिति-का सदस्यहरू आइपुगे । त्यो दिन कार्यालयमा खास खास काम केही थिएन । पहिले नै सचिव अरुणा श्रेष्ठ बिरामी भएर कार्यालयमा नआएकी भन्ने कुराको चर्चा चल्यो । साथ साथै गफको सिलसिलामा भगवतीको केसमा अध्यक्ष उनाले सचिव अरुणा श्रेष्ठउपर गरेको अविश्वासको कुरा समेत उधिनियो । त्यस प्रसङ्गलाई लिएर उनाले सोधिन्— "उसो भए त्यो कुरा हाम्रो सचिवलाई थाहै पनि नहुँदै भइरहे-को छ ? "

इन्दिरा– "आमै यति खड्किएकी थियो कि तागतले भेटे तिनीहरूको समूहले हजुरलाई के गर्थे, के गर्दैनथे उ वेलाको कुराचाहिं। अहिले त केही चर्चा नै छैन त्यसको!"

त्यही धारमा कुरा थप्तै विमलाले भनिन्– "त्यही वेलाको कुरा गर्छु म। हजुरलाई केही गर्न सक्ने बाटो देखेको भए दुइ चार लाख खर्च पनि गर्थे, त्यति जलेका थिए!"

राजेश्वरी जोशी– " खास भनूंभने उसलाई सानो चार्ज पनि त होइन नि! अध्यक्षको अविश्वासको अर्थ हो– संगठनको अविश्वास। संगठनकै विश्वास लिन नसकेकीले संगठनभित्र किन बस्ने? संगठनको अविश्वासले त यस कुरालाई प्रमाणित गर्छ कि "उनी महिलाजातिको हितको प्रतिकूल काम गर्छिन्। साँच्चै ईर्वी लिने र शक्ति पनि भएकी मानिस भए केही गर्थिन्।"

अञ्जना राणा– "अरुणाले यस कुरालाई लिएर ज्यादै चित्त दुखाएकी रहिछ। उसको भनाइ यो रहेछ– मैले सासूबुहारीको, ससुराबुहारीको झगडामा संगठनले फस्न हुंदैन, त्यसरी फस्न थाल्ने होभने संगठनलाई आपनो काम गर्ने फुर्सत पनि रहँदैन। संगठनको बदनाम पनि हुन्छ भनेर अध्यक्षज्यूसंग मैले भनेकी हुँ। आपनो नातेदारको घरको कुरा भनेर त्यसो भनेकी पनि होइन। मेरो नातेदार नभए पनि त्यही कुरा भन्थें, आज पनि म त्यसै भन्छु। यो नीतिगत कुरा हो। बचाउन मैले भनें भन्ने कुरा त झन् निराधार हो। मैले भनेको वेलासम्म के खूनकाण्ड भइसकेको थियो र? त्यो काण्डै नभइसकेको वेलामा कसलाई बचाउन भनेंहुँला त? साधारण समझदारी भएको मानिसले

पनि बुझ्ने कुरालाई अध्यक्षज्यू बुझ्नुहुन्न ? जब बुझ्नुहुन्छ नै भने म-माथि फेरि केको अविश्वास त ? । मेरो चित्तदुखाइ यत्ति कुरामा हो'' । उसले भनेको कुरा पनि त एक किसिमले ठीकै होइन त अध्यक्षज्यू !

राजेश्वरी जोशी– '' यति बीज पनि हुनु, आफू पनि पर पर हुँदै जानु यस्तो भए तनाव बढ्दै जान्थ्यो, त्यसो नभएकोले अब यो कुरा बिर्सिइदै जान्छ । बिर्सनु पनि पर्छ '' ।

उमा– ''तपाइंले भनेको कुरा ठीक हो, आफूले स्नेहसौहार्दको व्यवहार छोड्न हुन्न, अनि यस्ता कुरा हराउँदै जान्छ । होइन त ?''

ठीक हो अध्यक्षज्यू ! - राजेश्वरी, इन्दिरा, बिमला सबले भने ।

यस्ता धेरै कुरा भइसकेपछि उमाले भनिन्– ''आज यहाँ विशेष काम छैन । बरु विदेशतिर पठाउन चार पाँचओटा चिठी लेख्नु थियो । घरमा गएर आज त्यो काम छिन्नुपर्‍यो, म जाउँ है'' ।

यति भनेर उमा उठिन् । '' आज म पनि जान्छु '' भनेर अञ्जना राणा पनि उमासंगै निस्किन् । दुवै गइसकेपछि इन्दिराले राजेश्वरीलाई भनिन्-- ''अञ्जनाले हाम्रा कुरा काटेर अरुणा श्रेष्ठ-लाई ढाकछोप गरिन्, देख्नुभयो ?''

राजेश्वरी– ''अध्यक्षज्यू नउठेको भए निर्वाचनमा उनैको जित्ने संभावना थियो । अध्यक्षज्यू उठ्ने भएपछि र आफ्नो जित्ने संभावना पनि नदेखेपछि अध्यक्ष पदको लागि नउठेर सदस्यताको लागि मात्र उनले उठ्नुपरेकोले अहिलेसम्म पनि अञ्जनालाई खड्किरहेको छ । त्यसैले अध्यक्षज्यूको हितको विपरीत जो जान्छ, उनले संधै त्यसैको

पक्ष लिएकी हुन्छिन् । हिजो राति हाम्रो सचिव र यिनी मिलेर जेठी अग्रवाल्नीकहाँ गएका छन् । यो कुराको सुराक मैले पाइसकेकी छु । अध्यक्षज्यू कान्छी अग्रवाल्नीतिर, यिनीहरू जेठी अग्रवाल्नीतिर ! महिलासंगठनका नेत्रीहरू नै महिलाहरूको निमित्त न्याय खोज्छन् कि अन्याय खोज्छन् ? देखिदै छ !

इन्दिरा, राजेश्वरी, विमलाहरूले यस्तै आफ्ना संगठन भित्रका कुरा गर्दा गर्दै समय गएको थाहै पाएनन् । पछिबाट घडी हेर्दा पो पाँच बजिसकेछ । लौ जाऔं भनेर सबै एकैचोटि कार्यालयबाट निस्के र आफ-आफ्नो घरतिर लागे । उता उमाले गएर आफ्ना समसिद्धान्त, समविचारका विदेशी सहयोगिनीहरू, संघका शाखाप्रशाखाहरूका अध्यक्षहरू, कार्यकर्त्रीहरूलाई चिठी लेख्ता लेख्तै सन्ध्याले कालो झाँको फिजाई । अनि उमाले बत्ती बालिन् र आफ्ना स्वामीको प्रतिमालाई, तस्वीरलाई, अरू देवदेवीका तस्वीरहरूलाई र स्व. राजाहरूका तस्वीरहरूलाई प्रणाम गरिन् । यत्तिकैमा चोकनेर गल्लीमा मोटरको हर्न बज्यो । उनले झट्ट सचिव अलगालाई संझिन् र जुरुक्क उठेर झ्यालबाट हेरिन् । ड्राइभरले मोटरबाट निस्केर भन्यो– "हजुरको सचिवका बहिनीहरू हजुरलाई लिन आउनुभएको छ ।"

ड्राइभरले त्यसो भन्नेवित्तिकै मोटरबाट निस्केर दुइटी केटीले माथि झ्यालमा उमातिर फर्केर भने– "दिदीले तुरुन्त लिएर आउनू भनेर हजुरलाई लिन पठाउनुभएको ! वहाँलाई निकै नै सन्चो छैन । हामी यही मोटरमा हजुरलाई पुऱ्याउन ल्याउँछौं । अबेला भइसकेको छ । हामी माथि आउँदैनौं" ।

उमा— "हुन्छ हुन्छ, म आइहालें "

"गोप्य तवरसंग पैसा लिन्छु भन्छे, पुऱ्याउन यिनीहरू आउने भइहाले"- यस्तो विचार गरेर उमाले बाहिर निस्कन ठिक्क भएर सासूसंग गएर भनिन्- "कार्यालयकी सचिव बिरामी छन्, लिन आएका रहेछन्, म एक्कै छिन पुगेर आउँछु " ।

"को जान्छ त संगै ? "

"लिन उसकै बहिनीहरू आएका छन्, भरे पुऱ्याउन पनि आउँछन् । मोटर उसकै भाइको, आफै हाँकेर आइरहेको छ । म पुगेर तुरुन्त नै आइहाल्छु । राति धेरै बेर किन बस्थें र !

"लौ त, उनीहरू नै पुऱ्याउन आउँछन्भने "

सासूसंग यसरी बिदा मागेर उमा घरबाट निस्किन् । उनलाई देख्नेवित्तिकै मोटरको ढोका खुल्यो । उमाले एक पटक मोटरभित्र हेरिन् । दुइटी केटीलाई देख्नेवित्तिकै उनी मोटरभित्र पसि पनि हालिन् । उनी पस्न बेर न मोटर हाँक्न बेर ! मोटर रक्तकालीतिर लाग्यो । नरदेवीबाट क्षेत्रपाटी जाने मूल सडकमा पुग्नुअघि कसले फाल्यो, नाकमा एउटा रुमाल झ्याप्प लागेको थियो, त्यसपछि उमालाई उनकै सारा चेतनाले यसरी छोडिदियो उनलाई कुनै कुराको पनि ज्ञान भएन- उनी कहां जान घरबाट निस्किन्, मोटर कता जाँदै छ, उनलाई कुन स्थितिमा कता पुऱ्याइँदै छ ? "

१३

"एक्कै छिन पुगेर आइहाल्छु, राति धेरै बेर म किन बस्थें र ?" भनेर साँझ सात बजे घरबाट निस्केकी उमा राति साढे दशबजेसम्म पनि नफर्कंदा ' बिरामीको अवस्था त्यस्तै रहेछ, कतै पुऱ्याउनुपर्‍यो भने बिलम्ब पनि हुन सक्छ'' यस्ता कुरा पनि उमाको घरमा चल्यो। अर्कोतिर यस्तो अवस्था छ, म छिटो आउनपाइन भनेर फोनसम्म पनि नगर्दा के कुरा हो ? भनेर सकसक पनि लाग्यो ! त्यसैले एघार पनि बजिसकेपछि घरका सबैको सल्लाहबाट देवर गोपालले सचिव अरुणा श्रेष्ठको घरमा फोन गरे। एक पटक त फोनै उठेन। अर्को पटक फोन गर्दा सचिव अरुणा श्रेष्ठले नै फोन उठाइन् र सोधिन्– 'को हुनुहुन्छ ?"।

गोपालले भन्यो– " अध्यक्ष उमाको घरबाट म गोपाल बोल्दैछु"।

"म अरुणा श्रेष्ठ बोलिरहेकी छु– किन गोपाल बाबु ?"।

"भाउज्यू अहिलेसम्म किन आउनुभएन भनेर फोन गरेको"।

"अध्यक्षज्यू कहाँ पाल्नुभएको ?"

"सात बजे साँझमा यहाँकहाँ नै जान्छु भनेर जानुभएको"।

"यहाँ त आउनुभएकै छैन, म कहाँ आउने कुरा किन भयो होला ? "

' यहाँ बिरामी हुनुभयो भनेर लिन आएका थिए"

"होइन, मलाई केही भएको छैन। रुघा लागेर आज कार्यालयमा आउन्न यतिसंग फोनमा परिचारिकासंग भनेकी हुं। अरू त्यस्तो बिरामी त म भएको छैन। अध्यक्षज्यू मकहाँ आउनुभएको पनि छैन"।

"ए ! भैगयो त त्यसो भए ! "

यसपछि गोपालले आफ्नी आमा र बुबासंग भन्यो- भाउज्यूलाई त कसले कहाँ लिएर गयो ? भाउज्यू सचिवकहाँ पुग्नु नै भएको छैन। सचिव बिरामी भनेको, त्यो पनि होइन। आश्चर्यको, शङ्कालाग्दो षडयन्त्र पो भएजस्तो छ यहाँ त ! "

गोपालकी आमाले कालो मुख लगाएर आत्तिएको स्वरमा भनिन्- "लौ न के भयो ? कस्कसले आएर लगे त ? आफ्ना भनेका साथमा कोही छैनन्"।

गोपालले भन्यो- " उनीहरू नै पुऱ्याउन आउंछन् भनेको पनि सब जाली कुरा रहेछ ! "

गोपालकी आमा- ' लौ न के गर्ने ? "

गोपाल- "भाउज्यू माइतमा जानुभयोहोला त ? गएर बुझेर आऊं ?"

गोपालकी आमा- "गइहाल्नुपर्‍यो, बस्न भयो र ?"

धर्मप्रसाद- "पर्ख न, त्यसै आत्तिएर, कराएर के गर्ने ? राति

यो वेला उनको माइतमा गएर सोध्दा के भन्छन् ? त्यहाँ गएकी भए ठीकै छ, नगएकी भए त त्यहाँ पनि यहाँजस्तै भूँइचालो जान्छ। भोलि उज्यालो भएपछि त छर्लङ्ग भइहाल्छ। मैले यसो किन भनेको भने– मलाई लाग्छ, पच्चीसै आना उनी माइत गएकी छैनन्। घरमा बिदा नमागी,यहाँ जान्छु नभनी उनी कतै जान्नन्। विवाह गरेको यत्रो वर्ष भयो, माइत भनेर एक रात गएर बसेकी छैनन्। तर आज यो कस्तो रहस्यको कुरा पऱ्यो, केही बुझिएन। निद्रा त आज लाग्नेन अब। तर यस्तो राति कता जाने अहिले ?"

गोपालकी आमा– "मान्छें, त्यसमाथि पनि त्यस्ती बुहारी हराउँदा खलबल पर्छ भने पर्छ त। माइतमा गएर सोधे के भइहाल्ला त ? त्यस्ती बुहारी हराउँदा केको मनले ओछ्यानमा लम्पसार परेर सुत्ने त ?"

भाउज्यूप्रतिको ममता छँदै थियो, त्यसमाथि पनि आमाको आग्रह ! त्यसैले आमाको आग्रह र आकाँक्षालाई बल दिँदै गोपालले भन्यो– "यति वेला भइसक्यो, ढुंगो लगाऔं न। म गएर आऊं त ?"

धर्मप्रसादजीले भने– "हुँदैन, यो राति कता जाने ? नराम्रै शङ्का गर्नें होभने जे हुनु भइ नै सक्यो। राम्रै कुरा छभने भोलि उज्यालो भइहाल्छ, बुझिहालिन्छ। आफूकहाँ त यस्तो चिन्ता पऱ्यो, फेरि अरूलाई पनि चिन्ता पार्न कता जाने यतिखेर ?"

गोपालको कान्छो भाइ श्याम कालो मुख लगाएर अगाडि आएर उभिइरहेको थियो। धर्मप्रसादजीले भने- "यो अघि नै सुतेको

मान्छे किन उठेर आएको ?"

गोपालकी आमाले श्यामलाई भनिन्- "जा, सुत् जा, गइहाल्। भाउज्यू आइहाल्छे नि, कहाँ गएकी होली र माइतमा त होली नि, भोलि आउँछे। जा गइहाल् "।

श्याम उठेर गएपछि गोपालकी आमाले भनिन्- " यो सुत्दा यो खलबल चलिसकेको छ। अनि त्यसलाई निद्रा लाग्छ ? बरु मै हराएकी भए केही ठान्दैनथे। भाउज्यू भनेपछि त ज्यानै दिन्छन् यी सबैले। त्यस्ती भाउज्यू संसारमा कसले पाएको छ र, त्यति नगरून् त ! मेरो करले गएको मात्र हो, त्यो आज सुत्नै सक्तैन। होइन. त्यसको मात्र कुरा भएन। के गर्ने त अब ?"

धर्मप्रसाद- " म त गएँ कोठामा अब। रातभरिलाई गर्ने कुरा केही पनि छैन। गोपाल पनि गएर सुत् आफ्नो कोठातिर !"

'नराम्रै शङ्का गर्ने होभने' भनेर बुवाले भन्नुभयो। नराम्रै शङ्का भनेको के के हुन सक्ने हुन्छ बुवा !"- गोपालले सुकेको ओठ जिएर सोध्यो।

धर्मप्रसादले भने- 'शङ्का गर्ने कुरा धेरै हुन्छ। कारण- ज्यादै ठूलो आकांक्षा भएकी,लोकोलर व्यक्तित्व बन्दै गएकी मान्छे,ज्यादै छिटो उठी। यति उठी कि विश्वमै विख्यात भएर उठी। समाज यही हो। अनि के के ! फर्कन सक्ने थिति भए त्यो नफर्किने कतै हुन्छ ? कतै-बाट फोनसम्म पनि गर्दिन ? के भन्ने अब !"

यसो भनेर धर्मप्रसादजी आफ्नो कोठातिर लागे। गोपाल पनि दिक्क भएर कोठाभित्र पस्यो। धर्मप्रसादकी श्रीमती पनि जति चिन्ता

परे पनि कता जाऊन् ? कोठाभित्र पसिन् । निद्रा लाग्ने कुरा थिएन। कहिले आफू कुरा कोट्याउँछिन्, कहिले धर्मप्रसादजी नै छटपटाएर कुरा झिक्छन् यसो गर्दा गर्दै रात छर्लङ्ग बित्यो । बिहान मिर्मिर उज्यालो हुने वेलामा पाँचै मिनेट धर्मप्रसादजीको आँखा लागेछ। त्यसै वेला उठेर श्रीमतीचाहिँले गोपाललाई गएर भनिन्-..जा वसन्तलाई भेट्न गएजस्तो गरेर पुगेर आइज !"

रातभर नसुतेको पीरो आँखा मिच्तै गोपाल साइकल झिकेर दाडिहाल्यो । उत्नीखेरै व्यूँझेर धर्मप्रसादजीले गोपाललाई बोलाए। श्रीमतीले जवाफ दिइन्- "गोपाल त गइसक्यो भाउज्यूको माइत" ।

धर्मप्रसाद- "ए भैगयो, मैले पनि त्यहीं पठाउन बोलाएको हुं । गइसकेको भए भैगयो ।"

"हाम्रो त के कुरा गरौ । तर यी केटाकेटीहरूको त ठूलै अभाग हो, के भयो होला, कसले कहां लग्योहोला ?–" यस्तो नानाथरि तर्कना गरेर धर्मप्रसादजी किंकर्तव्यविमूढ भएर बसेका थिए। उनको चुरोट खाने आदत थियो । बिहान उठेर एउटा चुरोट खान्थे। अनि दश साढे दशतिर खाना खाएर अर्को चुरोट खान्थे । यो उनको दैनिक नियम नै थियो । त्यो दिन एउटा चुरोट खाइसकेपछि त्यसैको ठुटोमा अर्को चुरोट फेरि त्यसको ठुटोमा अर्को चुरोट सल्काएर उनी खाइरहेका थिए। यसरी आफूबाट नियमभङ्ग भएकोमा उनले यसलाई केही संझेका थिए-नन् । किनकि उनको हृदयमा अरू विचार अटाउने ठाउँ नै थिएन । केवल उनाको संझना, त्यसैको वेदना, त्यसै निति तर्कना ! हृदयमा अरू कुरा थिएन । उनकी श्रीमतीले चाहिं धारामा गएर नुहाइन् । लुगा फेरिन् ।

पूजाकोठाभित्र पसेर लिपपोत गर्न थालिन् । त्यतिबेरमै गोपाल आइपुगिहाल्यो । गोपाल आएको थाह पाएर धर्मप्रसादकी श्रीमतीले तल ओर्लेर गोपाललाई बोलाएर सोधिन्– "तं त छिटै आइस् नि त । भाउज्यूको माइतमा पुगिनस् ?"

गोपालको आँखाबाट बलीन्द्रधारा आँसू चुहिरहेको थियो । गोपाल आमालाई जवाफ दिन खोज्छ, भक्कानो छुटेर आउँछ, घाँटी मस्केर आउँछ, बोल्नै सक्तैन । केही बेरपछि रुमालले आँखाको आँसू पुछ्तै, स्वरै बिगारेर, डाँको छोड्दै, पटक्कै नबुझिने गरी भन्यो– "जानै परेन, बाटैमा थाह पाएँ" ।

त्यो सुन्नेबित्तिकै आमाचाहिँले स्वरै बिगारेर, आत्तिएर भनिन्– "लौ न के भयो भन्या हो, अलि बुझिनेगरी भन् न !"

गोपालले रूँदै कराएर भन्यो– "जानै परेन भन्या, बाटैमा थाह पाएँ– "मेरी आमा ! हामीलाई छोडेर गयौ !"

अनि हँसले नै ठाउँ छोडेजस्ती भएर आत्तिएर उनले भनिन्– "लौ न, के भएछ भन् न !"

अनि आत्तिएर उनले श्यामलाई बोलाएर भनिन्– "बुबालाई बोला श्याम, छिटो बोला" ।

श्रीमतीले कराएर भनेको कुरा आफै सुनेर धर्मप्रसादजी उनीहरू भएको ठाउँमा आइपुगे । त्यसपछि डांको छोडेर रूँदै श्रीमतीले धर्मप्रसादजीलाई भनिन्– "लौ न, के भइसकेको हो बुन्नुहोस् न । गोपाल के भन्छ के भन्छ !"

गोपालले फेरि डांको छोड्दै भन्यो- "भाउज्यूको माइतमा जानै परेन । बाटामानै थाह पाएँ । भाउज्यूलाई त टुकुचाको पुलमुन्तिर

फालिराख्या छ हेर्नें मानिसको ठूलो हूल छ ! मैले त हेर्नै सकिन ।"

भन्दाभन्दै झन् चर्को डाँको छोडेर रूँदै गोपालले भन्यो-"हामीलाई छोडेर गयौ आमा !, छोडेर गयौ !"

त्यो सुनेपछि धर्मप्रसादकी श्रीमती पनि डाँको छोडेर रून थालिन् श्याम रून थाल्यो । धर्मप्रसादजीले पनि आँसु रोक्न सकेनन् । घरभरी शोक र विषादको आर्तचित्कार भयो । धेरै बेरपछि धैर्य लिएर बलात् आफूलाई सम्हालेर धर्मप्रसादजीले भने- "आफ्नी आमा बित्ता पनि यति चिन्ता लागेको थिएन । यो सबैको अभाग हो । राष्ट्रकै अभाग हो । तर अब रोइरहेर के गर्ने ? गोपाल !"

त्यो सुनेर पनि गोपाल र श्यामले रोएको रोयै गरिरहे । धर्मप्रसादकी श्रीमतीको त झन् कुरै भएन । अनि फेरि धैर्य लिएर धर्मप्रसादजीले भने- "यसरी रोइरहेर के गर्ने गोपाल ! लक्ष्मी आएर घरमा बसेकी थिई, निस्केर गई । अब के के अनिष्ट के के उत्पात आइलाग्ने हो । त्यसतर्फ पो सजग हुनुपर्‍यो ! त्यसै भएर मानिस आत्मारामलाई छिटो बोलाएर आइज । उनी वकील भएकोले यस्तो पर्दा के गर्नुपर्छ जान्दछन् । हामीलाई कानून थाह भइरहेन । अब गर्नुपर्ने विधि मिलेनभने यो सबै काण्ड हामीले नै गरेको गराएको पनि हुन आउँछ । त्यसै भएर बोलाएर ल्याइहाल । हामीले उजुर गर्न जानुपर्ने हो कि होइन । होभने कस्तो भाकामा उजुरी दिनुपर्ने हो, यस्ता कुरा पो बुझ्नुपर्‍यो अब त । रोएर के काम छ र । झन बिवात पर्ला गइहाल् ।"

यता रेडियोले भनिसकेको थिएन । गोरखापत्रलगायत पत्रिकाहरू-

ले लेखिसकेका थिएनन् । साक्षात् देवीकै अंश, लक्ष्मीकै अंश आएजस्ती ठान्ने स्वाभिमानिनी, आत्मसंमानशालिनी, वीराङ्गना अध्यक्ष उमाकै सम्बन्धको कुरा भएर होला, परमविवेकशाली वायुदेवबाट नै यति छिटो यस दुःखद समाचारको प्रचारप्रसार भयो कि– दुइचार घण्टाकै बीचमा काठमाडौं उपत्यकाका सम्पूर्ण जनताले थाह पाईकन व्यक्तिगत शोक मनाइसकेका थिए र परस्पर दुःख प्रकट गरिसकेका थिए । अनि त्यसै दिन दिउँसो दुई बजे जब श्री ५ महाराजाधिराज सरकारबाट उमाको हृदयविदारक त्यस निधन प्रति निगाहसाथ बक्सेको चिन्ताको अभिव्यक्तिलाई नेपालरेडियोले प्राथमिकता दिएर प्रसारित गर्‍यो । त्यस पछि अधिराज्यभरि नै शोक र चिन्ताको लहर फैलियो । कसैले अतिशयोक्ति नसम्झियून् ! नेपालराष्ट्रका साधुवृत्त सचेत महिलाहरूमध्ये त्यो दिन नरुने कोही थिएन । राजधानीस्थित विदेशी कूटनीतिक नियोगहरू सबैका हार्दिक समवेदनाहरू गोरखापत्रहरूबाट प्रकाशित भए । यो दुःखद घटना घटेको कैयौं दिनसम्म विदेशी समाचारपत्रहरूका फ्रन्ट पेजहरूमा प्रमुखतया हृदयविदारक दुःखद यही समाचारले स्थान ओगटेको थियो । हृदयदाहक यस घटनाको सन्दर्भमा विदेशी पत्रपत्रिकाहरूबाट प्रकाशित समवेदनाका र शोकसभाका विवरणहरू मात्र एकत्रित गर्ने हो भने एउटा कोठा भरिन्थ्यो । नेपालभित्र आइपुगेका मात्र विदेशी समाचारपत्रहरूका अनुसार पनि उमाकै अध्यक्षतामा विश्वका कैयौं राष्ट्रहरूमा संचालित अन्तर्राष्ट्रिय स्वयंसेविकासंघका शाखाप्रशाखाहरूबाट मनाइएका शोकसभाहरूका अतिरिक्त अरू विभिन्न राष्ट्रहरूमा भएका शोकसभाहरूको संख्या छपन्न पुगेको थियो ।

अध्यक्ष उमाको यस्तो अमानवीय हत्या कुन नृशंस जनजीवन-

द्रोही तत्वबाट भयो ? यस सम्बन्धमा शङ्कै शङ्कामा संगठनकै कतिपय कार्यकर्त्रीहरूसमेत असंख्य व्यक्ति पक्रिए थुनिए, बयान गराइए ।

उक्त शोचनीय हत्या भएको तेह्रौं दिनका दिन सार्वजनिक शोकप्रदर्शनको लागि महिलासंगठनको आयोजनामा तथा पद्मकन्याक्याम्पसका प्रबुद्ध एवं जागरुक छात्रीहरुको सक्रियता एवं सहयोगमा राजधानीका शोकसन्तप्त महिलाहरूको विशाल अति विशाल जुलूसले (दिनको) दुइ बजेदेखि नगरपरिक्रमा गर्न लागेको थियो। उक्त जुलूस हेर्दा राजधानीका समस्त महिलावर्गले नै पूरापूरा भाग लिएको अनुमान बौद्धिक पर्यवेक्षक वर्गले गरेको थियो। त्यस जुलूसमा रुदारुँदै छिन छिनमा मूर्च्छा परिरहने भएकाले शोकविह्वल दुइटी महिलाको मात्र उपस्थिति थिएन– एक उमाकी सासूको, अर्की उमाकी आमाको ! टुंडीखेल खुला मञ्चमा पुगेर त्यो जुलूस आम-सभामा परिणत भएको थियो। आमसभा सकिएपछि पनि सहभागी सम्पूर्ण महिलाहरूलाई दिउँसोको जुलूसको त्यो उद्घोष आकाशमा प्रतिध्वनित भइरहेजस्तो भान भइरहेको थियो– "अध्यक्ष उमा जिन्दा-वाद ! क्रूर अर्थपिशाच हत्यारा र तिनका मतियारहरू मूर्दावाद !"।

के नेपाल, के अरू राष्ट्र सर्वत्र चिन्तक, पर्यवेक्षक, बुद्धि-जीवीहरूको दुःखद यस घटनाप्रति अर्थतः एउटै प्रतिक्रिया थियो– "विश्वकै महिला जातिको कल्याण र उन्नतिप्रगतिका साथै विश्व-शान्तिको लागि विक्रान्त सत्मार्गप्रदर्शन गर्ने एउटा सजीव ज्योति नेपालमा उदाएको थियो। अब त्यो अकालमै निभ्यो, सदाको निमित्त निभ्यो ! अध्यक्ष उमाको शोचनीय यस निधनबाट नेपाल राष्ट्रको मात्र होइन, विश्वकै अपूरणीय क्षति भएको छ, जसको पूर्ति भविष्यले पनि गर्न सक्छ वा सक्तैन, भन्न सकिँदैन"। जयतु संस्कृतम् ।

卐

साग्रह अनुरोध !

वर्तमान विश्वका समस्त राष्ट्रहरूका सामान्यत: बीस वर्षमाथिका र पचास वर्षमुनिका समस्त शिक्षित महिलाहरूलाई यो उपन्यास हेर्न र मनन गर्नको लागि म साग्रह अनुरोधै गर्दछु । किनभने तीमध्ये यस उपन्यासको आदर्शलाई कार्यान्वित गरेर विश्वशान्तिको प्राप्तिको लागि साँच्चै मार्गप्रदर्शिका बन्न सक्ने कसैकसैको उच्चतम भाग्य छ कि ? त्यसलाई अवसर नदिनु त हाम्रो अक्षम्य नै व्यतिक्रम हुन्छ !

पूर्णप्रसाद ब्राह्मण